# धानुक जातिको सामाजिक तथा आर्थिक अवस्था

( झापा जिल्ला अन्तर्गत गौरादह गा.वि.स.को एक अध्ययन )

त्रिभुवन विश्वविद्यालय,मानविकी तथा समाजिकशास्त्र संकायअन्तर्गत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आशिंक
आवश्यकता परिपूर्तिका लागि तयार पारिएको

**शोधपत्र**

प्रस्तुतकर्ता
निर्मला वोहरा
रोल नम्बर : ७४५
सिम्बल नम्बर :२८२७५८
रजिस्ट्रेसन नम्वर :६–१–२०६–३०–२००२

समाजशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

२०७३

त्रिभुवन विश्वविद्यालय

**समाजशास्त्र केन्द्रिय विभाग**

**विश्वविद्यालय क्याम्पस**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिश पत्र

त्रिभुवन विश्वविद्यालयद्वारा निर्धारित पाठ्यक्रम अनुसार समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त मेरो निर्देशनमा **निर्मला वोहरा** ले **"धानुक जातिको सामाजिक तथा** आर्थिक अवस्था **झापा जिल्ला अन्तर्गत गौरादह गा .वि .स .को एक अध्ययन"**शीर्षकको शोधपत्र तयार गरेको प्रमाणित गर्दै उक्त शोधपत्रको अन्तिम मूल्याङ्कनका लागि शोधपत्र मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मितिः ................................

........................................

सह. प्रा.डा सुरेन्द्र मिश्र

(शोध निर्देशक)

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रिय विभाग**
**विश्वविद्यालय क्याम्पस**
**कीर्तिपुर, काठमाडौं**

# स्वीकृती पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहका निम्ति **निर्मला वोहरा** द्वारा तयार पारिएको शोधपत्र **"धानुकजातिको सामाजिक तथा आर्थिक अवस्था झापा जिल्ला अन्तर्गत गौरादह गा.वि.स.को एक अध्ययन"** स्नातकोत्तर उपाधिका लागि उपयुक्त ठहरिएकाले स्वीकृती प्रदान गरिएको छ ।

<u>शोधपत्र मूल्याङ्कन समिति</u>

| | |
|---|---|
| विभागीय प्रमुख | प्रा.डा. तुल्सीराम पाण्डे |
| बाह्य निरीक्षक | डा. टिकाराम गौतम |
| शोध निर्देशक | सह. प्रा.डा सुरेन्द्र मिश्र |

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौं पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा.सुरेन्द्र मिश्र, को कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अघि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यवहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनुभएकोमा उहाँ प्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु ।
शोधपत्र तयार गर्ने कार्यमा आफ्ना विविध कार्य व्यस्ततालाई पर्वाह नगरी आफ्नो अमूल्य समय निकाली निर्देशन, सुझाउ तथा सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख तुल्सीराम पाण्डे ,सम्भू कट्टेल ,मिली जोशी एवम् सम्पूर्ण गुरुवर्ग तथा प्रस्तुत विषयमा शोधकार्य गर्ने अवसर जुटाउने समाजशास्त्र केन्द्रीय विभागप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु।

प्रस्तुत शोधपत्र तयार पार्दा आवश्यक सामग्री उपलब्ध गराइदिने त्रि.वि.केन्द्रीय पुस्तकालय, काठमाडौं प्रति हार्दिक आभार प्रकट गर्दछु । यसरी नै आर्थिक र व्यवहारिक समस्या सँग सङ्घर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई यस अवस्थामा ल्याइपुर्‍याउनुहुने पिता धुर्ब वोहरा तथा माता हेमा वोहरा र जीवनसाथी बिजय बिष्ट प्रति म आजीवन ऋणी छु । त्यसैगरी प्रस्तुत शोधकार्यमा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग गर्नुहुने साथीहरु राजविराज सप्तरीका निशु मण्डल, विभास मण्डल, विवेक मण्डल, मील्ली मण्डल र झापा दमकका सन्तोष मण्डल, प्रेम मण्डल त्यसैगरी धानुक समाजसँग सम्बन्धित व्यक्तिहरु रिभा, नितु, बद्रिलाई धेरै धेरै धन्यवाद छ । अन्त्यमा साथीहरु पारस बिष्ट,साहारा मगर,साजन बिष्ट, रिता दाहाल,अनिता शाह, कला बिष्ट, बर्षा बिष्ट लगायत सिराहा , धनगढीका विनोद मण्डल र गौरादहका गोपाल श्रेष्ठ प्रति आभार प्रकट गर्दछु । अन्त्यमा म यस शोधपत्रको मूल्याङ्कनका लागि त्रि.वि. समाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर समक्ष पेस गर्दछु ।

मितिः ........................

......................

( **निर्मला वोहरा**)

समाजशास्त्र केन्द्रीय विभाग

२०७३

# विषयसूची

**सिफारिस पत्र**
**स्वीकृति पत्र**
**कृतज्ञताज्ञापन**
**विषयसूची**


**अध्याय एक**

| | |
|---|---|
| परिचय | १ |
| १.१ अध्ययनको पृष्ठभूमि | ३ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्यहरू | ५ |
| १.४ अध्ययनको महत्व | १३ |
| १.५ अध्ययनको संगठन | १४ |
| अध्याय दुई | १४ |
| पूर्व-सामग्रीको पूनरावलोकन | १४ |
| अध्याय-तीन | १९ |
| अनुसन्धान पद्धति | १९ |
| ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य | १९ |
| ३.२ अध्ययन ढाँचा | २० |
| ३.३ तथ्याङ्कको स्रोत र प्रकृति | २० |
| ३.४ अध्ययनको समग्रता | २० |
| ३.५ तथ्याङ्क संकलन विधि | २१ |
| ३.५.१ प्राथमिक स्रोत | २१ |
| ३.५.१.१ अर्न्तवार्ता | २१ |
| ३.५.१.२ अवलोकन | २१ |
| ३.५.१.३ प्रमुख जानकार व्यक्तिहरूसँगको अर्न्तवार्ता | २२ |
| ३.५.२ द्वितीय स्रोत | २२ |
| ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या | २२ |
| ३.७ तथ्याङ्कहरूको विश्वसनीयता र प्रमाणिकता | २३ |
| **३.८ अध्ययनका सिमाहरू** | २४ |
| अध्याय - चार | २५ |
| अध्ययन क्षेत्रको सामान्य परिचय | २५ |
| ४.१ झापा जिल्ला | २५ |

४.१.१ भौगोलिक अवस्थामा २५
४ गौरादह गा.वि.स. २८
४.२.१ हावापानी २८
४.२.२ नदीनाला २९
४.२.३ वनजंगल/वन्यजन्तु २९
४.४ जात/जातिको आधारमा जनसंख्या ३१
४.५ भाषागत आधारमा जनसंख्या ३२
४.६ धर्मको आधारमा जनसंख्या ३३
४.७ उद्योग र व्यापार ३४
४.८ स्वास्थ्य, खानेपानी तथा सरसफाई ३४
४.१० पर्यटकीय स्थलहरू ३५
४.११ धार्मिक स्थल ३६

**अध्याय - पाँच** ३७

**सामाजिक-सांस्कृतिक अवस्था** ३७
५.१ धानुक जातिको परिचय ३७
५.२ जनसंख्या ४०
५.२.१ जनसंख्याको लिङ्गगत विवरण ४१
५.३ परिवारको किसिम ४२
५.४ घरको वनावट ४३
५.५ शिक्षा ४४
५.६ परिवार नियोजन ४६
५.७ स्वास्थ्य ४७
५.८ महिलाको स्थिति ४८
५.९ सम्पत्तिको हक ४९
५.१० भेषभूषा ४९
५.११ भाषा ५०
५.१२ पूर्वज ५०
५.१३ कुलदेवता ५१
५.१४ खानपान ५१
५.१५ धार्मिक अन्धविश्वास ५१
५.१६ माइनजनप्रथा ५२
५.१७ शारीरिक लक्षण तथा स्वभाव ५२
५.१८ सामाजिक संगठन तथा राजनीति ५३
५.१९ अतिथि सत्कार ५३
५.२० धर्म र देवी देवताहरू ५४
५.२१ घर सिगार्ने चित्रहरू ५५
५.२२ भाँडाकुँडा तथा हातहतियार ५५
५.२३ जडीबुटी तथा औषधि उपचार ५६
५.२४ विवाह संस्कार ५७

५.२४.१ मागी विवाह ५७
५.२४.२ प्रेम विवाह ५७
५.२४.३ विधवा विवाह ५८
५.२४.४ सट्टापट्टा विवाह (गोलट) ५८
५.२४.५ अन्य विवाह ५८
५.२४.६ वैवाहिक उमेर ५८
५.२४.६.१ तीलक ५९
५.२४.६.२ मटकोर ५९
५.२४.६.३ आमवौह विवाह ६०
५.२४.६.४ तिलकाउ/निरीक्षण ६०
५.२४.६.५ जन्तीको स्वागत ६०
५.२४.६.६ गोरलग्गी ६०
५.२४.६.७ परीक्षण ६१
५.२४.६.८ स्वयम्वर ६१
५.२४.६.९ कन्यादान ६१
५.२४.६.१० सिन्दूरदान ६१
५.२४.६.११ कोहवर घर ६२
५.२४.६.१२ जन्ती विदाई ६२
५.२४.६.१३ बेहुली पर्छने ६२
५.२५ जन्मसंस्कार ६२
५.२५.१ छठियार ६३
५.२५.२ न्वारन (नमधर्नी) ६३
५.३ सांस्कृतिक अवस्था ६३
५.३.१ गरगहना ६४
५.३.३ मनोरञ्जन ६४
५.३.४ सामा खेल ६५
५.३.५ जाट जाटिक नाच ६५
५.३.७ अष्टजाम ६६
५.३.८ झिझिँया खेल ६६
५.४ चाडपर्व ६६
५.४.१ नववर्ष ६७
५.४.२ कृष्णजन्मअष्टमी ६७
५.४.३ भाद्र चौथी ६८
५.४.४ जितिया ६८
५.४.५ विजयादशमी ६९
५.४.६ दिपावली ६९
५.४.७ माघे सङ्क्रान्ति ७०
५.४.९ साउने घडी ७०
५.४.१० नाग पञ्चमी ७०
५.४.११ रक्षा बन्धन ७०
५.४.१२ छैठ ७०

५.४.१३ डिहीवारको पूजा ७२
५.५ नातेदारी व्यवस्था ७२
५.६ मृत्यु संस्कार ७३

**अध्याय -छ** ७५
६.१ धानुक जातीको शैक्षिक अवस्था ७५

६.१.३ गौरादह गा.वि.स.को शैक्षिक अवस्था ७८

६.२ धानुकको **आर्थिक अवस्था** ७९
६.२.१ भू-स्वामित्व ८०
६.२.२ भू-स्वामित्वको प्रकार ८१
६.२.३ उत्पादनको स्थिति ८२
६.२.४ खाद्यान्नको पर्याप्तता ८३
६.२.५ आम्दानीको स्रोत ८४
६.२.६ पशुपालन विवरण ८५
६.२.७ कृषि तथा अन्य पेशाबाट हुने वार्षिक आयको स्थिति ८६
६.२.८ ऋणको अवस्था ८७
६.२.९ वार्षिक खर्चको विवरण ८८
६.२.१० वैकल्पिक रोजगारीको स्थिति ९०
६.२.११ धाानुक जातिहरुमा समसामायिक पक्षमा भएका परिवर्तनहरुः ९०
६.२.१२.१.सामाजिक परिवर्तन : ९१
६.२.१२.२ सास्कृतिक परिवर्तन : ९२
६.२.१२.३.आर्थिक परिवर्तन : ९२
६.२.१२.४. शैक्षिक परिवर्तन : ९३

**अध्याय-सात** ९४

**सारांश तथा निष्कर्ष** ९४
७.१ सारांश ९४
७.२ निष्कर्ष : ९७

**सन्दर्भसामग्री सूची**

*अनुसूची*

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल भु-खण्डमा मानव बसोबास अति प्राचिन कालदेखिनै अर्थात् शिकारी युगको प्रारम्भिक कालदेखि नै रहँदै आएको थियो भन्ने तथ्यहरू पुरातात्विक अन्वेशषणबाट बाहिर आइरहेका छन् । विभिन्न देशमा आदिमकाल देखि बसोबासित मानिसलाई आदिवासी मूलवासी आदीमजाति, जनजाति आदि भनेर सम्बोधन गरिन्छ । जसको भाषा, संस्कृति, रीतिरीवाज पुर्णत : फरक हुन्छ । – (सुब्बा, २०५६ : ६२)

नेपालमा बसोबास गर्ने विभिन्न जात-जातिहरूलाई नेपाल सरकारले आदीबासी/ जनजाति घोषित गरेर नेपालको संविधानको दफा २ को खण्ड (क) सँग सम्बन्धित गरेर ५९ जात-जातिलाई जनजातिको सूचीमा राखेर वि.सं. २०५८-१०-२५ गतेमा आदिवासी/ जनजाति राष्ट्रिय प्रतिष्ठान व्यवस्था ऐन २०५८ समेत लागु गरेको छ (आदिवासी/जनजाति सम्बन्धी व्यवस्था, राष्ट्रिय योजना आयोग, २०५८) जसमा धानुकलाई अति सिमान्तिकृत जनजाति मानिएको छ । यो एक अल्पसंख्यक जनजातिय समूह हो । सन् २०६८ को जनगणनाअनुसार पूर्व मेची नदीदेखि पश्चिम गण्डकी नदीसम्म तथा महाभारत पर्वतदेखि गंगा नदीसम्म धानुकको बसोबास रहेको छ । नेपालको पूर्व झापादेखि पश्चिम तराईका जिल्लाहरू र वैतडीमा समेत धानुक जनजातिको बसोबास रहेको छ । यिनीहरूको कुल जनसंख्या ३८,०८००० रहेको छ । त्यसमध्ये पुरुषको संख्या १८५३८० र महिलाको संख्या १९५४२० रहेको छ । चुच्चो र चेप्टो नाक, चेप्टो अनुहार, गहुँगोरो वर्ण, कालो खस्रो कपाल, वर्तुलाकार शिर, करीब-करीब मंगोलसँग मेल खाने अनुहार भएको यस जातिको शारीरिक वनावट र सामाजिक संरचना थारुसँग मेल खाने किसिमको छ।(–केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

धानुकहरूमा मण्डल, चौधरी, महतो, सदा, धानुक, धनकर, डी.सी. (धानुक क्षेत्री) आदि प्रचलित थरहरू छन् । सिरोट, मगहिया, दुधवार, राजवंशी र सुर गरी ५ वटा शाखामा विभाजित धानुक जातिको सँगोत्री जातिहरूमा कुर्मी, केवट, अमात लगायत गनगाई समेत छन् । यिनीहरूको प्राचीन भाषाको अहिले सम्म पहिचान हुन सकेको छैन । धानुकहरूले मैथिली, अवधि, भोजपुरी, नेपाली र बसाई-सराई सँगै ग्रहण गरेका

भाषाहरू बोल्ने गर्दछन् ।वर्तमानमा यो जातिको मानिसहरू नेपालका काठमाडौँ लगायत पूर्व झापा देखि पश्चिम तराईका बारा, पर्सा लगायतका जिल्लामा बसोबास गर्दछन् । -(धानुक दर्पण, २०६८)

धानुक जातिका मानिसले साधारणतया खानपानमा दालभात, माछा, मासु, घुघनी मुरी खाने गर्दछन् । धानुक जात भारतको राजस्थानको धनिया गाउँबाट नेपाल आएको भन्ने भनाई छ , तापनि यिनीहरूको सम्बन्धमा अहिलेसम्म किटानीका साथ भन्न सकिएको छैन । यिनीहरूले परम्परादेखि धानखेतीमा बढी रुचाउने हुनाले पनि यिनीहरूलाई धानुक भनिएको हुनसक्छ । धानुकहरूले खुला कपडा अर्थात लुंगी, धोती, गम्छा, भोटो, लंगुटी, आदि लगाउँछन् । महिलाहरूले सेतो धोती, ब्लाउज र पेटीकोट लगाउने गर्दछन् । धानुक जातिले लगाउने आभूषणमा निधारमा विन्दिया, शिरविन्दी, कानमा कर्णफूल, नाकमा नथ्थी घाटीमा हंसुली, हार, तुलसीको गेडाको माला, पैसाको माला आदीको प्रयोग गर्दछन् । – (हाम्रो सम्पदा, २०७१,मंसिर १२)

साधारण कृषि पेशा अपनाएर बसोबास गर्ने यो जातिमा पितृसतात्मक पारिवारीक संरचना हुने तथा परिवारमा छोराको बढी महत्व राख्ने देखिन्छ । समग्रमा हेर्दा सामान्य आर्थिक अवस्था भएका यी जातिका मानिसहरू हिन्दु धर्मबाट प्रभावित भएको देखिन्छ । –(गोरखापत्र,२०७२, पुष ९, पृ. ख)

यी जातिका मुख्य कुल देवताहरूमा गोरैया, धर्मराज, विषहरा, काली, बन्दी, गोरैया, मिरा आदि हुन् (धानुक दर्पण, २०६८,चैत्र ८,) । परम्परागत सामाजिक प्रणालीमा रहेको धानुक जातिका मानिसमा शिक्षा र राजनीतिक चेतना बढ्दै गएकोले सामाजिक परिवर्तन हुँदै आएको देखिन्छ । सन् १९६२ को मुलुकी ऐनले जात-जाति बीचको मानवता विरोधी कानुनी भेदको अन्त्य गरेपनि वास्तविक व्यवहारमा जात-जातिबीच सामाजिक, राजनैतिक आर्थिक र सांस्कृतिक असमानता अझै गहिरो छ । मानविय विकासका विभिन्न आयामहरूमा पनि जात-जातिबीचको ठूलो असमानता छ। – (नेपाल मानविय विकास प्रतिवेदन, १९९८ : ४) । हाल आफ्नो विकास, भाषा, संस्कार, संस्कृति आदि समग्र पक्षको संरक्षण गर्न र समाजमा आफ्नो गुम्न लागेको

पहिचानलाई जोगाउन यस जातिले नेपाल धानुक (मण्डल) समाज नामक संस्था गठन गरी आफ्नो जातिय संगठनको विस्तार र सांस्कृतिक संरक्षण  गर्ने प्रयास गरेको पाइन्छ । त्यस्तै यसका सगोत्री जातहरू धानुक, कुर्मी, केवट, अमातलाई विकासका मूल धारमा ल्याउनको निम्ति डिक्का (२०५५) जस्ता संस्था खडा भैसकेको अवस्थामा यसका निकटतम मानिने गन्गाई जातलाई समेत यसका छाताभित्र ल्याउने प्रयास जारी छ ।

मेची अञ्चल तथा नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा रहेको झापा जिल्लामा समेत धानुकहरूको बसोबास छ ।झापाको जम्मा जनसंख्या ८१,२६५० मध्ये धानुकको जनसंख्या २२,१३८ रहेको छ ।जस मा पुरुष ११,२१० र महिला १०,९२८ रहेको छ । यस जिल्ला अन्तर्गत उत्तरी पूर्वी छेउमा अवस्थित किस्ने खोला गौडिया खोला, रतुवा खोला, लाल पैनी खोला परिचित गौरादह गा.वि.स.को कुल जनसंख्या ४७३९३ रहेको छ । त्यसमध्ये धानुकहरूको जनसंख्या १८२ रहेको छ जसमा पुरुष ९५ र महिला ८७ रहेको छ । -(केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

## १.२ समस्याको कथन

उद्गमका हिसाबले नेपालमा मुलतः मंगोल, आर्य, आष्ट्रिक, द्रविड गरी चार मानव शाखाहरू रहेका छन् (न्यौपाने, २०५७ : २) । हिमाली, पहाडी, भित्रीमधेश र तराई आदि क्षेत्रमा बसोबास गर्ने नेपालका विविध जात-जातिमध्ये ५९ जात-जातिहरू जनजातिको रूपमा सुचीकृत गरिएको छ । – (वर्ष २०, अङ्क ११, भाद्र, अन्तर्राष्ट्रिय मञ्ँच) । यो कार्य आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले गर्दछ । साथै यस संस्थाले केही वर्षदेखि आदिवासी/जनजातिको बारेमा आवाज उठाइरहेको छ, यतिबेला आदिवासी/जनजातिले नयाँ बन्ने संविधानमा आफ्नो हक, अधिकारलाई सुरक्षित राख्नको लागि संघ, संगठन मार्फत संगठित भइरहेका छन् ।

नेपालको पूर्वाञ्चल विकासक्षेत्र अन्तर्गत झापा जिल्लामा बह्रामण ,क्षेत्री,राई, लामा, मगर,राजबंशी,ताजपरीया,यादव, थारु, तेली, मुसहर, धानुक, दनुवार आदि

जनजाति रहेका छन् । धानुक झापा जिल्लाको आदिमकालीन र पुरानो बसोबास बनाई बसेका जात हुन् । (जानकार ४५ बर्षिय जनक मण्डल) यस जातिको आफ्नै विशिष्ट संस्कार, संस्कृति, भाषा, जीवनपद्धति छन् । आफ्ना पुराना मूल्य मान्यता जातिय ज्ञान, कौशलताको निरन्तर संरक्षण र सम्बर्धन गरिरहेको भए तापनि यस जातिको बारेमा समाजशास्त्रीय रूपले अध्ययन भएको देखिदैन । केहि छिटफुट रूपमा यस जातिको बारेमा अध्ययन भएपनि समग्र पक्षको विश्लेषण नभई रहेको अवस्था छ । स्वदेशी तथा विदेशी शोधकर्ताहरूले पनि यस जातिको बारेमा खासै अनुसन्धान गर्न पहल गरेको देखिदैन । तसर्थ झापा जिल्लाको अति सिमान्तीकृत जनजाति भएको भएपनि यिनीहरूको ऐतिहासिक पक्ष, सामाजिक पक्ष, आर्थिक पक्ष, सामाजिक संगठन, अन्य जातिसँगको सम्बन्ध, राजनैतिक स्थिति, शैक्षिक स्थिति, जीवन प्रणाली, सामाजिक पहिचान आदिका बारेमा पर्याप्त जानकारी बौद्धिक जगतमा भएको छैन । त्यसैले यी भिन्न पक्षका बारेमा वृहत खोजका साथै नेपालको विकासमा यस जातिको भूमिका आदि क्षेत्रमा यो अध्ययन अनुसन्धान केन्द्रित गरिएको छ । त्यसैले यस अध्ययनले निम्न प्रश्नको उत्तर खोज्ने प्रयत्न गरेको छ ।

- धानुक जातिको उत्पत्ति र विकास, कहाँबाट भयो ?
- धानुकहरूको सामाजिक, आर्थिक अवस्था कस्तो छ ?
- धानुक जातिका मानिसको, राजनैतिक, शैक्षिक,सांस्कृतिक स्थिति कस्तो छ ?
- धानुक जातिको घरको आकार, प्रकार, बसोबासको प्रक्रिया कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्यहरू

यो शोधको समग्र उद्देश्य धानुक जनजातिको सम्पूर्ण जातिय अध्ययन गर्नु हो । विशिष्ट रूपमा हेर्दा यस अध्ययन तथा अनुसन्धानको उद्देश्य झापा जिल्ला गौरादह गा.वि.स.मा बसोबास गर्ने धानुक जनजातिमा देखिएको सामाजिक, आर्थिक, शैक्षिक एवं सांस्कृतिक पक्षको विश्लेषण गर्नु हो । यस अध्ययनका निम्न उद्देश्यहरू छन् ।

- गौरादह गा.वि.स.मा रहेको धानुक जातिको सामाजिक, शैक्षिक सांस्कृतिक एवं आर्थिक प्रणालीहरूको (पारीवारिक संरचना, विवाह प्रणाली, शैक्षिक धार्मिक तथा सांस्कृतिक अवस्था, आर्थिक अवस्था ,आम्दानी र खर्चका स्रोतहरू, पेशा, व्यवसाय, शिक्षा, स्वास्थ्य) विस्तृत खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व

नेपाल विविध जात-जातिले भरिएको मुलुक भएको परिप्रेक्ष्यमा यहाँ हरेक जात-जातिहरूमा विल्कुलै फरक किसिमका संस्कार, संस्कृति र परम्परा विद्यमान छ । एक जाति बीच विद्यमान संस्कारको विषयमा अर्को जातिलाई कुनै जानकारी नहुने यथार्थ समेत हामी कहाँ रहेको देखिन्छ। । (अधिकारी, २०७२/१/२६, गोरखापत्र) तथापि यहाँ बसोबास गर्ने धेरै जात-जातिका विविध पक्षका बारेमा समय-समयमा विभिन्न मानवशास्त्री र इतिहासकारहरूले अध्ययन अनुसन्धान गरेका छन् । तर झापा जिल्लामा लामो समयदेखि बसोबास गर्ने धानुक जातिको बारेमा हालसम्म पनि समाजशास्त्रीय रूपले अध्ययन अनुसन्धान नभएको र यस जातिका विविध पक्षको व्यापक र स्पष्ट रूपमा अध्ययन अनुसन्धानको आवश्यकतालाई महसुस गरी स्नातकोत्तर तहको समाजशास्त्र विषयको आंशिक आवश्यकता पूरा गर्न शोधपत्रको रूपमा अध्ययन अनुसन्धान गर्ने उद्देश्य राखिएको छ । यस अध्ययनका निम्न महत्वहरू छन् ।

- हालसम्म धानुक जातिको बारेमा अध्ययन अनुसन्धान नभएकोले भविष्यमा यस जातिको बारेमा अध्ययन गर्न चाहने अनुसन्धानकर्तालाई सन्दर्भ सामग्री प्राप्त हुनेछ ।

- धानुक जातिको सामाजिक, शैक्षिक ,आर्थिक ,मौलिक संस्कृतिको ज्ञान प्राप्त हुनेछ ।

- धानुक जातिको अध्ययनले धानुक जातिको इतिहास, भाषा, धर्म, संस्कार, संस्कृति, सामाजिक, आर्थिक, शैक्षिक रहन-सहन, भेष-भूषाका बारेमा आधारभूत जानकारी प्राप्त गर्न सजिलो पार्नेछ ।
- राष्ट्रियस्तरका विभिन्न योजना तर्जुमा गर्न तथा यस जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक, आर्थिक पक्षको अध्ययन गरी उनीहरूका समुदायमा विद्यमान विविध सामाजिक, सांस्कृतिक मूल्य मान्यतासँग एकाकार हुने योजना तर्जुमा गरी विकास निर्माणमा उनीहरूको जनसहभागिता जुटाउनमा सहयोग पुग्नेछ ।
- तुलनात्मक अध्ययन गर्न मद्दत मिल्नेछ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई आठ अध्यायमा विभाजन गरिएको छ । प्रथम अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको संगठन राखिएको छ । दोस्रो अध्यायमा पूर्व-साहित्यहरूको पूनरावलोकन राखिएको छ । अध्याय तेस्रोमा अनुसन्धानपद्धति, अनुसन्धानको ढाँचा, तथ्याङ्कको स्रोत र किसिमहरू, तथ्याङ्क संकलनका विधिहरू अध्ययनका सिमाहरू आदि राखिएको छ । अध्याय चौथोमा अध्ययन क्षेत्रको चिनारी राख्दै छोटकरीमा विवरण प्रस्तुत गरिएको छ । पाँचौ अध्यायमा  गौरादह गा.वि.स. मा बसोबास गर्ने धानुक जातिहरूको सामाजिक तथा सांस्कृतिक अवस्थाको अध्ययन गरी व्याख्या र विश्लेषण गरिएको छ । छैटौ अध्यायमा धानुक जातिको सामाजिक, शैक्षिक,सांस्कृतिक, राजनितीक अवस्था तथा आर्थिक अवस्था, आदिको विवरण राखिएको छ । अध्याय सातमा सारांश तथा निष्कर्षहरु राखिएका छन् ।

# अध्याय दुई

# पूर्व-सामग्रीको पूनरावलोकन

## २.१ उत्पत्ति र परिचय

विभिन्न विद्वानहरूले धानुक जन-जातिको उत्पत्ति र परिचय सम्बन्धमा विभिन्न तरिकाले वर्णन गरेको पाइन्छ । यसै सन्दर्भमा केही विद्वानहरूले धानुक जातिलाई भारतको राजस्थानको धनिया गाउँबाट नेपाल आएको भन्ने भनाई छ । ठोस प्रमाणको अभावमा विभिन्न विद्वानहरूको बीचमा तर्क वितर्कहरू रहेका छन् । हालसम्म पूर्वप्रकाशित पुस्तक पत्रपत्रिका आदिको अध्ययनबाट धानुक जन-जातिको उत्पत्ति र परिचय सम्बन्धमा विद्वानहरूका उल्लेखित भनाईहरू यस प्रकार रहेका छन् । –(हाम्रो सम्पदा २०६८ वर्ष ७, अंक ८)

नेपालमा धानुक जातिको अध्ययन गर्ने पहिलो मानवशास्त्री डोरबहादुर विष्ट हुन् । उनले आफ्ना दुईवटा **People of Nepal** र सबै जातको फूलबारीमा नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूको **Ethnographic** विवरण दिने क्रममा धानुक जाति सम्बन्धी खोजमूलक विवरण दिई व्याख्या गरेका छन् ।  पर्सा, नवलपरासी र त्यो भन्दा पश्चिम तराईका धेरै कुर्मीहरू सम्पन्न जमिन्दार छन् । तर पूर्वतर्फका ब्राह्मण र राजपूतको संख्या बढी भएका जिल्लामा कुर्मी, केवट र धानुकहरू धेरैलाई सम्पन्न जमिन्दारले धान रोप्न र खेत हेर्ने काममा लगाएका हुन्छन् । त्यस्तै उनका आइमाईहरूलाई ब्राह्मण र राजपूतका आइमाईहरूको सेवामालगाएका कुरा सर्वेक्षणवाट देखिन्छ । – ( विष्ट, २०६४ पेज ३९)

विदेहका राजा जनकका पूर्वज राजा शतधनु जसलाई धनकमुनी भनिन्छ । उनलाई भगवान शंकरले नै धनुष प्रदान गर्नुभएको थियो । रामायणमा वर्णित सीता स्वयंवर पूर्व भएको धनुष भंग प्रतियोगितामा भगवान रामले तोडनुभएको धनुष भगवान शंकरले दिनुभएको धनुषनै थियो । उक्त धनुष धनुक मुनीका वंशजले संरक्षित गरिआएका थिए । राजा सतधनु जो सत्युगमा विदेहका राजा थिए । उनकै वंशज विदेहका राजा जनक कहलाउने गरेका थिए । धानुक जातिको पूर्खाको नाम लिंदा धनकमुनीको नै नाम लिइन्छ । यसै आधारमा धानुक जातिका पूर्खा तथा जनक राजाहरूको पुर्खा यीनै धनकमुनी रहेको मानिन्छ ।

विल्सन (२०६६) ले आफ्नो पुस्तक विष्णुपुराण (अंग्रेजी) मा राजा सतधनु नै धनकमुनी भएको उल्लेख गरेका छन् । उनको पत्नी सैया थिइन् । राजा सतधनु प्राचिनकालमा विदेहका राजा थिए । उनी वीर पराकर्मी र सदाचारी थिए । उनलाई राजा सतधनुका साथै धनकमुनी पनि भनिन्थ्यो ।

यदुवंश पुराणमा धानुक जातिको उल्लेख पाईन्छ । पुराणमा धनकस्थापत्य नाम धानक उल्लेख छ । राजा धनकका बारेमा श्रीमद्भागवत स्कन्धको अध्याय ७२ मा पनि उल्लेख गरिएको छ । अमरकोषका अनुसार भारद्वाज अग्रसेनको पुत्रको नाम धनक पाल थियो । धनक पालका सन्तान वंशजहरूलाई पछि स्थानीय जीव्रोमा "धानुक" भनेर पुकारीन थालियो ।

यजुर्वेदको जातिय अध्यायमा धानुक जातिको महिमा बडो अभिनन्दनीय शब्दमा गरिएको छ । विजयधनुः कपी हनो, विशल्यो वाणेत्या उत अवै शन्तस्य याइसवे आमुस्रेथ निर्सगन्ध, अर्थात विजयधनुको तात्पर्य हो विजय तिम्रो हुनेछ । धानुक जातिको यो पनि विश्वास छ , कि धानुक मुनी हाम्रो जातिका गुरु पनि हुनुहुन्छ ।

पाण्डे (२००४) ले आफ्नो पुस्तक नेपालका जनजातियतामा धानुक जातिको बारेमा उल्लेख गरेका छन् । उनका अनुसार भारतको राजस्थान स्थित धनिया गाउँबाट धानुकहरू नेपाल प्रवेश गरेका छन् । उनीहरू परम्परागत रूपमा घरायसी काम गर्छन् । उनीहरू खेतीमा काम गर्छन् र खेतमा काम गर्दा खुसी महशुस गर्छन् ।

चौधरी (१९९९), उनले धानुक जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अध्ययन गरी नेपालको तराई क्षेत्रमा वसोवासित यिनीहरूको आर्थिक अवस्था दयनीय तथा परम्परागत रहेकोले विकासको मूलधारमा आउन सकेको छैन, भनेका छन् ।

के.सी. (२०५९), सप्तरीदेखि धनुषा जिल्लाको सिमासम्म चुरे पहाडको दक्षिणी भागमा धानुक जातिको वसोवास रहेको छ । धानुकहरू मण्डल धानुक, सुरधानुक र राजवंशी धानुक गरी तिन प्रकारका छन् । सुरधानुक र मण्डल धानुक हिन्दु दलित जातका भएकोले जनजातिमा समावेश छैन । राजवंशी धानुकको चेहरा, बनौट, भाषा,

धर्म, संस्कृति थारुजातिसँग हुबहु मेलखाने भएकोले यो राजवंशी धानुक भन्नेलाई जनजातिमा राखिएको छ ।

धानुक दर्पण (२०६८), धानुक जातिहरु पूर्व झापादेखि पश्चिम महाकाली नदि लगायतका ठाउँमा बस्ने गर्दछन् । तराईमा पाइने अनेक धानुकहरूको थर यसप्रकार छन् । धानुक, डी.सी., के.डी., वर्मा, राय, महतो, मण्डल, पटेल, चौधरी, चौरसिया, यसका अतिरिक्त कुर्मी, केवट, अमात र गनगाई संगोत्री जातमा पर्दछ ।

नेपालमा २००७ सालदेखि मानवशास्त्रीय तथा समाजशास्त्रीय अध्ययन गर्न थालियो । समाजमा विस्तारै आएर जातजाति सम्बन्धी अध्ययन गर्न शुरु गरियो । अन्य जातजातिको अध्ययन अनुसन्धानको तुलनामा धानुक जातिको बारेमा ज्यादै कम अध्ययन भएको पाइन्छ ।

धानुक जातिका बारेमा विभिन्न समय र स्थानमा विभिन्न विद्वानहरूले गर्नुभएको हालसम्म सामान्य अध्ययन, लेखरचना, टिपोट आदी उपलब्ध सामग्रीहरूले उनीहरूका सामान्य शैक्षिक अवस्था संस्कार संस्कृति, भाषा, रहनसहन, पेशा, व्यवसाय, सामाजिक, सांस्कृतिक पक्ष, नाता सम्बन्ध, खानपान, भेषभूषा, चाडवाड आदिको बारेमा सीमित जानकारी प्राप्त हुन्छ । तर भिन्न– भिन्न समय र स्थानमा विभिन्न विद्वानहरूले अध्ययन गर्ने क्रममा यस जातिको उत्पत्ति सामाजिक-सांस्कृतिक पक्ष, भाषा, गोत्र, परम्परा, रहनसहन आदिमा समेत लेखक तथा विद्वानहरू बीच फरक फरक धारणा रहेका कारण जनमानसमा भ्रम सृजना भएको छ । यस जातिको वास्तविक संस्कार, संस्कृति, भाषा, परम्परा, विवाह, उत्पत्ति, शैक्षिक अवस्था, भेषभूषा समग्र सामाजिक, शैक्षिक ,सांस्कृतिक पक्षमा हालसम्म पनि समाजशास्त्रीय, मानवशास्त्रीय कोण र पक्षवाट अध्ययन अनुसन्धान नभएकोले तराई क्षेत्रमा लामो समयदेखि बसोबास गर्दै आएका आदिवासी धानुकहरूप्रति जुन भ्रमको सृजना भएको छ । त्यसको निराकरण गर्नु जरुरी भएको छ । तसर्थ यो अध्ययन विगतका कमी कमजोरी र यो जातिको बारेमा भएको ज्ञानको अल्पताको कमी गर्न भनी अगाडि बढाइएको हो । साथै यस अध्ययनले यस जातिका सबै पक्षका वास्तविक यथार्थताका

बारेमा अध्ययन गर्ने हुँदा उचित जानकारी समाज र जनसमुदाय समक्ष पुऱ्याउन यस प्रकारको अध्ययनले सहयोग पुऱ्याउने उद्देश्यले यो शोधकार्य गरिएको हो ।

साहित्य समिंक्षा लाई हेर्दा धानुक जाति परम्परागत् कृषि पेशामा संलग्न रहेका र आदीवासी जन–जाति प्रतिष्ठानले जन–जातिको रुपमा सुचिकृत गरेको अति सिमान्तृकृत वर्गमा रहेका यी जातीहरु तराईका विभिन्न भु–भागहरुमा छरिएर रहेका छन् । सामान्यतया आर्थिक सँथिति सुध्रिदै जादाको अवस्थामा यिनिहरुको रहन–सहन आधुनिकता तिर लर्मकिनुका साथै यो अध्ययन् अनुसन्धानात्मक तथा वर्णात्मक शैलीमा अध्ययन् गरिएको छ ।

# अध्याय-तीन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

यस अध्ययनका लागि झापा जिल्लाको गौरादह गा.वि.स. वाड नं. २ लाई अध्ययन क्षेत्र छनौट गरिएको छ । झापा जिल्लाको सम्पूर्ण धानुकहरूको अध्ययन गर्न समय, श्रोत र साधन बढी लाग्ने भएकाले र उक्त क्षेत्र अनुसन्धानकर्ताका लागि सुविधायुक्त भएकोले गौरादह गा.वि.स.लाई अध्ययन क्षेत्र छनौट गरिएको हो । यस शोधपत्रमा गौरादह गा.वि.स.लाई शोधकर्ताले छनौट गर्नुका पछाडि निम्न कारणहरू रहेका छन् ।

- ❖ अध्ययन क्षेत्र शोधकर्ताको जानकारी क्षेत्र भएकोले ।
- ❖ समय, अर्थ तथा जटिलतालाई मध्यनजर गर्दा शोधकर्ताको चिरपरिचित क्षेत्र भएकोले ।
- ❖ धानुक जातिको सामाजिक, शैक्षिक अवस्था ,सांस्कृतिक अवस्थाका अध्ययन गर्ने रुची भएकोले ।
- ❖ अध्ययन क्षेत्रमा धानुक जातिको बसोबास  भएकोले ।

**यस अध्ययनका प्राज्ञिंक कारणहरु**

- ❖ धानुक जातिको सम्वन्धमा विस्तृत अध्ययन गर्ने
- ❖ धानुक जाति लाई कसरी शैक्षिक मुलधारमा ल्याउने भन्ने वारे अनुसन्धानात्मक खोज गर्ने
- ❖ सामाजिक र आर्थिक पक्षको विश्लेषण गर्न आदी

## ३.२ अध्ययन ढाँचा

यस शोधपत्रका लागि वर्णनात्मक र अन्वेषणात्मक दुवै विधिको प्रयोग गरिएको छ । वर्णनात्मक विधिवाट धानुकजातिको सामाजिक, शैक्षिक, सांस्कृतिक अवस्थाको वारेमा वर्णन गरिएको छ । अन्वेषणात्मक विधिद्वारा यो जातिको सामाजिक, शैक्षिक सांस्कृतिक अवस्थामा आएको परिवर्तनको वारेमा अन्वेशन गर्ने प्रयत्न गरिएको छ ।

## ३.३ तथ्याङ्कको स्रोत र प्रकृति

प्रस्तुत शोधपत्रकालागि तथ्याङ्क संकलन गर्ने क्रममा मुख्यतया प्राथमिक र द्वितीय स्रोतलाई अवलम्बन गरिएको छ । प्राथमिक स्रोत अन्तर्गत अर्न्तवार्ता, अवलोकन, प्रमुख जानकार व्यक्तिसँग अर्न्तवार्ता आदिवाट अध्ययनको लागि चाहिने आवश्यक स्रोत तथा तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रीय तथ्याङ्क विभाग जिल्ला विकास, गा.वि.स.वाट प्राप्त अभिलेखलाई लिइएको छ । साथै पुर्व लेखकहरूले लेखेका पूर्वप्रकाशित पुस्तकको आधारमा तथ्याङ्क संकलन गरिएको छ ।

## ३.४ अध्ययनको समग्रता

अध्ययनका लागि छनोट गरिएको गौरादह गा.वि.स.मा वसोवास गर्ने धानुकहरूको कूल १८ घरसंख्या छ । गौरादह वडा न. २ मा वसोवास गर्ने १८ घरमा धानुकहरूको जम्मा जनसंख्या ६५ रहेको छ । उक्त जनसंख्यामा पुरुषको संख्या २७ र महिलाको संख्या ३८ रहेको छ । यस जातिको बारेमा प्रर्याप्त सूचना संकलन गर्ने उद्देश्य राखी धानुकहरूको शिक्षा सामाजिक-सांस्कृतिक अनुभव र जातिय ज्ञानको सूचना प्राप्त गर्न सकिने आधारका साथै थेसीस शोध भएकोले सुविधायुक्त वनाउनुपर्ने कुरालाई मध्यनजर गरी यस क्षेत्रमा धानुकहरूको थोरै जनसंख्या भएकाले अध्ययन गर्न सजिलो र थोरै समयमा धेरै जानकारी प्राप्त हने भएकाले अध्ययन क्षेत्रका सबै धानुकहरूको घरसंख्या लाई नै सहभागिता मुलक अवलोकन अध्ययन गर्ने उद्देश्य सग

मेल खाने खालको अध्ययन लाई अगाडि बढाइएको अवस्थामा प्राप्त जानकारीहरु यथार्थपरक हुने विश्वास गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

यस शोधकार्यमा अनुसन्धानकर्ता स्वयम् आफैले स्थलगत अध्ययन गरी निम्न विधिहरू प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.१ प्राथमिक स्रोत

#### ३.५.१.१ अर्न्तवार्ता

अनुसन्धान एवम् शोधकार्यका लागि प्राथमिक तथ्याङ्क संकलनका लागि यो एउटा महत्वपूर्ण विधि मानिन्छ । अध्ययनका क्रममा आवश्यक सामग्री प्राप्त गर्नका लागि व्यक्तिगत रूपमा अर्न्तवार्ता लिइएको छ । उत्तरदाताको अनुकूल समय मिलाई अर्न्तवार्ता लिइएको छ । यस अन्तर्गत आफैले तयार पारेको प्रश्नावलीको आधारमा धानुक जातिको सामाजिक, शैक्षिक, सांस्कृतिक स्थिति, चाडपर्व, संस्कार, पेशा वा व्यवसाय सम्बन्धी बढी भन्दा बढी तथ्याङ्क संकलन गर्न सकिने, बुझिने सरल र स्पष्ट भाषामा प्रश्नावलीबाट धानुकजातिको सामाजिक, शैक्षिक, सांस्कृतिक स्थिति र त्यसमा आएको परिवर्तन वारे जानकारी लिइएको छ । अर्न्तवार्ता गरिनुका कारणहरु :

१. धानुकको वास्तविक सतिथि वुझ्न्

२. उनीहरुको सामाजिक , आर्थिक , सास्कृतिक र शैक्षिक सथिति वुझ्न्

३. सही तथ्यांक प्राप्त गर्न

#### ३.५.१.२ अवलोकन

अवलोकन विधिबाट अनुसन्धानकर्ताले आफुले देखेको तथा अनुभव गरेको तथ्यहरू संकलन गरिने हुँदा सो तथ्याङ्कहरू गुणात्मक र बढी औचित्यपूर्ण हुने विश्वास राखिएको छ । प्रत्यक्ष अवलोकनबाट सूचनादाताहरूले दिन नचाहेको तथ्याङ्कहरू

संकलन गर्न सकिन्छ । यस शोधपत्रमा अवलोकन विधिद्वारा धानुक जातिको सामाजिक शैक्षिक, सांस्कृतिक अवस्थाका साथै अन्य पक्षहरू पोशाक, खानपान, चाडपर्वहरूको तथ्याङ्कहरू संकलन गरिएको छ । अवलोकन निम्न रुपमा गरिएको छ :

१. घरको वनावट

२. पहिरन , धर्म सस्कृंति ,रीतिरीवाज , परम्परा , चाड–पर्व , हातहतियार  आदी

३. माल वस्तु

४. भाँडाकुडा आदी

### ३.५.१.३ प्रमुख जानकार व्यक्तिहरूसँगको अर्न्तवार्ता

अध्ययनको ऋममा धानुक जातिको उत्पत्ति, विकास, धर्म, शैक्षिक,सामाजिक संस्कृतिको विशेष जानकारी भएका मुख्य व्यक्तिहरूसँग विभिन्न विषयमा अर्न्तवार्ता लिई तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ द्वितीय स्रोत

यस शोधपत्रमा प्राथमिक स्रोतका साथै द्वितीय स्रोतबाट पनि तथ्याङ्क संकलन गरिएको छ । द्वितीय स्रोत अन्तर्गत केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त तथ्याङ्क यस सम्बन्धमा प्रकाशित लेख, जि.वि.स.बाट उपलब्ध रेकर्ड, धानुक जाति सम्बन्धी स्वदेशी तथा विदेशी लेखकले लेखेका पुस्तक, लेखरचना, पत्रपत्रिकाबाट प्राप्त तथ्याङ्कलाई द्वितीय स्रोतको रूपमा लिइएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या

विभिन्न पद्धति र तरीकाबाट संकलन गरिएका प्राथमिक र सहायक तथ्याङ्कहरूलाई व्यवस्थित रूपले ती सूचनाको कार्यविधिको व्याख्या विश्लेषण गरी चरणवद्ध रूपले सम्पन्न गरिएको छ । पहिलो चरणमा प्राप्त भएका सूचनाहरूलाई काटँछाट गरी मिलाउने काम गरिएको छ । दोस्रो चरणमा काँटछाट गरी तयार

पारिएको सूचनाहरूलाई Quantitative and Qualitative समूहमा विभाजन गरिएको छ । तेस्रो चरणमा Quantitative सूचनाहरूलाई सामान्य तालिकामा राखी तालिकीकरण गरिएको छ । चौथो चरणमा Qualitative सूचनाहरूलाई क्रमवद्ध रूपमा व्याख्या विश्लेषण गर्दै एक अर्कामा रहेको अन्तरसम्बन्ध एक अप्रत्यक्ष कारणहरूको विश्लेषण आदिको उल्लेख गरिएको छ ।

संख्यात्मक तथ्याङ्क मुलतः जनसंख्या, शिक्षा, पेशा, व्यवसाय आम्दानी, उमेर लिङ्क आदि हुन । जसलाई सामान्य तालिकामा राखी प्रतिशत मा प्रस्तुत गरिएको छ । त्यसरी नै यस जातिका संस्कार, संस्कृति, सामाजिक, शैक्षिक सांस्कृतिक पक्ष, उत्पत्ति, भाषा, धर्म, मान्यता आदिको बारेमा सङ्कलित तथ्याङ्कहरूलाई विश्लेषण गरिएको छ । यी सूचनाहरू मूलभूत रूपमा तयार पारेका अर्ध-संरचित प्रश्नावलीको आधारमा संकलन गरी वर्णनात्मक शैलीमा बोधगम्य देवनागरीक लिपिमा प्रस्तुत गरी शोध प्रतिवेदन तयार गरिएको छ ।

## ३.७ तथ्याङ्कहरूको विश्वसनीयता र प्रमाणिकता

यस शोधको लागि छनोट गरिएको क्षेत्र, शोधकर्ताको आफ्नै जन्म एवं कर्म थलो भएकोले त्यहाँका उत्तरदाता धानुक समुदायका बासिन्दा परिचित मानिसहरू दाजुभाईहरू हुन् । जसको बारेमा बचपन देखिको धेरै–थौर ज्ञान थियो । तसर्थ शोधकर्तालाई यो शोधको क्रममा प्रारम्भिक घुलमिलमा (Rapport Building) समस्या रहेन बरु उल्टै उनीहरू उत्साहका साथ शोधकर्ताका शोधकार्यमा प्रत्यक्ष सहयोगी बनेको छ, तथा विना हिचकिचाहट सूचना, तथ्याङ्क उपलब्ध गराएको छ । यसबाट के पुष्टि हुन्छ भने उनीहरूले निसंकोच उत्साहित ढंगले दिएका सूचना र आफ्नो लामो समयदेखिको अवलोकनमा कुनै वेमेल रहने छैन । तसर्थ प्राप्त तथ्याङ्कहरू विश्वसनीय हुनेछन् । अर्कोतिर अर्न्तवार्ता लिएका घरपरिवारमा सिमित गरिएका अध्ययन क्षेत्रको सामाजिक, आर्थिक पक्षका केही संख्यात्मक तथ्याङ्कमा हुन सक्ने धेरै-थोरै परिवर्तन बाहेक अन्य ऐतिहासिक, सामाजिक, शैक्षिक, सांस्कृतिक एवं आर्थिक स्थिति सम्बन्धित गुणात्मक तथ्याङ्कहरूमा सामान्यतः त्यति छिटो-छिटो परिवर्तन नहुने भएको र ती

पक्षका विशेषताहरूको संरक्षणमा नै धानुक सेवा समाज लागि परेकोले छिटो परिवर्तनको सम्भावना न्यून छ। तसर्थ यस अध्ययनमा उपयोग गरिएका तथ्याङ्कहरूमा विश्वसनीयता एवं प्रमाणिकता धेरै हदसम्म रहेको विश्वास गर्न सकिन्छ।

## ३.८ अध्ययनका सिमाहरू

यो अध्ययन तथा अनुसन्धान एक स्नातकोत्तरको आंशिक आवश्यकता परिपूर्ति गर्नको निम्ति एउटा सानो क्षेत्रको रूपमा झापा जिल्ला अन्तर्गतको गाउँ विकास समिति गौरादह गा.वि.स. लाई छनोट गरिएको छ। मूलत, प्रस्तोता एक विद्यार्थी भएकोले र सिमित समय र आर्थिक स्रोतको सिमाभित्र रही अनुसन्धान गर्नुपर्ने भएकोले एउटा गा.वि.स.लाई मात्रै अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ। धानुक जनजातिको बारेमा अहिले सम्मका जे जस्तो खोज अनुसन्धानहरू भए त्यसमा यहाँका धानुकहरूको बारेमा खासै उल्लेख तथा महत्व प्रदान नगरिएकोले यो अध्ययन थालिएको छ तर यसका आफ्नै सिमाहरू छन् जुन यसप्रकार छन्।

- यस अध्ययनमा धानुक जनजातिमा आधारित हुने हुनाले यसले अन्य जनजातिको विविध अवस्थालाई नझल्काउन पनि सक्दछ।

- यो अध्ययन केवल झापा जिल्ला, गौरादह गा.वि.स.मा बसोबास गर्ने धानुक जनजातिको भएकोले यस अनुसन्धानको परिणामले सम्पूर्ण धानुक जनजातिको सामाजिक, शैक्षिक सांस्कृतिक तथा आर्थिक अवस्थालाई सुल्झाउन नसक्ला किन की कुनै एक स्थानमा बसोबास गर्ने धानुक जनजातिहरूको सामाजिक शैक्षिक,सांस्कृतिक तथा आर्थिक अवस्था अन्य क्षेत्रमा बसोबास गर्ने धानुक जनजातिसँग नमिल्न सक्दछ।

- यो अध्ययन तथा अनुसन्धान छोटो समय र नगण्य खर्चमा गरिने हुनाले यसले सम्पूर्ण पक्षहरूलाई नसमेट्न तथा सूक्ष्म अध्ययन नहुन पनि सक्दछ।

# अध्याय - चार

# अध्ययन क्षेत्रको सामान्य परिचय

## ४.१ झापा जिल्ला

नेपालको विकाश क्षेत्रको मेचाी अचंलमा पर्ने अत्याधिक उवर्र तथा वस्ती भएको जिल्ला हो । यसको उत्तरी भाग पहाडी पर्वत मालाले सजिएको छ भने अतिरिक्त् सम्पुर्ण भु–भाग तराई पर्दछ । वि .स . २०६८ सालको जनगणना अनुसार यँहाको जनसख्ंया ८,१२,६५० रहेको छ । यो जिल्लाको क्षेत्रफल १,६०६ वर्ग कि . मि .रहेको छ । यो जिल्लाको पुर्वमा मेची नदीले भारतको पश्चिम वङलादेश सँग सिमना छुटिट्एको तथा यस जिल्लाको दक्षिणमा भारतको विहार रहेको छ । उत्तर मा ईलाम,पशि्चिममा मोरङ जिल्ला रहेको छ । यस जिल्लामा ३३ गाउ विकाश समितिहरु, ८ नगरपालिका ७ संसदीय निर्वाचन क्षेत्रहरु, १७ ईलाकाहरु एवं १९३४ वस्तीहरु रहेका छन् । मानब विकास समग्र सुचांकमा तेस्रो स्थानमा रहेको यस जिल्लाका सदरमुकाम चन्द्रगढी हो । जुन पूर्व पशि्चम राजमार्गको बिर्तामोड बाट १३ कि .मि . दक्षिणमा पर्दछ । नेपालको सबैभन्दा होचो केचनावल ५८(मि$^{२}$) र नेपालको सबैभन्दा लामो पुल कन्काई ७०३ मि.पनि यसै जिल्लामा पर्दछ । देशको केर्नद्रिय राजनितिमा मुख्य भमिका खेल्दै आएको झापा  खाधान्न उत्पादनको लागि पनि महत्वपुर्ण जिल्ला हो । यहाको प्रमुख व्यापारिक सहरहरु विर्तामोड नगरपालिका  , दमक नगरपालिका र काकडभिट्टा हुन् । यस जिल्लाका प्रसिद्ध पर्यटकीय एवं तीर्थ स्थलहरु कन्काईधाम, कोटीहोम , अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र,किच्चकवध ,केचनावल,सतसीधाम आदी पर्दछन् ।  झापाका प्रमुख नदी भनेर कन्काइ नदी विरिङ, नदी ,रतुवा नदी र मेची नदी लाई भनिन्छ ।   –(झापा विकिपिडिया २०७३ :८)

### ४.१.१ भौगोलिक अवस्थामा

पूर्वाञ्चल विकास क्षेत्रभित्र रहेको मेची अञ्चलका ४ वटा जिल्लाहरूमध्ये झापा पूर्व भू-भागमा अवस्थित एक तराई जिल्ला हो । यस जिल्लालाई पूर्वमा मेची नदीले भारतसँग, उत्तरमा चुरे पर्वतले इलाम जिल्लासँग र पश्चिममा रतुवा नदीले मोरङ

जिल्लासँग छुट्याएको छ , भने यसको दक्षिणमा भारतको विहार राज्य पर्दछ । यो जिल्ला २६° २०” - २६° ५०” उत्तरी अक्षांश र ८७° ३९” - ८८° १२” पूर्वी देशान्तरमा पर्दछ । औषत लम्बाई २९ किलोमिटर उत्तर दक्षिण भएको यस जिल्लाको कूल क्षेत्रफल १,६०६ वर्गकिलोमिटर छ । समुन्द्र सतहबाट ५८ मिटरदेखि ५०० मिटरसम्मको उचाईमा रहेको यस जिल्लामा अधिकतम तापक्रम ४२° सेल्सियस र न्यूनतम तापक्रम ८° सेल्सियस सम्म रहन्छ । यहाँ को वार्षिक औषत वर्षा २७१ .७५ मिलिलिटर र औषत आद्रता ६८ प्रतिशत भएको पाईन्छ। –(झापा जिल्लाको बिवरण, झापा विकिपिडिया २०१५,मार्च )

झापा जिल्ला बहुधार्मिक, बहुसाम्प्रदायिक तथा बहुजातिय जिल्ला हो । यहाँ हिन्दु, मुस्लिम, किराँती, धर्मावलम्बीहरू बसोबास गर्दछन् । यस जिल्लामा बसोबास गर्ने व्यक्तिहरू मैथली ०.६५%), नेपाली (७२.२६%), थारु (३.५%), तामाङ्ग (१.२५%), मगर(२.८२%) ,वंगाली (०.१६%) र अन्य भाषा (५.२६%) वोल्ने गर्दछन् । – (स्थानीय विकास मन्त्रालयको पुस्तकालय, २०७३) ।

यस जिल्लामा ८ नगरपालिका र ३३ वटा गा.वि.स. रहेको छ । १७ वटा इलाकामा विभाजित, १९३४ बस्तीमा आधारित यो जिल्लामा ७ संसदीय निर्वाचन क्षेत्र रहेका छन् । यस जिल्लाको सदरमुकाम चन्द्गढी हो । वि.सं. २०६८ सालको जनगणना अनुसार यस जिल्लाको जम्मा जनसंख्या ८,१२,६५० रहेको छ । जसमा पुरुष ३,८५,०९६ र महिला ४,२७,५५४ रहेका छन् । जनसंख्या वृद्धिदर ०.३ प्रतिशत रहेको छ । जहाँ शहरी जनसंख्या ४,३०,९०० रहेको छ । जम्मा घरसंख्या १,८४,५५२ रहेको छ । यहाको क्षेत्रफलको हिसावले यस जिल्लाको जनघनत्व प्रतिवर्ग कि.मी. ९०३ जना रहेको छ । यस झापा जिल्लामा बसोबास गर्ने मुख्य जातिहरूमा सबभन्दा बढी राजबंशी (१५.४%) त्यसपछि क्रमश कोइरी, धानुक, क्षेत्री, कामी, मगर, थारु, नेवार, ठकुरी, दमाई, तामाङ्ग, तेली, राई, आदी जातिहरूको बसोबास रहेको छ। – (केन्द्रिय तथ्याङ्क विभाग, वि.स. २०६८)

वि.सं. २०६८ सालको जनगणना अनुसार यस जिल्लामा धानुक जातिको जम्मा जनसंख्या १४,७७१ रहेको छ। जसमा पुरुष ६,८९७ र महिला ७,८७४ रहेको छ। जुन प्रतिशतको हिसाबले २.७ देखिन्छ।

यस जिल्लामा प्रर्याप्त नदीहरू भएपनि अधिकांश जमिन असिंचित भई आकाशे खेतीको भरमा रहेको छ। नदीबाट वग्ने पानीको समुचित उपयोग नभई भारत तिर वगेको छ । जसले गर्दा प्राकृतिक प्रकोपको मार बाट किसानहरू पिडित छन् । जिल्लामा उपलब्ध नदीनालाहरू बाट बग्ने पानीको समुचित वितरण तथा नियन्त्रण गर्न सकेमा कृषि उत्पादनमा वृद्धि भई कृषकहरूको आर्थिक वृद्धि भई जीवनस्तरमा अझ सुधार हुनेछ। झापा मा प्रशस्त सिंचाईका पूर्वाधारहरु भएकोले सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादन वृद्धि गर्ने प्रर्याप्त संभावना रहेको छ। जिल्लाको कुल क्षेत्रफल १३,३४,५८५ हेक्टरमध्ये ८५,९३३ हेक्टर जग्गामा खेती गरिएको छ । सो मध्ये ५,३४,४५१ हेक्टर सिजनल सिंचाई हुनसक्ने तथा १५,३९० हेक्टर जमिन असिंचित रहेको छ।

वि.सं. २०६८ को राष्ट्रिय जनगणनाअनुसार आर्थिक रूपले ६५.४% सक्रिय छन् जसमा पुरुष ७८.१८ प्रतिशत र महिला ३५.७३ प्रतिशत छन्। आर्थिक रूपले सक्रिय जनसंख्या सवैभन्दा बढी कृषिमा ७५.१प्रतिशत तत्पश्चात व्यापार १५.६ प्रतिशत, शिक्षण २.५ प्रतिशत, प्रशासनिक सेवा २.७ प्रतिशत र बाँकी अन्य पेशामा १.५प्रतिशत आश्रित रहेका छन्।

जिल्ला शिक्षा कार्यालय झापाबाट प्राप्त आंकडा अनुसार यस जिल्लामा २०७३ साल सम्म प्राथमिक ९५, नि.मा.वि. ३५, मा.वि. १८, उच्च मा.वि. ३ क्याम्पस १ बाट सम्बन्धन प्राप्त विद्यालय २ वटा गरी जम्मा १५४ विद्यालयहरू छन् । यसका अतिरिक्त हाल यस जिल्लाको साक्षरता प्रतिशतमा पुरुष ६.०२ प्रतिशत र महिला साक्षरता प्रतिशत ४३.५२ प्रतिशत रहेको छ।–(जिल्ला शिक्षा कार्यालय झापा प्रोफाइल : २०६८: ११)

**४ गौरादह गा.वि.स.**

पूर्वाञ्चल विकास क्षेत्रको झापा जिल्लामा पर्ने गौरादह गा.वि.स. काठमाडौँ राजधानीदेखि करीब ५८६ किलोमिटर पूर्वको दुरीमा पर्दछ । यस गा.वि.स.को पूर्वमा तौपगाछी गा.वि.स. र , पश्चिममा जरोपानी गा.वि.स., दक्षिणमा गौरीगज गा.वि.स. र तथा उत्तरमा लखनपुर गा.वि.स. पर्दछ । यस गा.वि.स.को कूल क्षेत्रफल ८१५ वर्गकिलोमिटर रहेको छ । यो गा.वि.स. समुन्द्र सतहदेखि ६५ मिटरदेखि ५६० मिटर उचाईमा रहेको छ । यहाँको तापक्रम अधिकतम ३५$^{\circ}$ सेन्टिग्रेड र न्यूनतम १५$^{\circ}$ सेन्टिग्रेड सम्म रहने गर्दछ । –(स्थानीय विकास मन्त्रालय कम्प्युटर जानकारी, २०७३) यहाँको वार्षिक वर्षा १७६ मि.मि. सम्म रहेको छ । यसमध्ये ९२% वर्षायाममा र ५% जति वर्षात समय भन्दा अगाडि एवं ३% वर्षात समय भन्दा पछाडि हुने गर्दछ । यहाँको सापेक्षिंत आद्रता औषत ५५% भएको पाईन्छ । यस भागमा अधिकांश वर्षा मनसुन हावाले ल्याउँदछ जुन जेठ महिनाको अन्त्य तिर शुरु भई असोज महिना सम्म रहन्छ ।प्रायजसो सुख्खा चैत्रदेखि अषाढ र हिउँदको मार्गदेखि फाल्गुनसम्म रहने गर्दछ । २५$^{\circ}$ १४' उत्तरी अक्षांश र २५$^{\circ}$ १६' पूर्वी देशान्तरमा अवस्थित यस गा.वि.स.मा जंगल १३% तथा जमिन ७५% रहेको छ ।

यस गा.वि.स.को आर्थिक स्थिति अन्य छिमेकी गा.वि.स.को भन्दा राम्रो छ । मुख्य आयस्रोतको रूपमा रतुवा खोलाको वालुवा तथा गिट्टी, ढुंगा निकासी रहेको छ। (स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, श्रीमहल, पुल्चोक, ललितपुर, कविन दाहाल द्वारा कम्प्युटर जानकारी, २०७३-७-१५) ।

**४.२.१ हावापानी**

नेपालको पूर्वी तराई क्षेत्रमा पर्ने यस गौरादह गा.वि.स. समुन्द्र सतहबाट थोरै उचाईमा भएको कारणले निक्कै गर्मी हुन्छ र यस गा.वि.स.को उत्तरी भागमा चुरे पर्वत र वनजंगल रहेको छ । वंगालको खाडीबाट वहने जलवाष्प युक्त वायु चुरे पर्वतमा सोझै ठक्कर खाने हुँदा यहाँको हावापानी “उष्णमनसुनी” प्रकारको छ । हिउँद महिनामा यहाँ ५ देखि १५ सेल्सिएस तापक्रम हुने हुँदा औधी जाडो महसुस नगरीएता

पनि मंसिरदेखि माघसम्म चिसो महशुस गरिन्छ । तर चैत्रदेखि भाद्र महिनासम्म ३८° सेल्सियस देखि ४२° सेल्सियससम्म तापक्रम पुग्ने हुँदा औधी गर्मी हुन्छ । सामान्यतया यहाँ फाल्गुनदेखि वैशाखसम्म प्राय जसो दिनभरीनै पश्चिमी वायु चल्दछ । यो क्षेत्र वंगालको खाडीबाट नजिक भएकोले मनसुनी वर्षा चाडो हुन्छ । उष्ण मौसमी हावापानी भएकोले यहाँ आँप, लिची, कटहर, केरा, अमला, मेवा, जस्ता फलफूलहरू पाईन्छन् । त्यस्तै तरकारीहरूमा भाण्टा, रामतोरीया, गोलभेडा, फर्सी, कोवी, खुर्सानी, सागसब्जी आदि पाइन्छ । यहाँ धान, गहुँ, मकै, दाल, तेलहन, उखु, आदिको उत्पादन राम्रो हुन्छ ।

### ४.२.२ नदीनाला

यस गा.वि.स.मा उत्तरतिर बाट दक्षिणतिर वग्ने खोलाहरू मावा , लालपैनी , रतुवा नदी, बिरिङ नदी, किस्नी नदी गरी जम्मा पाँचवटा रहेका छन् । जस बाट जंगल छेउमा रहेका जग्गामा थोरै समय सम्म भएपनि सिंचाई गर्न पुग्दछ ।

### ४.२.३ वनजंगल/वन्यजन्तु

यस गा.वि.स.को पूरै भागमा जंगल रहेको थियो । तीव्र घना वस्तीको विकासले हाल जंगल क्षेत्रमा व्यापक विनास भइरहेको छ । प्रजातन्त्रको प्राप्तिपछि वन सम्बन्धी नीतिमा उदारता आएको छ । जसले गर्दा विभिन्न समितिहरूको गठन भएको छ । उपभोक्ता समूह र नीजि स्तरमा लगाइएको वनका कारण केही मात्रामा भएपनि वन क्षेत्रको वृद्धि भइरहेको छ । यसका अलवा सीमित मात्रामा प्रायः सवै क्षेत्रमा आँप, वडर, कदम, वयर, वाँस भने पाइन्छ । यो गा.वि.स.को ठूलो क्षेत्रफल खोलाद्वारा कटान भएकाले यहाँका अधिकांश जग्गा बलौटे वगरमा परिणत भएको छ । प्रशस्त वगर क्षेत्र भएकाले त्यहाँ खर, सिरु, पटेर, आदि प्रशस्त मात्रामा पाइन्छ । जुन यहाँका मानिसहरू ले घरको छाना, टाटी, इन्धन र अन्य विविध काममा प्रयोग गर्दछन् । –(स्थलगत अवलोकन, २०७३ )

## ४.३ वडागत आधारमा जनसंख्या

वि.सं. २०६८ सालको जनगणना अनुसार गौरादह गा.वि.स.को कुल जनसंख्या ४७३९३ छ । यसमध्ये पुरुष ६८९७ र महिला ७८७४ रहेका छन् । यस गा.वि.स.मा जम्मा घरधुरी ३५१४ रहेको छ । वि.सं. २०६८ सालको जनगणना अनुसार गौरादह गा.वि.स.मा लिंग तथा वडागत आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १: वडागत आधारमा जनसंख्या**

| वडा नं | घरपरिवार संख्या | जनगणना | पुरुष | महिला |
|---|---|---|---|---|
| जम्मा | ३५१४ | १४७७१ | ६८९७ | ७८७४ |
| १ | १०७ | १५८० | ६०५ | ९७५ |
| २ | ९९ | १४७० | ५८६ | ८८४ |
| ३ | १०२ | १५८० | ८९० | ६९० |
| ४ | ८८ | २२२५ | ७७० | १४८० |
| ५ | १०७ | १५१५ | ५७४ | ६४१ |
| ६ | १०० | १७८० | ७८२ | ९९८ |
| ७ | ८५ | १३७५ | ७१० | ६५५ |
| ८ | ९७ | ३२९० | १५८५ | १७०५ |
| ९ | ९० | १०५६ | ३९५ | ६६१ |

–(केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

माथिको तालिका नम्वर १. अनुसार यस गा.वि.स.मा कुल घरधुरी संख्या १९७६ रहेको देखिन्छ र कुल जनसंख्या ११११२६ छ । जसमध्ये पुरुष ५६९५ (५१.१८%) तथा महिला ५४३१ (४८.८१%) रहेको देखिन्छ । महिलाभन्दा पुरुष जनसंख्या बढी देखिन्छन् । जनसंख्याको आधारमा सवैभन्दा बढी वडा नं. ३ मा ६३६ घरधुरीमा जम्मा जनसंख्या ३६३५ मध्ये महिला १७९९ (४९.४९%) र पुरुष १८३६ (५०.५०%) रहेको देखिन्छ । तर

सबैभन्दा कम जनसंख्या वाड नं. १ मा रहेको छ । जम्मा घरधुरी संख्या १८३ मा कुल जनसंख्या ९०२ मध्ये महिला ४४४ (४९.२२%) र पुरुष ४५८ (५०.७७%) रहेको छ ।

## ४.४ जात/जातिको आधारमा जनसंख्या

जात–जातिको आधारमा गौरादह गा.वि.स.लाई जनजातिहरूको समिश्रण मान्न सकिन्छ । यस गा.वि.स.मा भएका जातजातिको आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. २ : गौरादह गा.वि.स.को जातिगत आधारमा जनसंख्या**

| क्र.सं. | जात/जाति | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| | जम्मा | १४७७१ | १००% |
| १. | मगर | १५३० | १०.३५ |
| २. | राइ | ५५६० | ३७.६४ |
| ३. | तामाङ्ग | ८४९ | ५.४४ |
| ४. | कामी | ६६० | ४.६४ |
| ५. | व्राहमण (पहाडी) | ४३११ | २९.१८ |
| ६. | अन्य (धानुक, मुसहर, दुसाध आदि) | १८४१ | १२.४६ |

–(केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

माथिको तालिका नम्वर २ अनुसार यस गौरादह गा.वि.स.को कुल जनसंख्यामा धानुकहरू ५।४४% रहेको पाइन्छ । त्यसैगरी मगरहरू १०.३५%, यादवहरू ३७.६४%, तामाङ्ग ५.४४% कामी ४.६४%, व्राहमण २९.१८% र अन्यमा १२.४६% जातिहरू रहेका छन् ।

## ४.५ भाषागत आधारमा जनसंख्या

अध्ययन क्षेत्र गौरादह गा.वि.स.मा भाषागत रूपमा हेर्दा नेपाली, मैथली, तामाङ्ग, मगर लगायतका भाषा बढी मात्रामा बोल्ने गर्दछन् । यस गा.वि.स.को भाषागत आधारमा रहेको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ । अन्य भाषाहरूमा लिम्बू, मारबाडी, अवधि, वंगाली आदि बोल्नेको संख्या नगन्य रूपमा रहेको छ ।

**तालिका नं. ३ : गौरादह गा.वि.स.को भाषागत आधारमा जनसंख्या**

| क्र.सं. | भाषा | प्रतिशत |
|---|---|---|
| १. | नेपाली | ३२.८६ |
| २. | मैथली | ५.२७ |
| ३. | तामाङ्ग | ११.१५ |
| ४. | मगर | १२.०४ |
| ५. | वान्तवा | ६.४ |
| ६. | लिम्बू | ८.५ |
| ७. | चेपाङ्ग | ०.०९ |
| ८. | नेवार | ३.६६ |
| ९. | अन्य | ७.५३ |

– ( केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

माथिको तालिका नम्वर ३. अनुसार यस गा.वि.स.मा नेपाली भाषा बोल्नेको प्रतिशत ३२.८६% रहेको छ । मैथली भाषा बोल्ने ५.२७% मानिसहरू रहेका छन् । यस पछि यस गा.वि.स.मा तामाङ्ग भाषा बोल्ने ११.१५% तथा मगर भाषा बोल्ने १२.०४% र वान्तवा भाषा बोल्नेहरू ६.०४% रहेका छन् । लिम्बू भाषा नगन्य रूपमा ८.०४% र

चेपाङ्गहरू ०.०९% का हाराहारीमा रहेको देखिन्छ । त्यस्तै नेवार भाषा बोल्नेहरू ३.६६% छ भने अन्यहरूमा ७.३५% रहेको छ ।

## ४.६ धर्मको आधारमा जनसंख्या

अध्ययन क्षेत्र गौरादह गा.वि.स.मा धर्मको अवस्थालाई हेर्दा हिन्दु, वौद्ध, इस्लाम, किराँत, जैन आदी धर्माबलम्बीहरूको बसोबास रहेको छ । धर्मको आधारमा भएको जनसंख्यालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४ : गौरादह गा.वि.सको धर्मको आधारमा जनसंख्या**

| क्र.सं. | धर्म | प्रतिशत |
|---|---|---|
| १. | हिन्दु | ७५.६१६ |
| २. | वौद्ध | ५.३२१ |
| ३. | मुसलमान | ०.१३५ |
| ४. | किराँत | ३.०११ |
| ५. | जैन | ०.०३६ |
| ६. | थाहा नभएको | ०.०६३ |

–(केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

यस माथिको तालिका नम्वर ४ अनुसार गौरादह गा.वि.स.मा हिन्दु धर्म मान्नेहरू ७५.६१६% रहेको छ । जुन सबैभन्दा ठूलो र बढी संख्यामा रहेको छ । यसरी नै बौद्ध धर्म मान्नेहरू ५.३२१% रहेको छ । इस्लाम धर्म मान्नेहरू ०.१३५% छन् भने किराँत धर्म मान्नेहरू ३.११ प्रतिशत छन् । जैन धर्म मान्नेहरू ०.०३६ प्रतिशत देखिन्छ भने अज्ञात रूपमा रहेको धर्महरू ०.०६३ प्रतिशत छन् । जेजस्तो भएपनि यस गा.वि.स.मा सबभन्दा बढी हिन्दु धर्म मान्नेहरू छन् ।

## ४.७ उद्योग र व्यापार

उद्योग र व्यापार कुनैपनि क्षेत्रको समग्र विकासमा सबैभन्दा महत्वपूर्ण पाटो हो । आर्थिक मेरुदण्ड कमजोर भएका समाजको विकास ज्यादै पछाडि पर्दछ । यस गा.वि.समा ठूला उद्योग कलकारखाना नभएपनि धानकुट्ने, तेल पेल्ने, मिल, चिउरा मिल, उखु पेल्ने तुरपिन आदि रहेका छन् ।

**तालिका नं. ५ : गौरादह गा.वि.स.को आर्थिक क्रियाकलापमा लागेका जनसंख्या**

| परिवार संख्या | | | क्रियाकलापको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जम्मा | आर्थिक क्रियाकलाप गरेका | नगरेका | जम्मा | उद्योग | व्यापार | यातायात | सेवा | अन्य |
| १९७६ | १६५ | १८११ | १६५ | १८ | ४६ | ३ | ९२ | ६ |

–(केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

केन्द्रिय तथ्याङ्क विभाग २०६८ को जनगणना अनुसार यस गा.वि.स.मा जम्मा घरधुरी संख्या १९७६ मा आर्थिक क्रियाकलापमा लागेका जनसंख्या १६५ रहेको छ भने आर्थिक क्रियाकलापमा नलागेका जनसंख्या १८११ देखिन्छ । ठूला उद्योगधन्दा संचालन नभएता पनि स्थानीयस्तरमा संचालित धानकुट्ने, तेलपेल्ने, उखु पेल्ने उद्योगहरूको संख्या १८ वटा रहेको छ , भने व्यापार व्यवसायको प्रकार ४६ रहेको देखिन्छ । त्यसरी नै गा.वि.स.मा तीन प्रकारका यातायातका साधनहरू प्रयोग गरिन्छ । सेवाको पूर्वाधारमा ९२ देखिन्छ भन्ने अन्य हाल रोजगारमा ६ प्रकार देखिन आएको छ ।

## ४.८ स्वास्थ्य, खानेपानी तथा सरसफाई

स्वास्थ्य नै मानिसको प्रमुख धन हो । यस गौरादह गा.वि.स.का वासिन्दाको उपचार गर्ने मुख्य ठाउँ दमक अस्पताल हो । यस गा.वि.स.मा एउटा सरकारी उपस्वास्थ्य चौकी रहेको छ । यसका अतिरिक्त प्राइभेट क्लिनिकहरू थोरै संख्यामा छन् । यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूमा स्वास्थ्य तथा सरसफाई बारे जनचेतनाको कमी देखिन्छ ।

## ४.९ विद्युत, यातायात र संचार

विद्युत सुविधा बाट हरेक किसिमका व्यापार गर्न सकिने भएकोले आर्थिक विकासको लागि विद्युत प्रमुख पक्ष हो । विद्युतको विकासले अन्य क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । यस गा.वि.स.का सवै वडाहरूमा विद्युत सेवा विस्तार भएको छैन् । सबै वडाहरूमा सडकको सुविधा सामान्य मात्रामा भएको छ । यसका साथै वाडा नं. १,२,४,५,६,८ र ९ गरी जम्मा २३४६ घरपरिवार संख्याले विजुलीवत्ती को सदुपयोग गर्न पाएका छन् ।

यातायातको दृष्टिकोणमा यस गा.वि.स.लाई सु–मार्ग मान्न सकिन्छ । यस क्षेत्रमा यातायातका साधनहरूमा साइकल, वैलगाढा, मोटरसाईकल, ट्रयाक्टर र हालसालमा दुई ग्रावेल सडकमा टेम्पु र जीपहरू कुदन थालेका छन् । यस गा.वि.स.मा सडक संजाल निम्न छन् ।

- पक्की सडक २८ कि.मी.
- ग्रावेल सडक २३ कि.मी.

यस गा.वि.स.मा संचारसेवा अन्तर्गत रेडियो, टेलिभिजन, टेलिफोन, मोवाईल, हुलाक आदि साधनहरू उपलब्ध छन् । यस गा.वि.स.को हालसालमा सवै वडाहरूमा फोन सुविधा पुगेको छ । १०४ लाईन सि.डि.यम.ए फोन वितरण गरिएको छ । प्रायः मोवाईल फोन सवै घरपरिवारमा पुगेको छ । अतिरिक्त हुलाक सेवा मार्फत चिठ्ठीपत्रको कामकाज भइरहेको छ ।

## ४.१० पर्यटकीय स्थलहरू

यस गा.वि.स.का पर्यटकीय स्थलहरूमा खोलाहरू लालपैनी,कीश्नी बका, कसर गरी जम्मा चारवटा रहेका छन् । माछा पौखरी,डिठा टिकघारी आदि रहेका छन् । अर्जुनधारा ,जामुनखाडी सिमसार क्षेत्र,किच्चकवध,केचनावल,सतसीधाम आदी पर्दछन् ।

## ४.११ धार्मिक स्थल

यस जिल्लाका प्रसिद्द पर्यटकीय एवं तीर्थ स्थलहरु कन्काईधाम ,कोटीहोम , अर्जुनधारा, जामुनखाडी सिमसार क्षेत्र, किच्चकवध, केचनावल, सतसीधाम आदी पर्दछन् । यस गा.वि.स.का धार्मिक स्थलहरूमा देवीथान, भगवतीथान, शिव मन्दिर, वरपिपल,गणेश मन्दिर, देवी मन्दिर ,हन्मान मन्दिर आदि रहेका छन् । यहाँका वासिन्दाहरु आफ्ना चाडपर्व, रितिरिवाज अनुसार विभिन्न धार्मिक स्थलहरुमा उपसथित हुने गर्दछन् ।

# अध्याय – पाँच

# सामाजिक–सांस्कृतिक अवस्था

## ५.१ धानुक जातिको परिचय

सोझा मेहेनती प्रवृतिका झट्ट हेर्दा देखिने धानुकहरु धान खेतीका अतिरिक्त पशुपालन खेतीपाती, मजदुरी जस्ता काममा ब्यस्त देखिने धानुकहरु एकाबिहानै उठेर आफु भन्दा धनी छर–छिमेक ,गाउँघर मा गई अरुको चामल निफन्ने घर आगन सरसफाई गर्ने बच्चा खेलाउने अनि भोजभतेर का समयमा खाना पकाउने मा साथै सेवा टहलमा समर्पित यी जातीको स्थिति गौरादहमा सामान्यतया राम्रो रहेको देखिदैन्। छिमेकी मुलुक भारतका कतिपय ठाउमा पानी नचल्ने यी जातीको पानी नेपालमा चल्ने गरेको पाईन्छ । सामान्य आर्थिक स्थिति भएका यी जातीहरु झपक्क साझ परेपछि मदिरा भट्टीहरुमा मदिरा सेवन गरी आफ्ना दुख सुखहरु एक आपसमा बाढिरहेको अवस्थामा पाईन्छ । सामान्यतया गुजरा चलाउन मुस्किल भइरहेको  र कठिन परिश्रम द्धारा आफ्नो दई छाक गजार्ने यी जातीहरु आजभोलि अन्य  जातको सम्पर्कमा आई थोरै भएपनि आफ्नो वास्तविक स्थिति लाई अगाडि बढाइरहेको देखिन्छ । सामान्यतया,यी जातीहरु धानखेती र धनुष चलाउनमा पोक्त मानिने यी जातको अवस्था लाई गर्मभिर रुपमा अध्ययन् गरिनु जरुरी छ ।

परापूर्वकालमा धानुक चार भाई थिए । त्यसमध्ये एक भाई कमजोर आर्थिक अवस्थाको कारण रोजगारी पाउनको लागि भारतको “मगह” गयो र बाँकी दुई भाई आमाबुबाको हेरचाहमा नेपालमै रहीरह्यो । यसैबेला आमाको अकस्मात मृत्यु हुन गयो आमाको मृत्युपश्चात् काजकिरियाको लागि एक भाई दूध नपाउन तथा लिनको निम्ति गाउँघरतिर गयो र कारणवश ऊ फर्किएन । त्यसपछि जो भाई किरियामा बसेको थियो, उसले एक्लैले जसोतसो घरमा आमाको किरिया कर्म गर्नु पर्‍यो । तर बाँकी दुई भाईहरूले न त कपाल खौराए न त आमाको किरिया कर्ममा सहभागी नै भए । त्यसैले धानुक जातिभित्र ठूलो सानोको सामान्य भेदभाव यदाकदा देखिए तापनि आजभोली यो अवस्था नरहेको देखिन्छ  । उनीहरू राजवंशी धानुक हुन् । तर जनसंख्या थोरै भएको

कारणले यिनीहरूको बैवाहिक सम्बन्ध लगायतका अन्य कुराहरु आसपासका धानुकहरूसँग परापूर्वकालदेखि नै हुँदै आएको स्थलगत अध्ययन र खोजतलासबाट जानकारीमा आएको देखिन्छ । साथै यिनीहरूको वैवाहिक सम्बन्ध सिरोट, मगहिया, दूधवार, सुरधानुक तथा गन्गाईसँग हुन थालेकोले आफ्नो वास्तविक पहिचान यिनीहरूसँगै जोडेर भन्ने र देखाउने गर्दछ । भाषागत रूपमा यिनीहरूको भाषाको अहिले सम्म पहिचान हुन सकेको छैन । तर पनि यिनीहरु बोल्ने क्रममा शब्दका अन्तमा छ र ह लगाएर बोल्ने गर्दछन् । तर यस्ता भाषाहरू लोप भएर पनि स्थानीय स्तरकै भाषाहरू बोलेको पाइन्छ ।

आदिमकालदेखि नेपालमा बसोबास गर्दै आएका पूराना जातिहरूमध्ये धानुक एक प्रमुख जाति हो । कृषि कर्मलाई मुल पेशा बनाई समथर भू-भागमा बसोबास गरी जीविकोपार्जन गर्ने धानुक जाति सिरहा जिल्लामा बसोबासका दृष्टिले सबभन्दा पुरानो मानिन्छ । धानुक जातिको उत्पत्ति र इतिहासबारे स्वदेशी तथा विदेशी दुवै थरीका विद्वानहरूमा वैचारीक मतभिन्नता पाइन्छ । चुच्चो र चेप्टो नाक, चेप्टो अनुहार, गहुँगोरो वर्ण, कालो खस्रो कपाल, वर्तुलाकार शीर, करीब-करीब थारुसँग मेलखाने अनुहार भएको जातिको शारीरिक बनावट र सामाजिक संरचना आफ्नै किसिमको छ ।

यथासम्भव अध्ययन गरे अनुसार धानुक जातिको शारीरिक लक्षण हेर्दा इन्डो–आर्यन जातिको लक्षणसँग मिल्दोजुल्दो पाईन्छ । अनुहार अण्डाकार कालो र सिधा कपाल, ठूलो र फुलेको आँखा, आँखाको नानी कालो, ठूलो कान, लाम्चो चीउडो, शरीरमा प्रशस्त रौं, दारी जुङ्गा भएका हुँदा यिनीहरू काला वर्णका हुन्छन् । सरल, मेहनती, छिटो नरिसाउने, अरूप्रति छिटो विश्वास गर्ने धार्मिक प्रवृत्तिका हुन्छन् ।

झापाको आदीवासी जातिहरूमा संख्यात्मक हिसाबले थोरै भएपनि छरिएर रहेका जाति धानुक हो । यस जिल्लामा धानुक समुदाय निकै अगाडिदेखि बसोबास गर्दै आएका छन् । यस क्षेत्रमा अन्य जातिको आगमनसँगै धानुक जातिको आगमन भई यहाँका सबै जातिसँग घुलमिल धानुकको अध्ययन् क्षेत्रमा गम्भिर रुपमा अध्ययन् गरिएको छ । सबै जातिसँग घुलमिल भई जिल्लाका सबै गा.वि.स.हरूमा बसोबास गर्दै

आइरहेका धानुकहरुमध्ये गौरादह -२ मा बसोबासित धानुकहरु राजवंशी धानुकहरु हुन्। धानुकहरू प्रायः समथर भू-भागमा बस्न रुचाउने जाति भएकोले झापा जिल्लाको गा.वि.स. गौरादह को समतल भू-भाग २ नं. वडामा यस जातिको बसोवास रहेको पाइन्छ । यिनीहरूको आफ्नै किसिमको सामाजिक स्तर, सांस्कृतिक प्रचलन रहनसहन भएको पाइन्छ । यिनीहरुको जात थोरै संख्यामा भएकोले जिल्ला भित्रका अन्य गा.वि.स.हरुमा भएका सिरोट, मगहिया, दुधवार, सुरधानुक र गन्गाईसँग वैवाहिक कार्यक्रमलाई अगाडि बढाएकोले यिनीहरुको गणना सिरोट, मगहियामा हुने गरेको स्थलगत अध्ययनबाट जानकारीमा आएको छ ।

गौरादह गा.वि.स.मा धानुकहरुको पारीवारीक संरचना लाइ हेर्दा यिनीहरु सानै उमेरमा बिहेवारी गरी आर्थिक , सामाजिक काममा खटिन पर्ने भएकाले आमा बुबा सग छुटिएर बस्ने र भबिष्यका पारीवारीक जीवन प्रति गमभिर नभएका यी जातीहरु सानै उमेरमा गर्वधारण गर्ने र जसले गर्दा अकालमै मृत्य भएको खबरहरु पनि अध्ययन् बाट सजिलै प्राप्त गरिएको छ । फलत शैक्षिक अवस्था त्यति राम्रो नरहेको यी जाती अर्काको देखासेखी गरेर सरकारी विधालयहरुमा आफ्ना वालवालिका लाई थौरै मात्रामा पढाएको देखिन्छ । आर्थिक विपन्नता र दई हातमख जोडन्को निर्मित भएता पनि यी जातिहरु अन्य जाती सग नङ मासुको सम्वन्ध भए झैं मिलेर वसेको पाईयो । गौरादह गा.वि.स.मा धानुकहरुको वर्तमान अवस्था लाई हेर्दा आधुनिक प्रविधि रेडियो , टि .भि ,मोवाइल आदीले गर्दा लवाइ खवाई तथा रहनसहन मा गमभिर प्रभाव परेको देखियो। परम्परागत लुगा फाटोको सट्टा आधुनिक पहिरनहरु लगाइएको पाइयो ।

यस शोधकार्यको अध्ययन क्षेत्र अन्तर्गत रहेको गौरादह गा.वि.स.का धानुक जाति पहाडी मानिसहरूको सम्पर्कले गर्दा आफ्नो चाल-चलन तथा भेषभूषा भुलीसकेको देखिन्छन् । यहाँका धानुक जातिलाई आफ्नो उत्पत्ति थलोबारे खासै जानकारी नभए पनि बुढापाका धानुकका अनुसार उनीहरूका पूर्खा धनुषा जिल्लाबाट बसाई सर्दै झापा आईपुगेका हुन् । यस गा.वि.स.का धानुक जातिमा मण्डल, चौधरी, महतो, सदा, धानुक, धनकर, डी.सी., के.डी. आदि थरहरू भएपनि उनीहरूले आफ्नो नामको पछाडि मण्डल प्रायः लेख्ने गरेको पाइन्छ । सिरोट, मगहिया, दुधवार, सुर र

राजवंशी गरी ५ वटा शाखामा विभाजित धानुक जातिको संगोत्री जातिहरूमा कुर्मी, केवट, अमात र गन्गाई रहेका छन् । यस गौरादह गा.वि.स.का धानुक जातिको सामाजिक, सांस्कृतिक अवस्था अन्य जातिको भन्दा फरक रहेको छ । प्राय गरी बिहान भिसमिसेमा उठेर आफ्नो नित्य कर्म झै हातमा बन्चरा, कोदालो र खुर्पी लिई जंगलतिर गई जंगलका कन्दमुल बटुलेर विक्री वितरणको साथै आफ्नो आहाराको निम्ति समेत प्रयोग गर्ने गर्दछन् । राजवंशी धानुकहरु निडर तथा परिश्रमी रही आ-आफ्नो थोरै जग्गामा भएपनि मौसमी बालीहरु लगाउने गर्दछन् । चेली छोरीहरु सामान्यत थारुहरुको जस्तै खुला रुपमा हाटबजार आदि ठाउँमा जाँदा कुनै नकारात्मक दृष्टिकोणले नहेर्ने तथा पूर्ण रुपमा खुला समाज बनाई यहाँका राजवंशी धानुकहरु अन्य जातिहरुको सम्पर्कमा रही मगर, तामाङ्गका भाषा समेत सजिलै बोल्ने गरेको देखिन्छ । यिनीहरुको बच्चाहरुले स्पष्ट नेपाली पाँच वर्षकै उमेरदेखि बोल्न थालेको देखिनुको साथै अन्य जातिका मानिसहरु सँग छिट्टै घुलमिल हुने गर्दछ ।

## ५.२ जनसंख्या

कुनैपनि ठाउँको सामाजिक अवस्था त्यहाँको जनसंख्याको वनावट, उमेर र लिङ्गमा आधारित हुन्छ । अध्ययनको क्रममा उत्तरदाताको उमेर अनुसारको जनसंख्या गणना गरिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६ : उमेर अनुसार जनसख्यांको विवरण**

| क्र.सं. | उमेरसमूह | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | ० -९ | १५ | २३.०७ |
| २ | १० -१९ | १८ | २७.६९ |
| ३ | २०-२९ | ५ | ९.२३ |
| ४ | ३०-३९ | ५ | ७.६९ |
| ३ | ४०-४९ | ७ | १०.१६ |
| ४ | ५०-५९ | ९ | १३.८४ |
| ५ | ६० भन्दा माथि | ५ | ७.६९ |
| | | ६५ | १०० |

–(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिका नम्वर ६ अनुसार ० देखि ९ वर्ष उमेर समूहका उत्तरदाताको संख्या १५ वा २३.०७% रहेको छ त्यस्तै,१० देखि १९ वर्ष उमेर समूहका उत्तरदाताको संख्या १८ वा २७.६९% रहेको छ । २० देखि २९ वर्ष उमेर समूहका उत्तरदाताको संख्या ६ वा ९.२३% रहेको छ भने ३० देखि ३९ वर्ष उमेर समूहको उत्तरदाताको संख्या ५ जना रहेको छ जुन कुल नमूनाको ७.६९% हुन जान्छ। त्यस्तै ४० देखि ४९ वर्ष उमेर समूहको उत्तरदाताको संख्या ७ रहेको छ जुन प्रतिशतको हिसावले हेर्दा १०.१७ प्रतिशत हुन जान्छ। त्यसरी नै ५० देखि ५९ वर्ष उमेर समूहका उत्तरदाताको संख्या ९ रहेको छ। जुन १३.८४% भएको देखिन्छ भने ६० वर्ष उमेर समूहमाथिका उत्तरदातसंख्या ७.६९% अर्थात ५ जना रहेको छ।

### ५.२.१ जनसंख्याको लिङ्गगत विवरण

सामाजिक अध्ययनमा लिङ्गगत विवरणले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । यसै सम्बन्धमा अध्ययन गरिएको ९ घरपरिवारमा १० जना अर्थात ३.७० प्रतिशत पुरुष र १७ जना अर्थात ६२.९६ प्रतिशत महिला उत्तरदाता रहेका छन् । यसबाट महिला भन्दा पुरुष उत्तरदाता बढी रहेको देखिन्छ ।

**तालिका नं. ७: उमेर र लिङ्ग अनुसार जनसख्यां परिवारको विवरण**

| उमेर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुलजनसंख्या | प्रतिशत(%) |
|---|---|---|---|---|---|---|
| ०-४ | ६ | २२.२२ | ११ | २८.९४ | १७ | २६.१५ |
| ५-१४ | ९ | ३३.३३ | १३ | ३४.२१ | २२ | ३३.८४ |
| १५-५९ | ७ | २५.९२ | १० | २६.३१ | १७ | २६.१५ |
| ६०+ | ५ | १८.५१ | ४ | १०.५२ | ९ | १३.८४ |
| जम्मा | २७ | १००.०० | ३८ | १००.०० | ६५ | १००.०० |

–(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिका नम्वर ७. अनुसार छनोट परिवारको जम्मा संख्या ६५ रहेको छ । जस मध्ये महिला ५८.४६ प्रतिशत र पुरुष ४१.५३ प्रतिशत रहेका छन् । यस तालिकामा ०-४ वर्ष उमेर समुहको जनसंख्यालाई शिशुको रुपमा, ५-१४ वर्ष उमेर

समुहको जनसंख्यालाई विद्यालय जाने उमेरको बालबालिकाको रुपमा लिइएको छ । यस्तै गरी १५-५९ वर्ष उमेर समुहको जनसंख्यालाई आर्थिक रुपमा सक्रिय जनसंख्याको रुपमा र ६० वर्ष भन्दा माथिको जनसंख्यालाई निष्कृय जनसंख्याको रुपमा लिइएको छ । यस तालिकाबाट प्रष्ट हुन्छ कि ०-४ वर्ष उमेर समुहको जनसंख्या भन्दा ५-१४ वर्ष उमेर समुहको जनसंख्या बढी देखिन्छ । १५-५९ वर्ष उमेरको जनसंख्यालाई आर्थिक उपार्जन ठगर्न सक्षम उत्पादक जनसंख्याको रुपमा लिन सकिन्छ । यस धानुक जातिमा यो उमेरको जनसंख्या सबभन्दा बढी २६.१५ प्रतिशत रहेको देखिन्छ । यो उमेरको जनसंख्यालाई हेर्दा महिला २६.३१ प्रतिशत देखिन्छ र पुरुष २५.९२ प्रतिशत देखिन्छ । यस्तै गरी ६० वर्ष भन्दा माथिको जनसंख्या सबभन्दा कम १३.८४ प्रतिशत रहेको छ ।

## ५.३ परिवारको किसिम

परिवार सर्वव्यापी सामाजिक संस्था हो । परिवार मा संख्याका आधारमा सदस्यहरू रहेका हुन्छन् । आमाबुबा र तिनीहरूको अविवाहित छोराछोरी मात्र रहेको परिवारलाई एकल परिवार भनिन्छ । आजको आधुनिक समाजमा यस्तो किसिमको परिवारमा वृद्धि भएको पाईन्छ । तीन वा तीनभन्दा बढी पुस्ता एउटै परिवारमा रहन्छन भने यस्तो परिवारलाई संयुक्त परिवार भनिन्छ । यस शोधपत्रको अध्ययन क्षेत्र गा.वि.स. गौरादह वडा नं. २ मा वस्ने धानुक जातिको घरपरिवारको किसिमलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८: परिवारको वनावटको आधारमा जनसख्याको विवरण**

| क्र.सं. | परिवारको किसिम | घरसंख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | एकल | ६ | ३३.३३ |
| २ | संयुक्त | १२ | ६६.६६ |
| जम्मा | | १८ | १००.०० |

–(स्थलगत अध्ययन, २०७३)

माथिको तालिका नम्वर ८.अनुसार अध्ययन क्षेत्र गौरादह गा.वि.स. वडा नं. २ का कुल ९ घरधुरीमध्ये ३ अर्थात ३३.३३% एकल परिवार र बाँकी ६६.६६ प्रतिशत घरपरिवार संयुक्त परिवारमा बसेको देखिन्छ । यसरी अध्ययन क्षेत्रका धानुकहरूको पारीवारिक संरचना संयुक्तवाट एकल परिवारतिर परिवर्तन हुँदै गएको पाईन्छ । यसरी धानुक जातिमा एकात्मक परिवारप्रतिको आकर्षण बढ्नुमा छोराहरूले बाबुसरह बराबरीको माग गर्नु, जनसंख्याको वृद्धि हुनु, बढ्दो गरीबी, घरपरिवारको व्यवस्थापनमा समस्या, तथा सामाजिक परिवर्तन आदि प्रमुख कारण रहेको पाइन्छ ।

यस्तो परिवार देखिनुको कारण सामान्यतया न्युन आर्थिक सँथिति, खानपिनमा हुने कठिनाई र जनचेतनामा सुधार आदी रहेका छन् ।

## ५.४ घरको वनावट

वासस्थान हरेक मानिसको एक महत्वपूर्ण आधारभूत आवश्यकता हो । अध्ययन क्षेत्रका धानुक जातिको घर बनाउने शैली प्रायः एकै प्रकारको पाइन्छ । परम्परागत रूपमा धानुकहरूको घर काठको खामा ३-४ लहर गाडेर, बाँस वा अन्य काठले बेरेर त्यसमा गोवर माटोले लिपेर बनाइएको हुन्थ्यो । कोठामा कोठावाट बाहिर देखिनको निम्ति भित्ताहरूमा स-साना दुलो बनाउने चलन थियो । घरको छाना प्रायः खर, पराल, घाँस आदीले छाएको हुन्थ्यो । तर आजकल परम्परागत घर वनाउन छोडेर पहाडिया परम्पराका तले घर बनाइएको पाइन्छ । यसका साथै घरमा ठूला-ठूला कोठा झ्यालहरू वनाईएको पाइयो । अधिकांश घर टायल वा जस्ताले छाना छाएको पाइन्छ । सम्पन्न धानुकहरूले पक्की घर पनि वनाईएको पाइयो र भान्साकोठा कसैको वेग्लै घरमा हुन्छ भने कसैको एउटै घरमा हुन्छ । अध्ययन क्षेत्रका नमूना छनोटमा परेका उत्तरदाताहरूको घरको किसिमलाई निम्न तालिकामा देखाईएको छ ।

**तालिका नं. ९: घरको किसिमको आधारमा उत्तरदाताको विवरण**

| क.सं. | घरको किसिम | घरसंख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | कच्ची | १५ | ८३.८८ |
| २ | पक्की/ढलान | ३ | १७.७७ |
| जम्मा | | १८ | १००.०० |

(स्थलगत सर्वेक्षण, २०७३)

माथि उल्लेखित तालिकामा धानुकहरूको घरको किसिमलाई देखाइएको छ । यी घरहरूमा कच्ची घर १५ वटा अर्थात ८३.८८ प्रतिशत र पक्की ३ वटा अर्थात १७.७% पाईयो । कच्ची घरहरूमा पहाडीया परम्पराका काठ र माटो प्रयोग गरेको एक वा दुईतले वनाएको देखिन्छ भने कच्चीघरको छाना इटाको टायल, खर, पराल आदिले छाएको देखिन्छ भने ३ वटा ढलान गरी बनाएको पाइन्छ । यसवाट के निष्कर्ष निकाल्न सकिन्छ भने धानुक जातिमा परम्परागत घर वनाउने चलन घट्दै गएको छ । यस्तै गरी अन्य जातिहरूसँगको सम्बन्धले गर्दा पहाडीया परम्पराका घरहरू बनाउन थालेको पाइन्छ ।

यस जातिमा मा फरक आउनुको कारण छिमेकी को देखासेखी र आर्थिक स्थितिमा सुधार हुनु देखिएको छ ।

## ५.५ शिक्षा

आजको एक्काईशौ शताब्दीमा शिक्षा अत्यन्त महत्वपूर्ण कुरा भएको छ । जवसम्म समाजमा शिक्षाको विकास हुँदैन तव सम्म कुनैपनि विकास हुन सक्दैन । नेपालमा धानुक जातिमा अन्य जातिको तुलनामा साक्षरता प्रतिशत निकै कम देखिन्छ । जसको फलस्वरूप धानुक परिवारमा अरुको घरमा काम गर्ने, मालिक भनाउँदाको घरमा चामल निफन्ने प्रथा हालसम्म पनि पाइन्छ । अध्ययन क्षेत्र गौरादह गा.वि.स. वडा नं. २ मा बसोबास गर्ने धानुक जातिमा शिक्षाको स्तर अन्य जातिको तुलनामा कमजोर पाईन्छ । तापनि हाल शैक्षिक जागरणका कारण आफ्ना बालबच्चाहरूलाई

विद्यालय पठाउने क्रम जारी रहेको पाइन्छ । यस क्षेत्रका धानुक जातिको लागी अध्ययन गर्ने विद्यालय नजिकै भएको कारण सबैजसो बालबच्चाहरू विद्यालय जाने गरेको देखिन्छ । विद्यालय शिक्षाबाट वञ्चित धानुकहरूले प्रौढशिक्षा बाट साधारण ज्ञान हासिल गरेको पाईन्छ । यस क्षेत्रका धानुक जातिमा आई.ए. वा सो भन्दा माथि अध्ययन गर्ने जनसंख्या निक्कै कम रहेको देखिन्छ । विद्यालय गएपनि विचैमा पढाई छोडने प्रवृत्ति रहेको देखिन्छ । यस गा.वि.स.का धानुकजातिको शैक्षिक स्थिति के कस्तो भन्ने कुरा तलको तालिकामा देखाईएको छ ।

**तालिका नं. १० : जनसख्याको शैक्षिक योग्यता अनुसार जनसंख्या**

| क्र.सं. | शिक्षाको किसिम | पुरुष | प्रतिशत | महिला | प्रतिशत | कुल जनसंख्या | प्रतिशत (%) |
|---|---|---|---|---|---|---|---|
| १. | १-५ कक्षा | ३ | ११.११ | १३ | ३४.२१ | १६ | २४.६१ |
| २. | ६-१० कक्षा | २ | ७.४० | १३ | ३४.२१ | १५ | २३.०७ |
| ३. | एस.एल.सी. | ५ | १८.५१ | ४ | १०.५२ | ९ | १३.८४ |
| ४. | आई.ए. | ५ | १८.५१ | २ | ५.२६ | ७ | १०.७६ |
| ५. | बी.ए. | ४ | १४.८१ | २ | ५.२६ | ६ | ९.२३ |
| ६. | एम.ए. | २ | ७.४० | १ | २.६३ | ३ | ४.६१ |
| ७. | साक्षर | ३ | ११.११ | १ | २.६३ | ४ | ६.१५ |
| ८. | निरक्षर | ४ | १४.८१ | २ | ५.२६ | ६ | ९.२३ |
| | जम्मा | २७ | १००.०० | ३८ | १०० | ६५ | १०० |

–(स्थलगत अवलोकन, २०७३)

शिक्षाको स्तरलाई हेर्दा अध्ययन क्षेत्रमा १-५ कक्षा सम्म पुरुष ३ जना अर्थात् ११.१%, महिला १३ जना अर्थात् ३४.२१% रहेका छन् । ६- १० कक्षा सम्म पुरुष २ जना छन् भने महिला १३ जना रहेका छन् । त्यस्तै, एस.एल.सी. ५ जना पुरुषले मात्र उत्तिर्ण गरेको देखिन्छ । आई.ए. सम्मको शिक्षा जम्मा पुरुष ५ जना छन् ,तर महिला

२ रहेका छन् । वि.ए. सम्मको पढाई ४ जना पुरुषले गरेको तर महिला २ रहेका छन् । साक्षर सामान्यत १जना महिला देखियो । निरक्षर जनसंख्यामा पुरुष ४ जना र महिला १ जना छन् ।

सामान्यतया , आर्थिक स्थितिमा भएको सुधार र सरकारको वाध्यात्मक शिक्षा प्रणालीले गर्दा उनीहरुको वर्तमान शैक्षिक स्तरमा सुधार आएको देखिन्छ । र अझै पनि महिलाहरुमा खासै शैक्षिक स्थिति सुधार रहेको देखिदैन् ।

## ५.६ परिवार नियोजन

यस अध्ययन क्षेत्र गा.वि.स. गौरादह वाड नं. २ मा बसोबास गर्ने अत्यधिक धानुक व्यक्तिहरूलाई परिवार नियोजन सम्बन्धी जानकारी रहेको पाइयो । उत्तरदाता सवै महानुभावहरूलाई परिवार नियोजन सम्बन्धी जानकारी रहेको पाइन्छ । परिवार नियोजनको ज्ञान हुनेहरूमध्ये प्रायजसोले अस्थायी परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो भने कमैले मात्र स्थायी परिवार नियोजनको साधन प्रयोग गरेको पाइयो । यस्तै जानकारीको स्रोतमा रेडियो, पत्रपत्रिका, टि.भी. स्वास्थ्यकर्मीहरू आदि रहेका छन् । हालका साक्षर पिढीमा भने परिवार नियोजन गरी थोरै बच्चा जन्माउने धारणाको विकास भएको पाइन्छ । विशेषगरी महिला तथा पुरुषले गर्ने अप्रेशन तथा अस्थायी साधनमा कण्डम, पील्स, डिपोप्रोभेरा आदि रहेका छन् । दुवै किसिमका साधनहरूको प्रयोग अधिकांश रूपमा महिलाहरूले नै प्रयोग गरेको पाइन्छ । उत्तरदाता धानुकहरूको परिवार नियोजनको साधनको प्रयोगलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११: उत्तरदाताले प्रयोग गरेको परिवार नियोजनको साधन**

| क.सं. | घरको किसिम | घरसंख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १ | प्रयोग गरेको | १३ | ७२.२२ |
| २ | प्रयोग नगरेको | ५ | २७.७७ |
| जम्मा | | १८ | १०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

अध्ययन क्षेत्रमा परिवार नियोजनको साधन प्रयोग गरेको जम्मा जनसंख्या १३ जना रहेको पाइयो जुन प्रतिशतको हिसावले ७२.२२% देखिन्छ । तथा प्रयोग नगरेको ५ जना पाइयो जुन प्रतिशतको हिसावले २७.७७ प्रतिशत देखिन आउँछ ।

सामाजिक चेतनामा आएको परिवर्तन र सहभागितामुलक तालिमको प्रभाविकरणले गर्दा र थोरै सन्तति लाई सहज वातावरणमा लालन–पालन गर्न सजिलो हुने हुदा वर्तमानमा धेरै नै तुलानात्क रुपमा सुधार भएको देखिन्छ ।

## ५.७ स्वास्थ्य

यस क्षेत्रमा धानुक जातिको सरसफाईसम्बन्धी चेतनामा अभिवृद्धि नभएकाले वातावरण त्यति सफा देखिँदैन, घर अगाडिको सडकमा बिहान र बेलुका भाँडावर्तन सफा गर्ने गरेको पाइनुका साथै रातभरि नित्यकर्मको लागि बाटोघाटोनै प्रयोग गरिएको पाइन्छ । खानेपानीको लागि इनार र धाराको प्रयोग गरेको देखिन्छ । वर्तमान समयमा धानुक जातिमा आएको शैक्षिक जागरण, स्वास्थ्य सम्बन्धी चेतना बढ्दो उपचारकेन्द्रले विरामी पर्दा सोझै अस्पताल लैजाने क्रम बढिरहेको पाइन्छ । यहाँका धानुक जातिमा उपचार गर्ने पद्धतिबारे तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न. १२ : उपचार पद्धतिको आधारमा जनसख्ंयाको विचार**

| क्र.सं. | उपचार पद्दति | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | परम्परागत पद्धति (झारफूक) | ११ | ६१.११ |
| २. | आधुनिक पद्धति | ७ | ३८.८८ |
| | जम्मा | १८ | १०० |

( अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिका नम्वर १२ मा ६५ घरपरिवार जनसख्ंयाहरूमध्ये परम्परागत उपचारपद्धतिलाई प्राथमिकता दिने उत्तरदाता ६१.११ प्रतिशत छन् । आधुनिक पद्धति लाई अपनाउनेको संख्या ३८.८८% रहेको छ । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ

भने धानुकहरूको आफ्नै परम्परागत उपचारपद्धतिलाई (धामी झारफुक) कायमै राखे पनि अस्पताल लैजाने प्रवृत्ति बढेको देखिन्छ । अहिले को शिक्षित युवा वर्गले परम्परागत पद्धतिप्रति कम विश्वास गर्न थालेको देखिन्छ ।

यस गा.वि.स.का वडा नं. २ मा बसोवासित धानुकहरूको घरमा शौचालयको व्यवस्था छैन । शौचालयको रूपमा बाँसघारी, खुला चौर, खोला आदि प्रयोग गरेको पाइन्छ ।

## ५.८ महिलाको स्थिति

धानुक जातिको परिवारमा महिलाहरूको स्थिति उच्च जातिहरूभन्दा उच्च नै हुन्छ तथा स्वतन्त्रता पनि तुलनात्मक रूपले बढी नै देखिन्छ । धानुकहरूको दैनिक, सामाजिक तथा आर्थिक जनजीवनमा स्त्रीहरूले महत्वपूर्ण भूमिका निभाएका हुन्छन् । धानुक पुरुष समाज पुरुष प्रधान भए पनि घरायसी कामकाजहरूमा पुरुषभन्दा महिलाको योगदान बढी देखिन्छ । यस क्षेत्रमा महिलाहरू घरेलु क्रियाकलाप, घरधन्दा, दियालो बेच्ने, जस्ता काममा बढी समय बिताउने गर्दछन् । शिक्षा, स्वास्थ्य रोजगारी, राजनीति आदि क्षेत्रमा महिला वर्ग निक्कै पछाडि परेको देखिन्छ । घरव्यवहारका काममा निर्णयकर्ता र सल्लाहकारको भूमिका निभाउने कार्यमा महिलाको पनि प्रमुख भूमिका रहेको हुन्छ । आजभोली भने केही मात्रामा छोराछोरीलाई पढाउने उनीहरूको विवाह गर्ने कुरामा महिलावर्गको निर्णायक भूमिका बढ्दै गएको पाइन्छ ।

आजभोली केही जागरुक महिलाहरू मिलेर महिला उत्थानको लागि महिला समूह गठन गर्ने तथा चेतनाको विकास गर्ने काममा सक्रिय हुँदै आएका छन् । विभिन्न प्रकारका सीपमूलक तालिमहरू लिँदै आएको पाइन्छ ।

सामान्यतया , विभिन्न सघं–संगठनको गाउ–गाउमा स्वास्थ्य प्रति जनचेतनात्मक कार्यकममा जोड , रेडियो, टि.भि सुचानात्मक प्रचार–प्रसारका आदीका कारणले गर्दा वर्तामान सँथितिमा स्वास्थ प्रति यी जातिहरु पनि सचेत रहेको देखिन्छ । भने, आर्थिक

सथिति जसको सवल छ उसले स्वास्थ सेवाहरु सजिलै रुपमा ग्रहण गरेको र निम्नहरुले कष्टर्पूण समस्या उठाई परम्परागत् पद्धति नै अपनाएकने देखिन्छ ।

## ५.९ सम्पत्तिको हक

परम्परागत रूपमा नेपालको चलन पैतृक सम्पत्तिमा विशेषगरी छोराहरूको हक लाग्ने गर्दछ । यसरी यस अध्ययन क्षेत्रमा पनि यही प्रचलन रहेको पाइन्छ । पैतृक सम्पत्तिमा महिलाको अधिकार एक आन्दोलन भए पनि हालसम्म यस आन्दोलनको यस क्षेत्रमा कुनै प्रभाव परेको पाइँदैन । पैतृक सम्पत्तिको स्थान्तर पनि छोरामै जाने परम्परा यहाँका धानुक जातिमा पाइन्छ ।

## ५.१० भेषभूषा

जातजाति अनुसार भेषभूषा पनि फरक-फरक पाइन्छ । धानुक जातिको पनि आफ्नै किसिमको भेषभूषा छ । पुरुषलाई मरद र महिलालाई धौनकिनिया भनिन्छ । पुरुषहरूले भोटो र लगौँटी लगाउने चलन थियो ।

तर वर्तमानमा युवाहरू पाइन्ट, सर्ट, कोट आदि लगाउँछन् । महिलाको भेषभूषामा विवाह अघि र पछि बेग्लै प्रकृतिको हुन्छ । साना ८-१० वर्ष सम्मका छोरीहरूले फ्राक लगाउँदछन् भने त्यसभन्दा माथिकोले चोलो लगाउने चलन पाइन्छ । विवाह भैसकेका महिलाले भने भिन्नै किसिमका लुगा लगाउँछन् । जस लाई साडी चोलो भनिन्छ । वर्तमान समयमा पुरुषहरूले कमिज, पाइन्ट, टिर्सट, लगाएको पाइन्छ भने महिलाहरूले साडी, व्लाउज, कुर्ता, सलवार लगाउँछन् । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने धानुक समाजमा पनि परम्परागत पहिरनमा परिवर्तन आउन थालेको देखिन्छ । भर्खर मात्र शिक्षा तथा चेतनाको विकास हुन थालेकोले पूरानो विचारमा परिवर्तन आउँन थालेको आभाष पाइन्छ ।

**तालिका नम्वर १३ भेष–भूषामा जनसख्याको विवरण**

| पहिरनका किसिम | महिला | पुरुष | जम्मा | |
|---|---|---|---|---|
| सारी ,व्लाउज | १९ | ० | १९ | |
| कुर्ता सुरुवाल | ११ | ० | ११ | |
| पेन्ट–सर्ट | ८ | १६ | २४ | |
| धोती ,कछाड | ० | ११ | ११ | |

समग्रमा माथिको  तालिका नम्वर १३ वाट आधुनिकताका कारण र छर्–छिमेकको देखासेखीले गर्दा परम्परागत् पहिरन्हरु लोप हुदै गएको देखिन्छ। जसमा महिला भन्दा पूरुषहरु आधुनिकता तर्फ ढल्केको देखिन्छ।

## ५.११ भाषा

नेपालमा रहेका विविध जातिहरूले परापूर्वकालदेखि आफ्नो मातृभाषाको प्रयोग गर्दै आएको पाइन्छ। धानुक जातिको भाषाको हालसम्म पहिचान हुन सकेको छैन। त्यसैले ठाउँ अनुसारका भाषा यिनीहरूले बोल्ने गरेका छन्। यस अध्ययन क्षेत्रका धानुक जातिले आफ्ना घर परिवारमा मैथली र नेपाली भाषा मिसिएको भाषा प्रयोग गरेको पाइयो भने घरबाहिर साथीहरूसँग नेपाली भाषाको नै प्रयोग गरेको पाइयो। यहाँका धानुकहरूको ५ वर्षको बच्चाले समेत प्रष्ट नेपाली भाषा बोल्ने गरेको पाइयो।

## ५.१२ पूर्वज

धानुक जाति विदेहराज धमकमुनीका सन्तान हुन्। त्रेतायुगका लव र द्वापर युगका एकलब्यलाई समेत धानुक जातिको पिताको रूपमा मानिन्छ। वर्तमानमा

“अन्दी” मण्डललाई धानुक जातिको पुर्खा भनिन्छ । अन्दी मण्डल मगध शासन कालमा तिरहुत क्षेत्रका महासामन्त थिए । त्यसवेला धानुक जातिको सामाजिक, आर्थिक र राजनैतिक अवस्था राम्रो थियो । तत्कालीन शासन व्यवस्थामा यस जातिको वर्चस्व रहेकाले तिरहुतमा मगध शासनको पतन भएपछि धानुक जाति प्रतिशोधका शिकार भए । शासन, सम्पत्ति, जग्गा आदिबाट विस्थापित गराईए । पछि एकीकरणका नाममा तिरहुत राज्य नेपाल अधिराज्यमा गाभिएपछि धानुक जाति नेपाली नागरीक बन्न पुगे ।

## ५.१३ कुलदेवता

धानुक जातिको कुलदेवताहरूमा कालीवन्दी गौरैया, सोखा, धर्मराज, विष्हरा, मिरा सन्चिरैया देवी, दिहवार, मंगलधामी, भाइलाल कछेरिया, हनुमान, दुर्गा आदि रहेका छन् ।

## ५.१४ खानपान

धानुक जातिको आफ्नै संस्कृति, रहनसहन, भाषा रहेको छ । त्यस्तै प्रकारले आफ्नै खानपानको परम्परा छ । यी जातिको मुख्य खानामा भात, रोटी, तरकारी, माछा, मासु तथा दाल आदि हुन् । यिनीहरूले भेडाको मासु, हासको मासु, कुखुराको मासु, सुगुँरको मासु माछा, सितुवा, गँगटा खसीको मासु तथा घोडही खाने गरेको पाइयो ।

## ५.१५ धार्मिक अन्धविश्वास

धानुक जातिका मानिसहरू अन्य जातिहरूभन्दा बढी रुढिवादी संस्कार तथा धार्मिक अन्धविश्वासमा विश्वास गर्दछन् । उनीहरूमा मानिसको उत्पत्ति भगवानबाट भएको हो भन्दछन् । यसका साथै ढुंगा, माटो, काठको विभिन्न आकृतिलाई देवता मानि पूजा गर्दछन् ।

यिनीहरूको समाजमा धामी र बैद्यलाई डाक्टर सरह मान्ने गरिन्छ । यस्तै यस जातिमा भूत, प्रेत, बोक्सीबाट बच्न विभिन्न प्रकारको जन्तर बाँध्ने भाकल गर्ने र बली चढाउने गर्दछन्। हाल आएर धानुक जातिमा यस किसिमको प्रथामा विश्वास गर्ने प्रचलनमा कमी आएको पाइन्छ भने कतिपयले भूतप्रेतप्रति विश्वास मानेको देखिन्छ । (जानकार/प्राध्यापक रामलखन मण्डल, २०७३) स्थलगत अवलोकन ।

## ५.१६ माइनजनप्रथा

धानुक जाति जातिय सञ्जालमा परम्परागत रूपमा अझसम्म अलमलिएको पाइन्छ । धानुकहरूको बसोबास रहेको ठाउँ र क्षेत्रलाई विभाजन गरी समुदायलाई चलाउनको लागि खास नियमसहितको कार्यप्रणाली बनाएको हुन्छ, जसलाई सभा र चौरासी भनिन्छ । चौरासी भन्नाले धानुक समुदाय बसोबास गरेको ठाउँमा कम्तिमा ८४ भन्दा बढी धानुक गाउँहरू रहेका हुन्छन् , भने यस चौरासीमा समूहगत गाउँहरू विभाजन गरिएका हुन्छन् जसलाई सभा भनिन्छ । एउटा चौरासीभित्र कमसे-कम ५ वटासम्म समा हुन्छन् । जातिय स्तरमा रहेको विवाद मिलाउन चौरासी सभाको जरुरत पर्दछ ।

यसरी गठित सभा र चौरासीमा माइनजन र देवान रहेको हुन्छ जातिय समस्या उत्पन्न भएमा, जातिभित्र एक अर्काबीच जातिय प्रकृतिका विवाद उत्पन्न भएमा, विवाहवारी, तथा भोजभतेरसम्बन्धी क्षेत्राधिकार माइनजनको हुन्छ । माइनजनले जातिय छलफल विधिद्वारा निर्णय लिइन्छन् भने त्यस निर्णयको कार्यान्वयन गर्ने काम देवानको हुन्छ ।

## ५.१७ शारीरिक लक्षण तथा स्वभाव

यथासम्भव अध्ययन गरे अनुसार धानुक जातिको शारीरिक लक्षण हेर्दा इण्डोआर्यन जातिको लक्षणसँग मिल्दोजुल्दो पाइन्छ । अनुहार अण्डाकार, कालो र सिधा कपाल, ठूलो र खुलेको आँखा, आँखाको नानी कालो, ठूलो कान, लाम्चो चिउँडो, शरीरमा प्रशस्त रौं, दाह्री जुङ्गा भएका, पातला तथा अग्ला र बलिया यी जाति

देखिन्छन् । गरम हावापानीमा बस्ने र खेतमा बढी काम गर्ने हुँदा यिनीहरू काला वर्णका हुन्छन् । स्वभाव : सरल, मेहनती, छिटो नरिसाउने, अरूप्रति छिटो विश्वास गर्ने धार्मिक प्रवृत्तिका हुन्छन् ।

## ५.१८ सामाजिक संगठन तथा राजनीति

धानुक जातिमा प्रयाप्त मेलमिलाप तथा सांगठनिक एकता रहेको पाइन्छ । सामुहिक कार्य गर्न गाउँमा एउटा जान्ने बुझ्ने नेता छानिन्छ  यस्तो नेतालाई धानुकहरूले “माइनजन” भन्ने गर्दछन् । यसरी छानिएको नेताले गाउँका बुढापाका व्यक्तिसमक्ष आफ्ना समस्या प्रस्तुत गरेर सामाजिक सभाद्वारा निर्णय गराएर कार्य सञ्चालन गर्दछ । यस्तै यस जातिमा धार्मिक क्रियाकलापको नेतृत्व “धामी”लाई सुम्पिएको हुन्छ । वर्तमान समयमा यहाँका धानुकहरूले आफ्नो समाजको वर्चस्व कायम गर्न विभिन्न संघसंस्था जस्तै : धानुक सेवा समाज, धानुक विद्यार्थी समाज, डिक्का महासंघ आदि खोलेका छन् । यस्ता संगठनहरूबाट जातिय स्वतन्त्रता संरक्षणको लागि माग गरी रहेका छन् । यसैगरी यस क्षेत्रका धानुकहरूमा राजनैतिक जागरुकता पनि विस्तारै देखिन थालेको छ । वर्तमान समयमा यिनीहरू विभिन्न सिद्धान्तमा विश्वास राख्ने भएकोले राजनैतिक गतिविधि प्रति निकै अभिरुची राखेको देखिन्छ ।

## ५.१९ अतिथि सत्कार

धानुक जातिमा  पाहुनाको सत्कार गर्दा पहिले बस्ने ठाउँ दिइन्छ । त्यसपछि पानी दिइ हालखवर सञ्चोविसञ्चोको बारेमा सोधी बिहानको भोजनको समयमा भए बिहानको भोजन (जलखैइ) का लागि आग्रह गरिन्छ । त्यस्तै दिउसोको समयमा खाजाका लागि अनुरोध गरिन्छ तथा साँझ भए साँझको भोजनको लागि आग्रह गरिन्छ । रातको भोजनमा मासु भात, तरुवा, पकौडा खान दिइन्छ । रात बस्ने गरी आएका अतिथिलाई विदावारी गरी जानेबेलामा अलिपरसम्म पठाउने चलन रहेको पाइन्छ ।

## ५.२० धर्म र देवी देवताहरू

समाजशास्त्र/मानवशास्त्रमा धर्मलाई एउटा महत्वपूर्ण सामाजिक संस्थाको रूपमा मानिन्छ । धर्मले सामाजिक संरचनाका विभिन्न इकाइमध्ये एक क्षेत्र ओगटेको हुन्छ । सामाजिक, धार्मिक मुल्य-मान्यता र व्यवहारले मानिसका व्यवहारलाई नियन्त्रण र निर्देशन गर्ने भएकाले पनि धर्मको महत्वपूर्ण स्थान रहन्छ । संस्कृतिको विकासमा धर्मको प्रभाव पर्नुका साथै सामाजिक नियन्त्रण, सामाजिक परिवर्तन, सामाजिक व्यवहार र अन्तरसम्बन्ध, सामाजिक-सांस्कृतिक विकास, मानवीय विश्वास आदि पक्षमा धर्मको प्रत्यक्ष सम्बन्ध रहने हुँदा यसको अध्ययन मानवशास्त्र/समाजशास्त्रमा महत्वपूर्ण रहने गर्दछ ।

यस प्राकृतिक संसारमा मानवलाई आफ्ना इन्द्रियद्वारा, रूप, रङ्ग, गन्ध, स्पर्श, संख्या, परिमाण आदिको जुन बोध हुन्छ त्यसभन्दा भिन्न कुनै अलौकिक शक्ति छ भन्ने मानेर त्यससित सम्बन्ध स्थापित गर्ने जुन विचार आउँछ संभवतः त्यसैलाई धर्म भनेको पाइन्छ । त्यसैकारण त भनिन्छ "धर्मको तत्व गुप्त ठाउँमा लुकेर बसेको हुन्छ । यसलाई पाउन महापुरुष जुन बाटो जान्छन् अथवा लोकले जुन बाटो अपनाउँछ त्यहि बाटो जाँदा धर्मलाई पाउन सकिन्छ" (शर्मा, २०३९:११) धर्मसित यस्तो सम्बन्ध स्थापित गर्न मानवले अनेक विधिविधानको आविष्कार पनि गऱ्यो । संसारभन्दा भिन्न यस्तो शक्तिलाई मान्नु पारलौकिक सत्ता सित सम्बन्ध स्थापित गर्न मानवले अनेक विधि–विधानको आविष्कार पनि गऱ्यो ।

प्रत्येक जातजातिहरू ले कुनै न कुनै धार्मिक मान्यता राखेका हुन्छन् । धानुक समुदायले लामो समयदेखि सनातनको रूपमा चलेको हिन्दू धर्म मान्ने गरेका छन् । यस समुदायका हरेक कार्यमा धार्मिक मान्यताको अत्यन्तै ठूलो प्रभाव रहेको हुन्छ । धार्मिक हिसावले उनीहरू दुर्गा, काली, गणेश, शिव, ब्रह्मा, विष्णु, हनुमान, पार्वती, ईन्द्र, कृष्ण, नारायण आदि देवदेवीप्रति ठूलो भक्ति भाव राखी पूजाआजा गर्दछन् । यसरी नै उनीहरू प्रकृतिको पूजा गर्ने क्रममा नदीनाला, पोखरी, सूर्य, चन्द्र, अग्नि, वर, पिपल, तुलशी आदि समेतको पूजा गर्दछन् । यस समुदायमा प्रत्येक धार्मिक कार्य गर्दा

कुलदेवता र ग्रामथानको पूजा गरिन्छ । प्रत्येक धानुकहरूको गाउँमा एउटा ग्रामथान बनाइएको हुन्छ । धानुकहरू प्रत्येक दिन दिउँसोको खाना खानुभन्दा पहिला नुहाएर (स्नान) ठाकुर, बिसौरीको मन्दिरमा पूजा गर्ने गर्दछन् र खाना खान्छन् ।

## ५.२१ घर सिगार्ने चित्रहरू

तराई प्रदेशमा साधारणतया जमिनको अभाव नहुने हुनाले अरु जातिका समुदायले झैँ धानुक समुदायले पनि आफू बस्ने घरको लागि प्रायः प्रचुर मात्रामा जग्गा ओगट्ने गर्दछन् । प्रत्येक घरको पछाडि वा दायाँ–वायाँ मा तरकारी बारी राखेका हुन्छन् । त्यस्तै प्रत्येक जस्तो घरको अगाडि चोक हुन्छ र बाहिरबाट बीच-बीचमा हुँदै अर्को घर जाने बाटो पनि हुन्छ । धानुक समुदायले साधारणतया वैशाख जेष्ठतिर नयाँ घर बनाउने वा मर्मत गर्ने गर्दछन् र नयाँ घर बनाउन शुरु गर्नुभन्दा अगाडि ब्राह्मण पुरोहितद्वारा त्यस ठाउँमा मन्त्र पढेर पूजाआजा गराईन्छ । पूजाआजा गर्नुको अर्थ त्यस ठाउँका भूतप्रेत तथा पारिवारिक देवदेवतालाई खुसी पार्नु हो । यसो गरेमा कुनै नराम्रो घटना घट्दैन भन्ने बलियो विश्वास धानुक समुदायमा रहेको छ । अनि आफ्नो कूल देवताको पूजाआजा गरी नयाँ घरमा बस्ने गर्दछन् ।

धानुक जाति चित्र कोर्न वा बनाउन एकदम सिपालु हुन्छन् । यी चित्रबाट उनीहरूको संसकृति पनि झल्केको हुन्छ । चित्र लेख्नुलाई “लिखनाइ” भन्दछन् । चित्र लेखिकालाई “लिखनिहारी” भन्दछन् । धानुक जनजीवनको लागि यो अभिन्न अंग नै देखिन्छ । संस्कारहरूमा छठिहार, छेवर, विवाह आदिमा र चाडपर्व दीपावली, कृष्णअष्टमी, तिलासंक्रान्ति, सत्यनारायणपूजा, छठ आदि पर्वमा बनाउने चलन छ ।

## ५.२२ भाँडाकुँडा तथा हातहतियार

भाँडाकुँडा : धानुकहरूले प्रयोगमा ल्याउने भौतिक औजारहरू थोरै र साधारण खालको हुन्छ । धानुकहरूको पानी ल्याउने घैलादेखि पकाउने भाँडासम्म अधिकांश माटाको प्रयोग गर्दछन् ।

धानुक भाषामा भाँडाकुडाका नाम यसप्रकार छन् :

पानी ल्याउने माटोको भाँडा : घैला

भात पकाउने माटोको भाँडा : हण्डी अथवा कोही

दाल पकाउने माटोको भाँडा : हण्डी, कराही

दाल घोट्ने काठको ३ चोसो : घिर्नी, रही

फलामको डाडु : कल्छुल

भात चलाउने काठको पनीउ : दाईब

खेतीमा प्रयोग हुने औजार वा हात हतियार :

हलो : हर

कोदाली : कोदाईर

खुर्पी : खुर्पी अथवा खुर्पा

## ५.२३ जडीबुटी तथा औषधि उपचार

धानुक जाति अझसम्म पनि आफ्नै गाउँघरमा पाउने जडीबुटीद्वारा आफ्नो रोग निको पार्दछन् । वर्तमानमा केही नवयुवक युवती कम संख्यामा भए पनि डाक्टर कहाँ जान शुरु गरेका छन् ।

करिया धतुर : विवाहिता महिलाको बच्चा नभएमा करिया धतुरको डन्ठी कम्मरमा आइमाईले बाँधेर राखेमा गर्भवती भइन्छ भन्ने विश्वास गर्दछन् ।

आँपको कोया : धानुकहरू रगतमासीलाई "पेच होगेल" भन्दछन् । पेच होगेल भएमा आँपको कोयोभित्रको गुदी खाएमा निको हुन्छ भन्ने विश्वास गर्दछन् ।

प्याजको रस : झाडाबान्ता ज्यादा भएमा प्याजको रस खान दिन्छन् । प्याजको रस पिएमा झाडाबान्ता निको हुन्छ भन्ने विश्वास गर्दछन् ।

## ५.२४ विवाह संस्कार

धानुक समाजमा विवाह संस्कारलाई महत्वपूर्ण संस्कारको रूपमा लिएको पाइन्छ । धानुक जातिमा विवाहलाई दुरागमण, गौना भन्दछन् । यसलाई वडो हर्षोल्लासका साथ मनाइन्छ । विवाहको ३-४ दिन अघिपछिसम्म चहलपहल हुने गर्दछ । यसबेला आफ्ना इष्टमित्र तथा छर-छिमेकलाई निम्तो गर्दछन् । यसै क्रममा अध्ययन क्षेत्रका धानुक जातिमा प्रचलित विवाहका प्रकारहरूलाई तल वर्णन गरिएको छ ।

### ५.२४.१ मागी विवाह

धानुक समाजमा सबैभन्दा खर्चिलो विवाह मागी विवाह हो । यस क्षेत्रका धानुक जातिमा विवाह गर्ने क्रममा केटा तर्फ बाट केटीको घरमा एक जना लमी पठाइन्छ । कुरा मिलि सकेपछि विवाहको मिति ठेगान गर्न केटापक्षबाट घरमूली जाने चलन छ । यसलाई अगुवाई भन्दछन् । यस समारोहमा केटापक्षले केटीको घरमा ५ देखि ७ जनासम्म मानिसहरू लिएर जान्छन् जहाँ सामुहिक रूपमा केटीलाई दलान या बसघारामा बोलाएर सोधपुछ गर्ने काम गरिन्छ । एक आपसको मन मिलेपछि अर्थात विवाह हुने पक्का भएपछि आफ्ना इष्टमित्र छरछिमेकलाई मौखिक निमन्त्रणा दिइन्छ । तर आजकल भने हुने खानेले निमन्त्रणाकार्ड छपाउने चलनको शुरुवात गरेको छ । यस्तै यस जातिमा जन्ती प्रायः साझमा जाने गर्दछन् । दुलहाले आफ्नो गच्छे अनुसारको सर-सामग्री पातपहरा दुलहीका लागि कपडा, गरगहना लैजाने चलन छ । दुलहीको घरमा जन्ती पुगेपछि दुलही पक्षकाले दुलहालाई पर्छिदिन्छन् । रातभर विवाहको कार्यक्रम हुन्छ । विहान खानपान गराई जन्ती घर फर्कन्छन् ।

### ५.२४.२ प्रेम विवाह

केटा वा केटीको कुनै सार्वजनिक स्थल, बाटो, मन्दिर, स्कुल, चाडपर्व, नाँचगान, मेलापर्व आदिमा भेट भएपछि एक-अर्कामा माया प्रेम बढाउँदै गएर विवाहमा बाँधिने विवाहलाई प्रेमविवाह भनिन्छ । यस्तो विवाहमा केटा वा केटीको अभिभावकहरू को कुनै पनि संलग्नता रहेको पाइँदैन ।

### ५.२४.३ विधवा विवाह

पहिले-पहिले धानुक जातिमा विधवा विवाहको चलन रहेको पाइन्छ । यस जातिमा दाजुको मृत्युपछि भाउजूको विवाह देवरसँग गर्ने परम्परा थियो । तर वर्तमान समयमा भने यस्ता परम्परागत चलनहरू विरलै पाइन्छन् । साथै यस अध्ययन क्षेत्रका धानुकहरूमा यस्तो किसिमको विवाह भएको पाइएन ।

### ५.२४.४ सट्टापट्टा विवाह (गोलट)

धानुक जातिमा पहिले सट्टापट्टा विवाहको प्रचलन रहेको पाइन्छ । यस प्रकारको विवाह पद्धतिमा जुन घरबाट बुहारी भित्र्याइन्छ त्यसै घरमा छोरी दिने गरिन्छ । अचेल यो प्रथा पनि क्रमशः हराइसकेको छ ।

### ५.२४.५ अन्य विवाह

धानुक जातिमा प्रचलनमा रहेका विवाहहरूमध्ये मागी विवाह र प्रेम विवाह नै प्रचलित देखिन्छ । धानुक जातिमा प्रचलनमा रहेका अन्य विवाहहरूमा बालविवाह, बहुविवाह, आदि हुन् । आजकाल धानुक जातिमा बालविवाहको प्रचलन हटिसकेको छ । बहुविवाह पनि छिटफुट मात्रामा भएको देखिन्छ । आधुनिक शिक्षाको प्रभावले गर्दा आजकल धानुकहरूमा अन्तरजातिय विवाह पनि व्यवहारमा ल्याउन थालेको देखिन्छ । धानुक जातिमा दाइजोको प्रचलन गहिरो रूपमा जरो गाडेर रहेको देखिन्छ ।

### ५.२४.६ वैवाहिक उमेर

परम्परागत पद्धतिमा धानुक जातिमा केटाकेटीको विवाह सानै उमेरमा गरिदिने चलन रहेको पाइन्छ । वर्तमान समयमा भने यस चलनमा परिवर्तन आएको देखिन्छ । विवाहको उपयुक्त उमेरका बारेमा उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.१४. उचित वैवाहिक उमेरको आधारमा जनसख्याको विवरण**

| वैवाहिक उमेर | संख्या | प्रतिशत (%) |
|---|---|---|
| १८ भन्दा कम | १३ | २०.०० |
| १८ देखि २० | १७ | २६.१५ |
| थाहा छैन | १३ | २०.०० |
| २१ भन्दा माथि | २२ | २३.८४ |
| जम्मा | ६५ | १०० |

–(स्थलगत अध्ययन, २०७३)

माथिको तालिका नम्वर १४.अनुसार विवाहका लागि योग्य उमेरको बारेमा ३३.८४ प्रतिशत उत्तरदाताले केटाकेटीको उमेर २१ वर्षभन्दा माथि हुनुपर्छ भन्ने अभिव्यक्ति दिए । २६.१५ प्रतिशत उत्तरदाताले केटा वा केटीको उमेर १८ वर्ष देखि २० वर्षको उमेरमै विवाहयोग्य भएको बताए । त्यस्तै २०.०० प्रतिशत उत्तरदाताले विवाहयोग्य उमेर १८ वर्ष भन्दा कम भएको राम्रो भनी बताए नगन्यले यसबारे थाहा नभएको अभिव्यक्ति दिए ।

यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने धानुक समाजमा केटाकेटीको विवाह गर्ने परम्परागत शैलीमा परिवर्तन आएको देखिन्छ ।

### ५.२४.६.१ तीलक

तिलक युवायुवतीको वैवाहिक सम्बन्धको पक्का भएपछि, केटापक्षलाई केटीपक्षले दानको रूपमा रूपैयाँ, पैसा अर्थात नगद चल-अचल सम्पत्ति दिने काम धानुक जातिमा गरिन्छ । जसलाई नै तिलक भनिन्छ ।

### ५.२४.६.२ मटकोर

धानुक समुदायमा विवाहको पक्का भएपछि केटा र केटीको आ-आफ्नो घरमा कूलदेवता रहेको घरमा, काँचो बाँसको करची, केराको थम्बा गाडेर गोसाइँ घरको ढोकामा खासविधि गरिन्छ जसलाई मटकोर भनिन्छ । यस विधिमा केटाकेटी दुवैलाई

आ-आफ्नो घरमा बेलुका झपक्क साँझ परेपछि इनार वा पोखरीमा लगेर नुहाउने काम गरिन्छ । यो विधि विवाहको एकदिन अघि अर्थात वेरागणको समयमा गरिन्छ । मटकोर देखि अगाडि वैवाहिक गीतको सुरुवात यसरी हुन्छ ।

### ५.२४.६.३ आमवौह विवाह

धानुक समूदायमा जन्ति आएपछि वा अघि बेहुलीलाई आँगनमा ल्याएर उनकै हातबाट आँपको मुन्टोमा सिन्दुर पिठार लगाएर पहेलो धागो आँपको मुन्टोमा बेरीन्छ र बेरीएको मुन्टोलाई देउँता कोठामा राखिन्छ ।

### ५.२४.६.४ तिलकाउ/निरीक्षण

यतिबेला स्वयम्वर सकेर बेहुलीको घरमा व्यवस्थित वैवाहिक कार्यक्रम सुरु हुन्छ । सुरुको बेलामा केटासँग पाँचजना मान्छेहरू भात नखाई बस्छ । जहाँ हजाम ब्राह्मण समेतको उपस्थितिमा केटालाई पिढामा राखिन्छ अनि केटालाई निधारमा पानको पात टाँसेर हातमा डलिया सहितको लुगाफाटो दिइन्छ । त्यस्तै केटीलाई पनि गरिन्छ ।

### ५.२४.६.५ जन्तीको स्वागत

धानुकहरूमा विवाहको दिनमा केटीको घरमा केटापक्षबाट अवस्था अनुसारको जन्ती (वरीयाती) बेलुका ल्याउने गरिन्छ । केटीको घरमा जन्ती आएपछि केटीको आफन्तहरू र गाउँलेहरूको सहयोगमा पानीको सर्वप्रथम व्यवस्था गरी जन्तीलाई हातखुट्टा धुन लगाई बसघारामा बस्नको लागि दिइन्छ त्यसपछि जन्तीले कन्याको घरको लागि ल्याएको कोसेली (भार)लाई युवाको सहयोगमा केटीको घरमा लगिन्छ, यसरी कोसेली उठाएवापत केटा पक्षकाले युवाहरूलाई सुपारी बाढ्दछ ।

### ५.२४.६.६ गोरलग्गी

धानुकहरूले जन्तीलाई स्वागत गरिसकेपछि केटा (वर) लाई केटी (बधु) पक्षकाले डिहवारथानमा अर्थात ग्रामथानमा लगेर पूजापाठ गराउने गर्दछ, जसलाई नै गोरलग्गी भनिन्छ ।

### ५.२४.६.७ परीक्षण

धानुक समुदायमा यस विधिलाई प्रमुख विधिको रूपमा हेरिएको छ । गोरलग्गी समाप्त भएपछि बेहुलीको आमा, काकी, भाउजू तथा छरछिमेक र आफन्तका दिदीबहिनीहरूद्वारा बेहुलीको आँगन प्रवेशद्वारमा बेहुलालाई उभ्याएर आरती गरी आँखामा गाजल तथा मदानी (रही)ले गालामा विस्तारै ठोकाएर मजाकीरूपमा खाली पान खानु दिई दुवो र धानले अक्षता बेहुलाका टाउकामा फाल्ने प्रथानै परीक्षण हो । यसपछि बेहुलाको शु-भागमनको लागि बेहुलीको आँगनको ढोका खुल्दछ ।

### ५.२४.६.८ स्वयम्वर

समान्यतः धानुक जातिमा यो प्रथा परापूर्व कालदेखि नरही आधुनिकताको प्रभावले गर्दा शुरु भएको हो । यस विधिमा बेहुला बेहुलीलाई जन्तीको अगाडि सार्वजनिक रूपमा राखेर औँठी र माला लगाउने काम गरिन्छ ।

### ५.२४.६.९ कन्यादान

धानुक समुदाय  मा विवाहको वेलामा कन्याको हात वरको हातमा थमाउने प्रथालाई कन्यादानको रूपमा लिइएको छ । यस प्रथामा कन्यादान गर्ने हक मामामाइजुलाई लाग्दछ । कन्यादन गर्ने बेलामा मन्त्र पढ्ने काम ब्राह्मण पण्डितद्वारा हुन्छ ।

### ५.२४.६.१० सिन्दूरदान

धानुक समुदायमा बेहुलीको घरमा बनाइएको मण्डप (मरवा)को वरिपरि बेहुलीलाई अगाडि राखी बेहुलीको पछि बेहुलालाई बेहुलीको कम्मरमा दुवै हातले समात्न लगाई बेहुलाको घाटीमा गम्छाले सालो केटाले समातेर गीत सहितका महिलाहरूको जमातले पाँचपटकसम्म मण्डप वरिपरि घुमाइसकेपछि मण्डपको छेउमा रहेको बेदीमा लगी बेहुलीलाई पूर्वतिर फर्काइन्छ र बस्न लगाइन्छ । केटीको ठिक पछाडि केटालाई उभ्याएर हातमा सिन्दूर दिइन्छ र केटीको सिउँदोलाई केटाले

काईयोले कोरेर पाँच पटकसम्म सिन्दुर हाल्ने गर्दछन् । यतिबेला केटीहरू प्रायः गरी धानुक समुदायमा अलापविलाप गरी भकानु फुट्ने गरी रुने गर्दछन् । यसरी सिन्दूरदान विधि सकिन्छ ।

### ५.२४.६.११ कोहवर घर

सिन्दुर दानको समाप्ति सँगै धानुक महिलाले बेहुलाबेहुलीलाई कुलदेवता भएको कोठामा राख्ने गर्दछ जहाँ केटाकेटीलाई स्वतन्त्र छोडिन्छ, यो नै कोहवर विधि हो ।

### ५.२४.६.१२ जन्ती विदाई

धानुक समुदायमा पहिले-पहिले तीनदिनसम्म जन्ती राख्ने चलन थियो तर आजभोली यो प्रथा हटेर विवाहको भोलीपल्ट जन्ती फर्कने परम्परा रहेको छ । दाइजोको रूपमा एउटा बाँसको रातो डाली (चडेरा) मा नगद सहित एउटा पहेलो धोती, धान र दुवो सबै राखेर वरीयाती बसेको घरमा लगेर दाइजोको जिम्मा केटापक्षलाई लगाइन्छ । त्यसपछि केटा पक्ष बेहुली सहित आफ्नो घरतिर फर्कन्छन् ।

### ५.२४.६.१३ बेहुली पर्छने

बेहुलाको घरमा बेहुली आएपछि गृहबासभन्दा अगाडि बेहुलीलाई महिला वर्गहरूले स-सम्मान भित्र्याउने प्रक्रियालाई बेहुली पर्छने भनिन्छ ।

## ५.२५ जन्मसंस्कार

धानुक भाषामा जन्म संस्कारलाई जनमकरम भनिन्छ । यस गा.वि.स.का धानुक जातिमा आफ्नै प्रकारको जन्मसंस्कार रहेको छ । धानुक जातिमा बालक जन्मिदा चमिनियाँ (सुडेनी) बोलाउने चलन छ । वर्तमान समयमा भने अस्पत्ताल लगेको देखिन्छ । शिशुको जन्म भएपछि नामी काट्ने नुहाइधुवाई गर्ने, सुत्केरीलाई नुहाइदिने, कपडा लगाइदिने एवम् तेल घसिदिने आदि सबै काम चमिनियाँले गर्दछिन् । सुत्केरीले बच्चा जन्मेको ६ दिनमा चोख्याउँदछन् । चमिनियाँले आवश्यकताअनुसार बच्चा र आमाको हेरचाह गर्दछिन् । चमिनियाँले यसरी काम गरी दिए वापत केही भेटीको

रूपमा पैसा, अनाज, लत्ताकपडा पाउँछिन् । त्यस्तै धानुकहरूले बच्चा जन्मेपछि आफ्ना छिमेकी, इष्टमित्रहरूलाई बोलाई खुसी बाड्ने परम्परा छ ।

### ५.२५.१ छठियार

यो प्रथा शिशु जन्मेको ५ वा ६ दिनमा गरिन्छ । यस दिन विधाताले जातकको निधारमा उसको भाग्य लेखिदिन्छन् भन्ने विश्वास धानुक जातिले गर्दछन् । यो दिन वरिपरिका छरछिमेकहरूले जातकलाई पहिलो पटक हेर्दछन् । सुत्केरी भएको ठाउँको कुनाको भित्तामा चामलको पिठोमा हात चोवी दाहिने हातको ६ वटा पंजा छाप लगाउँदछन । त्यसपछि काठको पिरामा चित्र गुप्तको मूर्ति गाईको गोवरद्वारा निर्माण गरिन्छ । र त्यही मूर्तिमुक्त पिरामा ब्रह्माको कलम को प्रतिनिधित्वको रूपमा शाहीको (दुम्सी)को काडा र भोज पत्रको पातलाई कागजको प्रतिनिधित्व मानी राखी दिन्छन् ।

### ५.२५.२ न्वारन (नमधर्नी)

धानुक भाषामा न्वारनलाई नमधर्नी भन्ने गरेको पाइन्छ । धानुक जातिमा शिशुको नाभी, नाभी स्थान बाट जुनदिन सुकेर खस्दछ त्यसैदिन सुत्केरी शुद्ध हुने चलन छ । घरमुलीले घरमा ब्राह्मण बोलाई कूलदेवताको पूजाआजा गर्दछन् । त्यसपछि पुरेतले फूलपाती वा जलले सुत्केरी र शिशुलाई अभिशेक (अक्षत) गर्दछन् । समय, ठाउँ, दिन, बार एवम् घटना विशेषका आधारमा नाम राख्ने प्रचलन रहेको भए पनि आजकल नयाँपुस्ताहरूले पहाडियाहरुको चलनअनुसार नाम राख्न थालेको पाइन्छ।

## ५.३ सांस्कृतिक अवस्था

हरेक जातिको आ-आफ्नै किसिमको संस्कृति हुन्छ । धानुक जातिको सांस्कृतिक अवस्था के-कस्तो छ भन्ने कुरालाई विभिन्न शीर्षकमा राखेर विश्लेषण गरिएको छ ।

### ५.३.१ गरगहना

धानुक महिलाहरूले परम्परागत रूपमा नथिया, बुलाकी, कानमा कर्णफूल, हातमा औँठी लाहको चुरा, गोडामा कारा, घाटीमा चाँदीको हसुली, निधारमा 'चन्द्रहार' विन्दिया, मगंटिका, ढाडमा 'डरकस' आदि प्रयोग गरेको पाइन्छ । पाखुरामा लगाउने गहनालाई बाजु भनिन्छ । नाडीमा लगाउने गहनालाई चुरी, बलिया भनिन्छ । खुट्टामा लगाउने गहनालाई कडा भनिन्छ । औँलामा लगाउने औँठी हो भने खुट्टामा लगाउने ठेसा हो । यी आभुषणहरूमा चाँदी र कीटको बढी प्रयोग गरेको पाइन्छ । सुनको प्रयोग एकदमै कम रूपमा पाइन्छ ।

हाल धानुकहरूले टप, सिक्री, तिलहरी जस्ता आधुनिक गहना लगाउन थालेको पाइन्छ । यसबाट यो भन्न सकिन्छ कि देशमा आएको परिवर्तनले धानुक जातिको रहन-सहनमा पनि प्रभाव पारेको रहेछ भन्ने प्रष्ट हुन्छ ।

### ५.३.३ मनोरञ्जन

कुनै पनि जाति वा समुदायको आफ्नै संस्कृति हुन्छ । उनीहरूको मनोरञ्जन पनि त्यही संस्कृति, चाडपर्व, उत्सव आदिमा निर्भर हुन्छ । धानुक जातिहरू पनि संस्कृतिका विभिन्न पक्षहरूबाट मनोरञ्जन लिइरहेका हुन्छन् । यो समाजमा मनोरञ्जन गर्नु गराउनु, जीवनको लागि आवश्यक तत्व ठान्दछन् । संस्कारहरूमा छठिहार, विवाह र चाडपर्वमा अनिवार्य रूपले गाउने परम्परा छ । चाडपर्वहरू मा नाचेर गाएर मनोरञ्जन गरिरहेका हुन्छन् । उखान टुक्का र गाउँखाने कथा सुनि-सुनाई रमाइलो गर्ने परम्परा पनि यो जातिमा पाइन्छ । आफ्नो हातखुट्टामा रङ्गीविरङ्गी फूलबुट्टा भरेर (गोदना) पनि महिलाहरू मनोरञ्जन लिइरहेका हुन्छन् । कृष्णाष्टमीमा भजन गाएर, नाटक खेलेर, दीपावलीमा उत्सव गरेर, छैठ पर्वमा छैठको गीत गाएर पोखरी नदीको किनारमा रातभरि नाँचगान गरी, विवाह पञ्चमीमा रामसीताको नाटक खेल्ने, गाना गाउने, शिवरात्रीमा भजनकीर्तन गरेर होलीमा होलिका गीतहरू गाएर मनोरञ्जन गरिरहेका हुन्छन् । उत्सवहरूमा चेलीबेटी, निम्तालुलाई बोलाई मीठो भोजन खुवाउँछन्, खान्छन् । कूल पूजाहरूमा आफ्ना दाजुभाइसँग भेटघाट गरी देवताको

पूजाआजा गरेका हुन्छन् भने अर्कोतिर आपसमा मिलीजुली मनोरञ्जन पनि प्राप्त गरिरहेका हुन्छन् । घरकोठाका भित्तामा घोडा, हात्ती, फूल, सिपाही आदि विभिन्न किसिमका चित्रहरू कोरेर घर रङ्गाएर आफू बस्ने ठाउँबाट आनन्द लिइरहेका हुन्छन् ।

### ५.३.४ सामा खेल

सामा खेल धानुक जातिको एउटा आकर्षक मनोरञ्जक खेल हो । कार्तिक भातृ द्वितीया पछिको पञ्चमी तिथिमा घरैपिच्छे सामा (श्यामा) चुगला (कुरा लगाउने ब्राह्मण) र सप्तऋषि एव. वृन्दाबनको मूर्ति बनाई चडेरामा राखी ती सबैको क्रमैले पूजा गरिन्छ । राति ती मूर्तिहरू भएको चडेरा बोकी नारीहरू गीत गाउँदै, गाउँमा घुम्छन्, कुरौटे चुगलालाई गीतैमा गाली गर्दछन् । पूर्णिमाको दिन आइपुगेपछि त्यस दिनमा दिदी बहिनीले दाजुभाइलाई खानपीन गराउँछन् । यसपछि पहिले वृन्दावन, चुगला सप्तऋषि (सतभैया) र सामाको मूर्तिलाई दाजुभाइले एक-एक गरेर उठाउदै एक-एकलाई दाहिने घुँडाले बजार्दै फुटाउने गर्दछन् । सामाको मूर्तिलाई केहीले फुटाउँछन् र केहीले भने मूर्तिलाई फुटाउनु हुँदैन पनि भन्दछन् । फुटाउनु अघि सामा चकेवा आदिको मूर्तिहरूलाई दही चिउरा चढाउँछन् । मूर्तिहरू फोड्ने क्रम सकिएपछि दाजुभाइले पोल्टा थाप्दछन् । त्यसमा दिदीबहिनीले पाँच पटक मुरी चिउरा, मिठाइ, फलफूल आदि हालिदिन्छन् । त्यसपछि दिदी बहिनीलाई दाजुभाइले यथासक्य दक्षिणा तथा उपहार दिन्छन् । यो खेल दाजुभाइको चिरायुको निम्ति दिदीबहिनीद्वारा खेलिन्छ ।

### ५.३.५ जाट जाटिक नाच

“जाट जटिक” नामक नाच धानुक जातिको लोकप्रिय नाँच हो । वर्षा नभएमा इन्द्र देवताको नाच नाँचेर गाएर वर्षाको आह्वान गरिन्छ । वर्षाको अभाव जब-जब हुन्छ तव-तव सामुहिक रूपमा र व्यक्तिगत रूपमा धानुक जातिले महादेवको पूजा गर्दछन् र घर-घरमा माटाको मूर्ति बनाई पूजा पनि गर्दछन् । सामूहिक रूपमा शिव मन्दिर जान्छन् र गाग्रोका-गाग्रो पानी शिवलिङ्ग माथि खन्याउँदछन् र यो गर्दा घुमिघुमी नाच्ने गाउँने गर्दछन् । यसरी वर्षाको याचना गर्दछन् ।

### ५.३.६ कीर्तन

धानुक जातिमा धार्मिक सदभावका लागि रातमा खासगरी कीर्तन मण्डलीले आफ्नो समुदाय वा व्यक्तिहरूका घरमा आमन्त्रण गरेमा विभिन्न देवीदेवताको फोटाहरू राखी ती फोटोमा फलफूल मिठाई, धूप, अगरबत्ती चढाएर पूजा गरी कीर्तन शुरु गर्दछ । उक्त कीर्तन मण्डलीमा १० देखि १२ जना सम्म व्यक्तिहरू रहेका हुन्छन् ।

### ५.३.७ अष्टजाम

धानुकहरूले धार्मिक सद्भाव, उन्नति, प्रगति होस् भन्ने आसयका साथ धनी धानुकहरूले विभिन्न ठाउँबाट २० देखि २५ वटा कीर्तन मण्डलीहरू बोलाई २४ घण्टासम्म मण्डपमा उभेर भजन कीर्तन गर्दछन् । मूल रूपमा आत्मा शुद्ध गर्न, पापको विनास सामाजिक सद्भाव र प्राकृतिक प्रकोप नपरोस् भनी यो मनाउने गरिन्छ । यसरी रातदिन लगाइएको अष्टजाममा जुन टोलीले गीत एवम् नाँचमा उत्कृष्टता हासिल गर्दछ उक्त टोलीलाई नगद र जिन्सी पुरस्कार समेत दिने प्रचलन रहेको छ ।

### ५.३.८ झिझिँया खेल

झिझिँया खेल धानुक जातिको अर्को आकर्षक खेल हो । यो खेल कलशथापना (घटस्थापना) को दिनदेखि दशैंको टिकाको दिनसम्म अर्थात् १० दिनसम्म खेल्दछन् । बोक्सी, तन्त्रमन्त्रमा बढी विश्वास गर्ने यी जातिहरू त्यसबाट पीडित हुन नपरोस् भनेर यो खेल खेलिन्छ । गीत-गीतमा डायन (बोक्सी) लाई गाली गरी डायन तर्साउने र डायनले वर्षभरि नसताउन् भन्ने उद्देश्यले खेलिन्छ । अन्तिम दिन अथवा दशैंको टिकाको दिन भूतप्रेत बोक्सी धपाए वापत चन्दा लिने गर्दछन् । यसरी यो खेल समाप्त हुन्छ ।

## ५.४ चाडपर्व

ग्रामिण वा शहरी मानव समाजमा बसोबास गर्ने विभिन्न समुदायले आफ्नै घर परिवार समुदायका सदस्यहरू एक-आपसमा मौसमको परिवर्तन, खेतीपाती सित

सम्बन्धीत आफ्ना धार्मिक मान्यता र विश्वास धार्मिक स्थल, देवी-देवताका थान आदीमा पर्व परम्परा मनाउने गर्दछन् । त्यस अवसरमा आफ्नै परिवारजन, नाताकुटुम्ब, इष्टमित्र आदीसँग भेटघाट गरी आपसमा पारस्परीक शुभेच्छा, सद्भावना आदानप्रदान गर्ने गरिन्छ । साथै आपसी लेनदेन गर्न, व्यवहार गर्न, पठनपाठन गर्न, रोगव्याधीबाट छुटकारा पाउन नववर्षको उत्सव मनाउन, आपसी भाइचारा स्थापित गर्न र आफ्ना सामाजिक-सांस्कृतिक मूल्य मान्यताको प्रर्वद्धन गर्न आ-आफ्ना समूदायमा विभिन्न प्रकारका लोक विश्वास, धर्म र पर्वहरू मानिन्छ। धानुक समुदायले विभिन्न समयमा धार्मिक, सामाजिक-सांस्कृतिक विश्वास र विभिन्न मान्यताका आधारमा पर्वहरू मनाउने गर्दछन् । पर्व-परम्परा प्रायः सबै मानव समुदायमा प्राचिनकाल देखि नै आ-आफ्ना विश्वास धार्मिक, मत, मौसम र स्थानीय भौगोलिक स्थिति उपलब्ध स्रोत र साधनका आधारमा चलिआएका छन् । जसको तल छुट्टाछुट्टै व्याख्या गरिएको छ ।

### ५.४.१ नववर्ष

प्रत्येक वैशाख १ गते यो पर्व मनाउने गरिन्छ। यस पर्वमा संलग्न हुँदा धानुक समुदायले आफ्नो गाउँको ग्रामथानमा भेला भएर सामूहिक पूजा गर्दछन् । प्रत्येकले आ-आफ्नो घरमा कूलदेवताको पूजा गर्दछन् । नववर्ष मनाउने क्रममा ग्रामथान र कूलदेवताका अलावा दुर्गा पूजा, काली पूजा र अन्य देवी देवताको समेत पूजा गर्दछन् । पर्व मनाउने क्रममा अघिल्लो सालको चैत्र मसान्तका दिन दाल, बरी आदि परिकारहरू तयार पारिन्छ । जुन भोलिपल्ट सबै पूजाआजा र विधिविधानका लागि सर्वप्रथम कागलाई केरा, दही चिउरा, वरी खुवाइन्छ । त्यसपछि प्रसादी वितरणसँग खानपिन सुरु हुन्छ ।

### ५.४.२ कृष्णजन्मअष्टमी

श्रावण महिनामा पर्ने कृष्णजन्मअष्टमी अन्य हिन्दू जातिले झैं धानुकले पनि धुमधामसँग मनाउने गर्दछ । उक्त दिन स्थानीय कृष्ण मन्दिरमा भक्ताल‌ु र श्रद्धालुहरू विहानैदेखि पूजा गर्न लाइनमा बसी श्री कृष्ण जन्मअष्टमीको महत्व दर्शाउँछन् । यस

दिन मन्दिर भएको ठाउँमा मेलासमेत लाग्दछ । सो मेलामा दही र माटो मुछी बनाइएको दलदले हिलोमा सिम्रिक र तेल घसी बोक्रो तासिएको सिंगो नरिवल राखिन्छ र युवाहरू बीच प्रतिस्पर्धा गराई सो नरिवल कृष्ण मन्दिरमा चढाउने खेल खेलाइन्छ । खेलाडीहरू बीच बडो प्रतिस्पर्धा सहित मन्दिरमा नरिवल चढाउन खोसाखोस हुन्छ । जसले उक्त नरिवल मन्दिरमा पुऱ्याएर चढाउँछ । त्यो खेलाडीलाई पुरस्कार स्वरूप धोती, नगद र रूपैँया दिने चलन छ । सो दिन बाँसमा समेत तेल घसी टुप्पोमा रुमाल, गम्छा, वा पैसा राखिन्छ र बाँसमा चढ्ने प्रतिस्पर्धा गराइन्छ । जसले बाँसमा चढेर सो रुमाल,  गम्छा वा पैसा टिप्ने गर्दछ उही नै त्यस दिनको खेलको विजयी हुने गर्दछ ।

### ५.४.३ भाद्र चौथी

प्रत्येक सालको भाद्र महिनाको चौथी तिथिका दिन सूर्यास्त भएपछि आकाशमा उदाएको चन्द्रमा र तारा हेर्ने व्यक्तिले रातमा अनिवार्य रूपले चौथी (चौथीचान) खेल्नुपर्दछ भन्ने विश्वास धानुकहरूमा छ । यस दिन धानुकहरुले घरमा पुरी, खिर, सरीफा, अम्बा आदि फलफूल सहितको पूजा बेलुका झपक्क साँझ परेपछि आँगनमा लिपेर पूजा गर्दछन् । साथै यस दिन चौथी खेल्दा गाउँका कोठेवारीमा गरिएको अनावश्यक क्रियाकलापले पाप लाग्दैन भन्ने परम्परागत धारणा रहेको छ । जसका कारण हालका दिनमा यो पर्वको सांस्कृतिक पक्षको मौलिकतामा ह्रास आई विकृतिका रूपमा हेर्न थालिएको छ ।

### ५.४.४ जितिया

जितिया पर्व धानुक समुदायले मनाउने पर्व हो । जितिया पर्व विवाहित धानुक महिलाहरूले मनाउने गरेको पाइन्छ । यस पर्वको पहिलो दिन कोदोको रोटीका साथ माछा खाने चलन छ । वैश्णव महिलाले माछा खाँदैनन् । राती स्वादिष्ट परिकार बनाई खाने गरिन्छ र विहान सूर्योदय हुनु अगावै ब्रतालुले परिवारका साथमा खाने चलन छ । जसलाई अठिगन भनिन्छ । भोलीपल्ट दिनरात अन्न पानी केही नखाई निराहार बस्ने यस पर्वको नियम हो । दोस्रो दिन घिरौलाको पातमा चिउरा, दही लिई जितमाहनको

पूजा गरिन्छ । ब्रतालुहरू पोखरीको डीलमा भेला भई घिरौलाको पातमा तोरीको खली (पिना) र तेल लिएर पूजा गरी घरमा घिरौलाको पातमा दही र चिउरा राखी पूजा गर्ने गरिन्छ । तेस्रो दिन सखारै स्नान गरी जितमाहनको पूजा समाप्त गरिन्छ ।

### ५.४.५ विजयादशमी

आर्य संस्कृतिको मुख्य चाडको रूपमा दशैं वा विजया दशमीलाई लिन सकिन्छ । नेपालको पहाडदेखि तराईका मैदानी भागसम्म बडो हर्षोल्लास तथा धुमधामका साथ मनाइने यो चाड धानुकहरूले पनि मनाउने गर्दछ । कतै-कतै तराईमा यस चाडलाई दशहरा पनि भनिन्छ । भौगोलिक विविधता अनुसार यस चाड मनाउँदा स्थानीय संस्कार र संस्कृतिको प्रभावका कारण भिन्नता पाइन्छ । धानुक समुदायमा मुलतः विजया दशमीमा महानवमीका दिनमा घरमा चुलेसी (फासुल) टक, तराजु, हलो–जुवा, भाडावर्तन आँगनमा निकाली सरसफाई गरी ती सामानहरू लाई सिन्दूरको टीका लगाएर पूजा गरिन्छ । यसरी प्रयोग हुने सामग्रीको पूजा गर्नाले देवी देवता खुसी भएर आफ्नो घरमा शुभ हुन्छ भन्ने विश्वास छ । साथै दशमीका दिन स्थानीय दुर्गा मन्दिरमा पुजारीसँग टिका लगाउने चलन छ ।

### ५.४.६ दिपावली

अन्य समुदायमा भैँ यस समुदायमा पनि कार्तिक महिनामा दिपावली (तिहार) मनाइन्छ । यो चाडमा ठाकुर र विसौरीको घरमा बत्ती बाली दिपावलीको सुरुवात गरिन्छ । त्यही दिन सन्पाटको सन्ठीको हुक्का बनाइन्छ र विभिन्न ठाउँमा दीप प्रज्वलित गरिन्छ । दोस्रो दिन गोबरको दुईवटा मूर्ति बनाइन्छ र त्यस मूर्तिलाई चामल, खीर, पानसुपारी, सफा कपडा आदिले पूजा गरिन्छ । त्यसपछि आफ्ना गोठमा भएका वस्तुभाउहरूलाई आ-आफ्ना घरका आँगनमा ल्याएर नुहाइन्छ र सिंगमा तेल घसी निधारमा सिन्दूरको टीका लगान्छ । ती बस्तुभाउहरू लाई विशेष प्रकारको तरा ( वनस्पति, घास) र नुन खुवाइन्छ । दाजुभाइलाई दिदीबहिनीले भाइटिकाको दिन टीका लगाइदिने प्रचलन रहेको छ । दीपावलीका शुभ अवसरमा यस समुदायका घर-घरमा दीप प्रज्वलित गर्न विभिन्न प्रकारका हुक्काहरू प्रयोग गर्ने गरिन्छ ।

### ५.४.७ माघे सङ्क्रान्ति

प्रत्येक सालको माघ १ गतेका दिनमा हरेक धानुकहरूले माघे सङ्क्रान्तिको बिहान सबेरै उठी नजिकको नदीमा गई नुहाएर ग्रामथान, ठाकुर ब्राम्हणीको थानमा विधिविधानअनुसार पूजा गर्दछन् । यस दिन तिल, चिउरा, मुरीको लड्डु, तरुल खानुका साथै आ-आफ्ना घरमा मासको दाल, अरुवा चामल, घ्यू, मसला, हल्दी मिसाई खिचरी बनाइ विभिन्न किसिमका तरकारी, मासुसँग खाने गर्दछन् ।

### ५.४.९ साउने घडी

प्रत्येक धानुकहरुको आ-आफ्नो कुलदेवता हुन्छ । सोही अनुसार बेरागन पर्ने दिनमा साउँन महिनामा यो पर्व धानुकहरुद्वारा मनाउने गरिन्छ ।

### ५.४.१० नाग पञ्चमी

धानुक जाति नागप्रति अत्यन्त आस्था र विश्वास प्रकट गर्दछन् । नाग पञ्चमीको दिनमा गोबरले घर घेरी बीच-बीचमा गोबरको नाग बनाउँछन् । नागलाई देवताको रूपमा मानी आदर सम्मान गर्दछन् । नाग पूजा गरेमा वा मानेमा नाग लाग्दैन, विरामी परिदैन, फलीफाप हुन्छ धन लाभ हुन्छ भन्ने विश्वास गर्दछन् ।

### ५.४.११ रक्षा बन्धन

धानुकहरुले श्रावण सलोनी पूर्णिमाको दिन रक्षाबन्धन चाँड मनाउँछन् । यस दिनमा पूजा विधिद्वारा पवित्र पारिएको, बेसारमा रङ्गाइएको धागो दाजुभाइलाई बाधिदिन्छन् र मिष्ठानहरू खुवाउँछन् । दाजुभाइले दिदीबहिनीलाई पैसा वा अन्य उपहार दिन्छन् । दिदीबहिनीले दाजुभाइको दीर्घायुको लागि यो चाड मनाउँछन् ।

### ५.४.१२ छैठ

तराइमा निकै लोकप्रिय र महत्वपूर्ण चाड छैठ हो भने धानुक जातिको प्रमुख चाड पनि हो । वर्षदिन भरिको चाडपर्वमा यसको विशेष महत्व छ । यो यिनीहरूको आफ्नै पर्व हो । कार्तिक शुक्ल षष्ठिको दिनमा नुहाई-धुवाई गरी नानाथरी मिष्ठान,

पकवान, फलफूल आदि चडेरामा हालेर त्यो चडेरा लिई नारीहरू नदी पोखरीको किनारमा गीत गाउँदै जान्छन् । नदी या पोखरीको किनारैकिनार घुम्दै गीत गाउँछन् । त्यहाँ बत्ती बालेर ब्रत बस्नेहरू रातभरी गाना बजान गरी बस्दछन् । सबै खाद्य पदार्थ राखिएको चडेरा पनि रातभरि त्यही नदी किनारमै राख्छन् । भोलिपल्ट बिहान अध्यारो बाँकी छँदै नुहाउँछन् र सूर्योदय भएपछि सूर्यलाई गाईको दूध राखेर तिनै चडेराको ( मिष्ठानहरू युक्त) अर्घ दिन्छन् र घर फर्की पूजाआजा गरेर अनि आफूले खाना खान्छन् । अघिल्लो दिनमा पनि अस्त हुन लागेको सूर्यलाई अर्घ दिन्छन् ।

यो व्रत मनाउने क्रम यस्तो छ- दिनभरि पञ्चमीको दिनमा उपवास बसी राति खीर पकाउँछन् । जति जनाको (आफ्नो परिवार) चिरायूको, कल्याणको कामना गर्नु छ त्यतिवटा नयाँ-नयाँ बाँसका, माटाका डगरा, कोनिया, नाङ्लो आदि भाडाकुडा डाली आदिमा ठकुवा, भुसवा, केरा नरिवल, उखु निवुवा, अम्बा, सुन्तला, स्याउ, आदि विभिन्न थरीका मिष्ठान, पकवान, फलफूल हाली ती भाँडाकुँडा आदिलाई पूजाआजा गरी खीरको नैवेद्य चढाउँछन् । यति गरिसकेपछि दिनभरि उपवास बस्नेले खीर खान्छन् । बोलीचालीको भाषामा यस दिनलाई खरना भनिन्छ । भोलिपल्ट विहान पूजा गर्ने मान्छे (व्रत गर्ने आईमाई) नुहाई सकेपछि ठकुवा (गहुँको पिठो सखरमा मुछेर बुट्टा बनाएको काठको साँचोमा हाली विभिन्न आकारको लामा-लामा टुक्रा घिउमा पकाइएको), भुसवा (अरवा चामलको खट्टेलाई पिँधेर सखरको पागमा मुछी ठूलो-ठूलो डल्लो बनाइएको खानेकुरा) आदि बनाउँछन् र फलफूल सहित त्यसलाई डालीमा राख्छन् । दिनभरि भोकै बसेर चार बजेतिर नदी अथवा पोखरी किनारमा जान्छन्, अनि नुहाउँछन् । समानहरू राखिएको डाली पनि सँगसँगै लगिएको हुन्छ । पोखरी या नदीभित्रै पानीमा उभिएर भिजेको लुगा सहित खाद्यान्न हालिएको डाली उठाएर सूर्यलाई अर्घको रूपमा चढाउँछन्, अर्पण गर्छन् । व्रत नलिनेहरूले पनि आफ्नो मनोकामना पूर्ण होस् भनी गाईको दूध हाल्ने चलन पनि छ । अर्घ दिनु अघि र पछि कुनै बेला पनि गाईको दूध राख्न सकिन्छ । यसपछि लुगा फेरेर आफ्नो घर आउँछन् । लगिएका सामानहरू पनि साथै ल्याउँछन् र सबै सामानहरू रातभरि छोपेर राख्छन् र उपवास बस्छन् । यस दिनलाई बोलीचालीको भाषामा छैठव्रत भनिन्छ । सप्तमीको

दिनमा बिहान अध्यारो बाँकी रहेकै बेलामा उठेर नदी या पोखरीको किनारमा जान्छन् र अघिल्लो दिन छैठ (छठी) मा गरिएको क्रियालाई पुनः दोहोऱ्याउँछन् र घरमा फर्किन्छन् । प्रसादको रूपमा सूर्यलाई अर्घ दिएका डाली आदिको खाद्य पदार्थ ठकुवा, भुसवा आदि ग्रहण गर्दछन् र इष्टमित्रलाई पनि पठाउँछन् । यस दिनलाई स्थानीय बोलीमा “परना” भनिन्छ । यो यहाँको प्रमुख चाडपर्व हो ।

### ५.४.१३ डिहीवारको पूजा

धानुकहरूको आफ्नो गाउँमा उनीहरूको ग्राम देवता हुन्छ जसलाई उनीहरूले आ-आफ्नो गाउँको बीच भागमा वा गाउँको छेउमा मन्दिर बनाएर राखेका हुन्छन् । वर्षमा १ पटक सबै धानुकहरू जम्मा भई पूजा-आजा धुमधामसँग बेलुकातिर गर्दछन् ।

**तालिका न. १५ डिहिवार पूजा मनाउने जनसख्याको उमेरगत विवरण**

| ०–१५ वर्ष | १५–३५वर्ष | ३५–६५वर्ष | ६५–माथि | जम्मा |
|---|---|---|---|---|
| ९ | १३ | १८ | २० | ६५ |

मथिका तालिका नम्वर १५ अनुसार समग्रमा सामान्यतया साना केटाकेटीहरु यस पर्वमा कम सरिक भएको पाईयो भने वृद्दा , वयष्कहरु यो पर्वलाई वढि मात्रामा रुचाइएको पाईयो । यसको कारण भने अरु जात जातिको संगतले गर्दा केटा–केटीहरु आफ्नो सास्कृतिक परम्परा लाई नकारदै आईरहेको देखिन्छ ।

### ५.५ नातेदारी व्यवस्था

नाता भनेको सामाजिक सम्बन्ध हो, जुन जन्म र विवाहपछि सिर्जना हुन्छ । नाताले वंशज र जैविक सम्बन्ध मात्र नराखी आफ्नो निश्चित क्षेत्रभित्र भएको दायित्व र अधिकार पनि निर्धारण गर्दछ । विशेषतः मानिस जन्मदै नातामा बाँधिन पुग्दछ र विवाहपछि फेरि अर्को नातामा बाँधिन पुग्दछ । यसैगरी धानुक जातिमा नाता सम्बन्ध एकदमै बलियो र सुमधुर हुने गर्दछ ।

## ५.६ मृत्यु संस्कार

जन्म मृत्यु प्राकृतिक नियम हो । धानुक समुदायले साधारणतया यो विश्वास गर्दछन् कि जब कुनै परिवारको सदस्यको मुत्यु हुन्छ, त्यतिबेला मर्ने मान्छेको आत्मा पुनः आफू आएको ठाउँतिर यात्रा हुन्छ तर यो आत्माको अन्तिम जाने ठाउँ कहाँ हुन सक्छ भनेर सोद्धा उनीहरूले यसबारे केही थाहा नपाएको कुरा भन्दछन् । उनीहरूको आस्था, सामाजिक मान्यता एवम् विश्वास अनुसार मानिसको दुई थरी मृत्यु हन्छ । एउटा साधारण र अर्को असाधारण वा अप्राकृतिक । साधारण मुत्यु दैवले डाकेको बेलामा समय पुगिसकेपछि हुने गर्दछ । असाधारण मृत्यु भनेको कुनै रोग आदिको प्रकोप, दुर्घटनाबाट वा जंगली जनावरको आक्रमणबाट र भूतप्रेत आदिले भएको मानिन्छ ।

मान्छेको मृत्यु हुँदा छोरा वा नजिकका दाजुभाइहरूले १३ दिन जुठो बार्ने र छोराहरू नहुनेका भाइभतिजाले १३ दिन क्रियामा बसी प्रेतलोकबाट उतारी स्वर्गलोक मा पठाउने चलन सबै जातिमा झैं धानुक जातिमा पनि पाइन्छ ।

कुनै पनि धानुक परिवारमा कुनै पनि सदस्यको मृत्यु हुन लाग्दा घरकोठा बाट, आँगनमा वा तुलसीको मोठमा ल्याएर राखिन्छ । मृत्युको अन्तिम घडीमा परिवारका सबै सदस्यहरूले पालैपालो मृतकलाई पानी खुवाउँछन् । त्यतिबेला मृतकको मुखमा सुनको चाँदीको वा नभए तामाको चम्चा वा कुनै धातुका टुक्रा राख्ने चलन छ । लाशलाई घाटमा  लानुभन्दा अगाडि लुगा फेराइकन (पहेलो कपडाले ढाकेर) शरीरमा चन्दन र तेल आदिले लेपन गर्ने गरिन्छ । कुनै परिवारमा पुरोहितले निकालेको घडीमा र कुनै परिवारमा गाउँघरका मानिसको सल्लाह अनुसार लाशलाई घाटमा लगिन्छ । लाशलाई घाटमा लैजादा अर्थीमा (हरियो बाँसबाट बनाएको) लाशको टाउको घाटतर्फ फकाईकन लाने चलन धानुक जातिमा पाइन्छ । मृत व्यक्ति उमेर पुगेर मरेको छ भने घाटमा जाने मलामीहरू त्यति शोकाकुल देखिँदैन तर उमेर नपुग्दै मरेको छ भने समस्त मलामी शोकाकुल भई जान्छन् । घाँटमा पुगेपछि लाशको खुट्टा नदीमा छुने गरी भुईमा राखिन्छ र जलाउँदा टाउको उत्तर दिशातिर फर्काइन्छ । धानुक जातिमा

यदि ५ वर्षभन्दा कम उमेरका केटाकेटी मरेमा लाशलाई गाड्ने चलन छ र त्यसभन्दा माथिका सबैलाई जलाइन्छ । लासलाई जलाउनुभन्दा अगाडि छोराहरू भएमा छोराले, नभएमा दाजुभाइहरूले वा हकवालाले मृतकको मुखमा कपासको बत्ती बालेर पानी खुवाउने गर्दछन्, जसलाई "दागबत्ती" दिने भनिन्छ । यस क्रमपछि मलामीहरूले तीनपल्ट घाटको (नदी)को पानी खुवाउदै लाशलाई परिक्रमा गर्दछन् र यसपछि लाशलाई जलाइन्छ । लाशपूर्ण जलिसकेपछि सबै मलामीहरू नदीमा नुहाई भिजेको लुगासहित घर आउनु पर्दछ ।

धानुक समाजमा मरेको दुई दिनपछि गरिने विधिलाई दुधियाँ भन्दछन् । त्यो दिन लाश जलाएको ठाउँमा दूध चढाई माटोले छोपी घर आई आफ्ना दाजुभाइ र इष्टमित्रलाई दुधिया भोज (दही चिउरा) खुवाउँछन् ।

तेस्रो दिन दही चिउरा सखर "तिराइत भोज" भनी खुवाउँछन् । सात दिनपछि गरिने विधिलाई "सतधन" भनिन्छ । सतधनमा गाउँलेलाई र नातेदारलाई दही च्यूरा सखर खुवाउँछन् । मृत व्यक्तिको नाममा बाह्र दिनसम्म पिण्ड दिई तेह्रौ दिनमा ब्राम्हणद्वारा सम्पूर्ण वैदिक विधि गरी क्रिया बस्ने व्यक्ति लगायत सम्पूर्ण परिवारहरू चोखिन्छन् । तेह्र दिनको दिन "सभा भोज" भनेर आर्थिक क्षमता अनुसार गाउँले नातापाता बोलाई भोज ख्वाउँछन् । ब्राम्हण पुरोहित आदिलाई दिएको दान जति मृतकले अर्को जुनीमा पाउँछ भन्ने धार्मिक विश्वास यहाँका अधिकांश धानुक जातिमा देखिन्छ ।

# अध्याय –छ

## ६.१ धानुक जातीको शैक्षिक अवस्था

परम्परागत अवस्थामा रहेका धानुक जाती अन्य जातको सम्पर्कमा आई हाल सालको सिथतिमा शैक्षिक अवस्थामा प्रवेश गरिरहेको देखिन्छ । अत्यन्त थोरै सख्यांमा पुरुषको भन्दा महिलाको स्थर कम रहेको पाईएको छ ।

**तलिका न. १६ नेपालमा धानुक जातीको शैक्षिक अवस्था**

| योग्यता | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| एस.एल.सी. | ३५३२० | ८५९० | २६७३० |
| आइ.ए. | ३२२५ | ८७० | २३५५ |
| बि.ए. | १६८० | २४५ | १४३५ |
| एम.ए. | २२२० | ८९ | १९८७ |
| नर्सिङ्ग | ८४३ | ८४३ | ० |
| अहेवं, ल्याव | ३६७० | १०१ | ३५६९ |
| डाक्टर | ७५ | १९ | ५६ |
| इन्जिनियर | १२५ | १२ | ११३ |

(जिल्ला बिकास समितिको कार्यालय, झापा २०७२)

खासगरी नेपालमा धानुकको शैक्षिक अवस्था राम्रो नरहेता पनि शैक्षिक विकास तिर लम्किएको देखिन्छ । शैक्षिक अवस्थाको स्तरलाई हेर्दा अध्ययन क्षेत्रमा एस . एल.सि. सम्म पुरुष २६७३० जना , महिला ८५९० जना रहेका छन् । त्यस्तै आइ. ए. २३५५ जना पुरुषले ,महिला ८७० मात्र उत्तिर्ण गरेको देखिन्छ । बि. ए. सम्मको शिक्षा जम्मा पुरुष १४३५ जना छन् तर महिला २४५ मात्र उत्तिर्ण गरेको देखिन्छ । एम.ए.सम्मको पढाई १९८७ जना पुरुषले गरेको तर महिला ८९. जना पढेको पाइयो । ल्याव , अहेव १०१ जना महिला , पुरुष ३५६९ जना देखियो । नर्सिङ्गमा महिला ८३४ जना छन् । त्यस्तै डाक्टर पुरुषको जनसंख्यामा ५६जना छन् । इन्जिनियर पुरुषको जनसंख्यामा ११३ जना छन् । महिला १२ जना उत्तिर्ण गरेको देखिन्छ ।

### ६.१.१ झापा जिल्लामा धानुकको शैक्षिक अवस्थाः

**तालिका न. १७ झापा जिल्लामा धानुकको शैक्षिक अवस्था**

| योग्यता | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| ५-१० कक्षा | ७५ | १३ | ६२ |
| एस.एल.सि.-आइ.ए. | ३५ | ९ | २६ |
| आइ.ए.-बि.ए., वि.एड | २८ | ६ | २२ |
| एम.ए. | १२ | १ | ११ |
| ल्याव | ९ | २ | ७ |
| नर्सिङ्ग | १२ | १२ | ० |
| अहेव | १३ | ३ | १० |
| डाक्टर | ३ | ० | ३ |
| ओभरसियर | ८ | १ | ७ |
| इन्जिनियर | ५ | २ | ३ |

(जिल्ला बिकास समितिको कार्यालय, झापा २०७२)

खासगरी , धानुकको शैक्षिक अवस्था राम्रो नरहेता पनि विकास तिर लम्किएको देखिन्छ । झापा जिल्लामा धानुकको शैक्षिक अवस्था शैक्षिक अवस्थाको स्तरलाई हेर्दा अध्ययन क्षेत्रमा ५-१० कक्षा सम्म पुरुष ६२ जना , महिला १३ जना रहेका छन् । त्यस्तै एस.एल.सि.-आइ.ए. २६ जना पुरुषले ,महिला ९ मात्र उत्तिर्ण गरेको देखिन्छ । आइ.ए.-बि.ए., वि.एड सम्मको शिक्षा जम्मा पुरुष २२ जना छन् तर महिला ६ मात्र उत्तिर्ण गरेको देखिन्छ । एम.ए.. सम्मको पढाई ११ जना पुरुषले गरेको तर महिला १. जना पढेको पाइयो । ल्याव २ जना महिला, पुरुष ७ जना देखियो । नर्सिङ्गमा महिला १२ जना छन् । अहेव पुरुष १०,महिला ३ जना देखिन्छ । त्यस्तै डाक्टर,ओभरसियर, इन्जिनियरमा पुरुषको जनसंख्यामा ३,७,३ जना छन् । महिला ०,१,२ जना मात्र उत्तिर्ण गरेको देखिन्छ ।

### ६.१.२ गौरादह गा.वि.स.मा धानुकको शैक्षिक अवस्था

**तलिका न. १८ गौरादह गा.वि.स.मा धानुकको शैक्षिक अवस्था**

| योग्यता | जम्मा | महिला | पुरुष |
|---|---|---|---|
| ५-१० कक्षा | २५ | ६ | १९ |
| एस.एल.सि.-आइ.ए. | १८ | ८ | १० |
| आइ.ए.-बि.ए., वि.एड | ९ | २ | ७ |
| एम.ए. | ३ | १ | २ |
| ल्याव | ५ | २ | ३ |
| नर्सिङ्ग | ६ | ६ | ० |
| अहेव | २ | ० | २ |
| डाक्टर | १ | ० | १ |
| ओभरसियर | ३ | ० | ३ |
| इन्जिनियर | २ | ० | २ |

(जिल्ला बिकास समितिको कार्यालय, झापा २०७२)

खासगरी, धानुकको शैक्षिक अवस्था राम्रो नरहेता पनि विकास तिर लम्किएको देखिन्छ । गौरादह गा.वि.स.मा धानुकको शैक्षिक अवस्थाको स्तरलाई हेर्दा अध्ययन क्षेत्रमा ५-१० कक्षा सम्म पुरुष ६ जना , महिला १९ जना  रहेका छन् । त्यस्तै एस.एल.सि.-आइ.ए. १० जना पुरुषले ,महिला ८ मात्र उत्तिर्ण गरेको देखिन्छ । आइ.ए.-बि.ए., वि.एड सम्मको शिक्षा जम्मा पुरुष ७ जना छन् तर महिला २ मात्र उत्तिर्ण गरेको देखिन्छ  । एम.ए.. सम्मको पढाई २ जना पुरुषले गरेको तर महिला १. जना पढेको पाइयो । ल्याव २ जना महिला, पुरुष ३ जना देखियो । नर्सिङ्गमा महिला ६ जना छन् । अहेव पुरुष २ जना देखिन्छ ा त्यस्तै डाक्टर,ओभरसियर, इन्जिनियरमा पुरुषको जनसंख्यामा १,३,२ जना छन् ।  तर महिला देखिएन् । समग्रमा हेर्दा सानै उमेरमा महिलाहरुको विवाह हुने हुदा र जनचेतनाको कमिका साथै आर्थिक सथिति

सवल भएकाले राम्रे शिक्षा हासिल गरेको पाईन्छ भने निम्न भएकाले विचमै छोड्नु पर्ने वाध्यता देखिन्छ ।

### ६.१.३ गौरादह गा.वि.स.को शैक्षिक अवस्था

देश विकासको आधार भनेको साक्षरता एवम् शिक्षितहरूको अवस्थालाई जनाउँदछ । साक्षर एवम् शिक्षितदर राम्रो छ भने त्यसले देश विकासको राम्रो अवस्था देखाउँदछ । यस गौरादह गा.वि.स.मा रहेको शैक्षिक संस्थाहरूको संख्या निम्न छन् ।

**तालिका नं.१९ : गौरादह गा.वि.स.को शैक्षिक अवस्था सम्बन्धी विवरण**

| क.सं. | विद्यालय | नीजी विद्यालय | सरकारी विद्यालय | जम्मा |
|---|---|---|---|---|
| १. | प्रा.वि. | १२ | ३ | १५ |
| २. | नि.मा.वि. | ११ | २ | १३ |
| ३. | मा.वि. | ७ | १ | ८ |
| ४. | उ.मा.वि. | ६ | २ | ८ |
| ५. | व्यवसायिक प्रा.शि. | – | – | – |
| ६. | क्याम्पस | २ | १ | ३ |
| | जम्मा | ३८ | ९ | ४७ |

( जिल्ला बिकास समितिको कार्यालय, झापा २०७२)

यस गा.वि.स.मा सरकारी र नीजि दुवैतर्फ प्रा.वि., नि.मा.वि. र मा.वि. गरी जम्मा ४७ वटा शैक्षिक संस्थाहरू रहेका छन् । सरकारी विद्यालयले केही वर्षदेखि गुणस्तरीय शिक्षा दिन नसकेकोले नीजिस्तरका संस्थाहरू फस्टाएको देखिए पनि सबै तहका मानिसलाई यस्तो महंगो शिक्षाले समेट्न नसक्ने निश्चित देखिन्छ ।

**तालिका नं. २० गौरादह गा.वि.स.को २ वर्ष र त्यसभन्दा माथिको जनसंख्या साक्षरता स्थिति**

| साक्षरता स्थिति | लेख्न र पढन नजान्ने | | | पढ्न मात्र जान्ने | | | लेख्न र पढ्न जान्ने | | | थाहा नभएको | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| | ५२.३९ | ४४.४३ | ६०.७४ | १०.२४ | १०.१३ | १०.३७ | ३५.१७ | ४३.९२ | २५.५८ | २.२० | १.५१ | २.९१ |

(केन्द्रिय तथ्याङ्क विभाग, २०६८)

माथिको तालिका अनुसार यस गा.वि.स.को कुल जनसंख्या प्रतिशत मध्ये पढ्न लेख्न दुवै नसक्ने ५२.३९ प्रतिशत रहेको छ । १०.२४ प्रतिशतले पढ्नमात्रै सक्ने र पढ्न लेख्न दुवै सक्नेको संख्या ३५.१७ प्रतिशत रहेको छ । त्यसैगरी पुरुषहरूमा ४४.४३ प्रतिशतले पढ्न लेख्न दुवै सक्ने रहेको छ । पढ्न लेख्न दुवै सक्ने समूहमा ३५.१७ प्रतिशत रहेको छ । पढ्न मात्रै सक्नेहरूको संख्या १०.२४ प्रतिशत रहेको छ । महिलाहरूमा ६०.७४ प्रतिशत निरक्षर रहेको पाइन्छ । १०.३७ प्रतिशत महिलाहरूले पढ्न सक्ने देखिन्छ । पढ्न र लेख्न दुवै सक्ने महिलाहरूको संख्या २५.९८ प्रतिशत रहेको देखिन्छ । पुरुष र महिलालाई तुलनात्मक रूपमा हेर्दा निरक्षर संख्या महिलाहरूको नै बढी देखिन्छ । सामान्यतया समग्रमा हेर्दा आर्थिक र्सथितिले गर्दा र चेतनाको कमिले फरकपन देखिएको पाईन्छ ।

## ६.२ धानुकको आर्थिक अवस्था

नेपाल एक कृषि प्रधान विकासोन्मुख देश भएकाले यहाँको अर्थव्यवस्थालाई कृषिमा निर्भर ग्रामीण अर्थव्यवस्था भनिन्छ । यहाँका ८५ प्रतिशत भन्दा बढी जनता खेतीमा निर्भर छन् । यस्तै धानुक जाति पनि कृषिमा नै निर्भर छन् । सामान्यतयाः धानुकहरू नेपालका अन्य जातिहरूभन्दा आर्थिक स्थितिले कमजोर र विपन्न छन् । यसको मुख्य कारण उनीहरू कृषिबाट जीवन धान्दछन् । व्यापार, नोकरी, नगण्यमात्रामा गर्दछन् । आजभोली अन्य पेशामा पनि लागेको पाइन्छ । यहाँको धानुकहरूको जीवन पद्धति पनि कृषिमै आधारित छ । शिक्षाको कारणले यहाँको थोरै धानुकहरूले नोकरी गरेको देखिन्छ

भने वैकल्पिक रोजगारीको निम्ति देश विदेशमा समेत जाने गरेको देखिन्छ । सिँचाइको असुविधा, जमिनको खण्डीकरण असमानुपातिक वितरण तथा अवैज्ञानिक कृषि प्रणालीको कारणले उब्जनीमा ह्रास आएको देखिन्छ । परिणाम स्वरूप यहाँका कतिपय धानुकहरूलाई वर्षभरी खान पुग्ने अवस्था छैन । यस को परिपूर्तिका लागि यिनीहरूले अधियाँ, ज्यालादारी, मजदुरी गरेको पाइन्छ ।

यस अध्ययन क्षेत्रका धानुकहरूको आर्थिक अवस्थाअन्तर्गत भू-स्वामित्व, उत्पादनको स्थिति आदिलाई आर्थिक सूचकको रूपमा लिइएको छ । जुन सविस्तार वर्णन गरिन्छ ।

### ६.२.१ भू-स्वामित्व

भू- भनेको जमिन र स्वामित्व भनेको अधिकार हो । यसकारण भू-स्वामित्व अन्तर्गत घर जग्गा र खेतबारी पर्दछन् । धानुकहरूको भू-स्वामित्वबाट र यसबाट उत्पादनको स्थितिले सामाजिक प्रतिष्ठा कायम हुने देखिन्छ । यस अध्ययन क्षेत्र को धानुक जातिको भू-स्वामित्वको विवरण केकस्तो छ भन्ने कुरा तलको तालिकाबाट प्राप्त हुन्छ।

**तालिका न.२१ : भू-स्वामित्वको विवरण**

| क्र.सं. | जग्गाको विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | ५ कट्ठासम्म | ६ | ३३.३३ |
| २. | ६ कट्ठादेखि १ विघासम्म | ५ | २७.७७ |
| ३. | २ विघादेखि ५ विघासम्म | ४ | २२.२२ |
| ४. | ६ विघाभन्दा माथि | ३ | १६.६६ |
| ५. | भूमिहिन | ० | ० |
| | जम्मा | १८ | १०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिकामा ५ जना उत्तरदातामध्ये ६ कट्ठादेखि १ विघाहा सम्म जग्गा भित्र पाँचै जना धानुकहरु समेटिएका छन् । समग्रमा हेर्दा जमिनदारहरुको वर्चस्व

रहेका कारण यिनिहरुका नया पिढि पनि जमिनदार नै रहेको पाईयो भने आजकाल वढ्दो वैदेशिक रोजगार र नगद कारोवारका वावजुद अचल सम्पत्ति आर्जनको सँथिति फरक– फरक व्यक्तिमा फरक ढंगले रहेको हुनाले ।

### ६.२.२ भू–स्वामित्वको प्रकार

अध्ययन क्षेत्र गौरादह वडा नं. २ मा सबै धानुकहरूसँग पुग्दो जमिन देखिँदैन । आफ्नो जग्गा अन्य जातिका मानिसहरूलाई विक्री गरेका कारण अहिले केहीसँग मात्र थोरै जमिन रहेको छ । आफ्नो जग्गाले मात्र खान नपुग्ने र भूमिहीन धानुकहरूले अँधिया लगाउन बाध्य भएको अध्ययनबाट देखिन्छ । यस क्षेत्रका धानुक जातिको भू-स्वामित्वको प्रकार निम्न अनुसार रहेको छ ।

**तालिका न.२२ : भू-स्वामित्वको विवरण**

| क्र.सं. | भू-स्वामित्व | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | भू-स्वामी | १३ | ७२.२२ |
| २. | अधिया गर्ने र भू-स्वामी | ५ | २२.२२ |
| ३. | अधिया गर्ने मात्र | १ | ५.२२ |
| | जम्मा | १८ | १०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३ )

प्रस्तुत तालिकामा आफ्नै जग्गा जमिन मात्र खेती गर्ने उत्तरदाताको संख्या १३ जना( ७२.२२%) आफ्नो जग्गा तथा अधियाँसमेत लगाउने उत्तरदाताको संख्या ४ जना (२२.२२%), अधियाँमात्र गर्ने उत्तरदाताको संख्या देखिएन । यस तथ्याङ्कबाट के थाहा पाउन सकिन्छ भने आफ्नो जग्गा भए पनि त्यसको उब्जनीले नपुग्ने किसानहरूले आफ्नो जग्गा र अरुको जग्गा कमाउने गरेको देखिन्छ भने भूमिहीन किसानहरूले पहाडीयाको जग्गा अधियाँ लिएर जिवीका चलाएका छन् । समग्रमा हेर्दा पर्याप्त मात्रामा जमिन हुनेहरु र आधुनिक तरिकाले खेती गर्नेहरुको सँथिति सवल

हुनुका साथै जुन धानुक सग श्रम गर्ने सामर्थय र शक्तिको आधारमा पनि फरकपन देखिएको पाईन्छ ।

### ६.२.३ उत्पादनको स्थिति

अध्ययन क्षेत्र गौरादह गा.वि.स. वडा नं. २ का धानुकहरूले धान, मकै, गहुँ, तोरी तथा तरकारी खेती गरेको पाइन्छ । यहाँका धानुकहरूले वर्षभरिमा गर्ने उत्पादनको स्थितिलाई तल प्रस्तुत गरिएको छ ।

**तालिका न.२३ : नमुना छनोटमा परेका घरपरिवारको वार्षिक उत्पादन**

| क्र.सं. | वार्षिक उत्पादन | धान | मकै | उँखु | गहुँ | कोदो | तरकारी |
|---|---|---|---|---|---|---|---|
| १. | ०-१० | ४ | ८ | ० | ६ | ९ | १४ |
| २. | ११-२० | – | ४ | ० | ८ | ६ | १ |
| ३. | २१-३० | ५ | ४ | ० | ६ | ५ | ५ |
| ४. | ३१-४० | ३ | ४ | ० | – | – | – |
| ५. | ४१-५० | ५ | – | ० | – | – | – |
| ६. | ५१-६० | ३ | – | २० | – | – | – |
| | जम्मा | २० | २० | २० | २० | २० | २० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३ )

प्रस्तुत तालिका नम्वर २३ मा नमुना छनोटमा परेका ९ घर परिवारले उत्पादन गर्ने धान, मकै, गहुँ, तोरी तरकारी, उखु, गरी मुख्य गरी ६ वटा बालीको वार्षिक उत्पादन तालिकामा देखाएको छ ।

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि नमूना छनोटमा परेका ५ घरपरिवारले सबभन्दा बढी धान ५१-६० क्वीन्टलसम्म उत्पादन गरेको देखिन्छ । त्यसपछि मकै ३१-४० क्वीन्टल उत्पादन गरेको पाइन्छ । उखु ५१-६० क्विन्टलसम्म उत्पादन गरिन्छ

भने कोदो ११-२० क्विन्टल सम्म उत्पादन गरेको पाइन्छ । यस बाट के निष्कर्ष निकाल्न सकिन्छ भने यस क्षेत्रका धानुकहरूको मुख्य उत्पादन धान र उँखु पहो । जैविक र रसायनिक मलको फरक–फरक ढंगले प्रयोग गर्दा पनि उत्पादकत्तवमा फेरवदल भएको देखिन्छ । यसका वावजुद भूमिहिनहरु अरुनै पेशमा संलग्न रहने हुदा र कृषिमा परिश्रम गरे जति उत्पादन नहुनका कारण आधुनिक खेती का वारेमा जन–चेतनाका कमिका कारणले पनि कम उत्पादान गरेको पाईयो ।

### ६.२.४ खाद्यान्नको पर्याप्तता

यस अध्ययन क्षेत्रका कतिपय धानुक परिवारसँग कम जग्गा तथा जग्गा भएका धानुक परिवारको पनि कृषि उत्पादनमा कमी आउनु र विविध किसिमका घर खर्च चलाउन आफूले उत्पादन गरेको खाद्यान्न समेत वेच्नुपर्ने भएकाले केही घरपरिवारलाई आफ्नो उत्पादनबाट वर्षभर खान नपुग्ने स्थिति रहेको देखिन्छ । यस क्षेत्रका धानुक जातिको खाद्यान्न पर्याप्तताको स्थिति तल प्रस्तुत गरिएको छ ।

**तालिका न. २४ : खान पुग्ने र नपुग्ने आधारमा जनसङ्ख्याको विवरण**

| क्र.सं. | खानाको पर्याप्तता | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| ४. | ६ महिनासम्म | ४ | २२.२२ |
| ५. | ९ महिनासम्म | १० | ५५.५५ |
| ६. | वर्षदिन पुग्ने | ३ | १६.६६ |
| ७. | वर्षदिन खान पुगेर बेच्न समेत हुने | १ | ५.५५ |
| | जम्मा | १८ | १०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिका नम्वर २४ मा १८ जना जनसङ्ख्यामध्ये ६ महिनासम्म मात्र खान पुग्ने उत्तरदाताको संख्या ४ जना (२२.२२%), ९ महिनासम्म खान पुग्ने उत्तरदाताको संख्या १० जना (५५.५५%), वर्षभरि नै पुग्ने उत्तरदाताको संख्या ३ जना (१६.६६%), वर्षदिन खान पुगेर बेच्न पुग्ने उत्तरदाताको देखिन्छ , भने आफ्नो

जग्गाकम हुने तथा भूमिहीन धानुकहरूले मिहिनेत गरेर अर्काको जग्गा अधियाँ गरेर, ज्यालादारी, मजदुरी गरेर जीवन धानेको पाइन्छ ।

धानुकहरु यस गा .वि .स मा विभिन्न स्थितिका पाईयो, कोही पुर्खाहरु वाटै जमिनदार भएर अहिले सम्म सोहि धनलाई संरचित गरि एक वर्षसम्म पर्याप्त खाध्धान राखेर अरु वेच्ने गरेको पाइएको छ , भने कोही धानुकहरु सिंचाई सुविधाको अतिरिक्त लगानी र श्रमको अभाव, आफ्नो जमिन नभएकाले सिमित महिना मात्र खाद्यद्यान् पर्याप्त हुने र वर्षै भरि अरुको ज्याला मजदुरी गर्नुपर्ने वाध्याता अहिले सम्म रहिरहेको छ ।

### ६.२.५ आम्दानीको स्रोत

धानुक जातिले परम्परागत रूपमा अपनाएको पेशा कृषि हो । तर अहिले आएर अन्य पेशामा संलग्न हुन थालेको पाइन्छ । यहाँका धानुक जातिले अपनाएका पेशागत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.२५ : जनसख्या धानुक जातिको आम्दानीको स्रोत**

| क.सं. | खानाको पर्याप्तता | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | कृषि पशुपालन | २ | २८.५७ |
| २. | ज्याला मजदुरी | १ | १४.२८ |
| ३. | नोकरी | ४ | ५७.१४ |
| ४. | व्यापार | ० | ० |
| | जम्मा | ७ | १००.०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

प्रस्तुत तालिका नम्वर २५ मा ७ जना जनसख्या मध्ये २ जना अर्थात २८.५७ प्रतिशत उत्तरदाताको पेशा कृषि तथा पशुपालन रहेको छ । श्रमिकको रूपमा काम गर्ने उत्तरदाताको संख्या १ जना (१४.२८%) प्रतिशत रहेको छ भने नोकरी गर्ने

उत्तरदाताको संख्या ४ जना (५७.१४%) रहेको देखिन्छ । व्यापार गर्ने उत्तरदाताको कुनै पनि अवस्था देखिएन । श्रमिकको रूपमा काम गर्ने धानुकहरूले प्रायःजसो सिकर्मी तथा डकर्मीको काम गरेको पाइन्छ । माथिको तालिकाबाट के देखिन्छ भने यसबाट अझै पनि धानुक जातिको प्रमुख पेशा कृषि नै रहेको भए तापनि विस्तारै यिनीहरू अन्य आर्थिक क्रियाकलापमा संलग्न हुन थालेको पाइन्छ ।

धानुक जातिको आम्दानीको स्रोतमा आउनुको कारण कोहि जमिनदार भएका कारण आर्थिक स्थिति सवल देखिन्छ भने पर्याप्त रोजगारीको अवसरको अभावले , नोकरीको अभावले र शिक्षाको कमिले पनि यसमा प्रत्क्ष्य रुपमा आम्दानीको स्रोतमा कमि आएको देखिन्छ ।

### ६.२.६ पशुपालन विवरण

पशुपालन विना कृषि क्षेत्र अधुरो हुन्छ । पशुपालनबाट दूध, घ्यू, मासु आदि प्राप्त गर्न सकिन्छ । पशुपालनबाट आर्थिक परिवर्तनमा ठूलो टेवा मिल्दछ, यहाँका धानुक जातिले पशुपालनलाई मुख्य पेसाको रूपमा अपनाएको नभए पनि प्रायःजसो घरमा भैंसी, बाख्रा, गोरु, गाई, परेवा आदि पालेको पाइन्छ ।

**तालिका न.२६ : जनसख्याले पालेका पशुपंक्षीहरूको विवरण**

| क्र.सं. | पशुपंक्षीको नाम | १-२ | ३-४ | ५-६ | ७-९ | १०-११ | ११ भन्दा माथि | घरसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| १. | गाइगोरु | ४ | १ | - | - | - | - | ५ |
| २. | पाठाबाख्रा | १ | २ | ३ | ५ | - | - | ५ |
| ३. | भैंसी | ३ | २ | ५ | - | - | - | ५ |
| ४. | परेवा | - | १ | ३ | १ | - | - | ५ |
| | जम्मा | ८ | ६ | ११ | ६ | ० | ० | २० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिका नम्वर २६ अनुसार १-२ गाइगोरु पाल्ने घरसंख्या सबैभन्दा बढी ४ रहेको देखिन्छ । उनीहरूले गाईको दूधको लागि र गोरु खेत जोत्न र गाढा तान्नका लागि पालेको देखिन्छ । खेतीगर्नका लागि बाछोगोरु नै बढी प्रयोग गरेको पाइन्छ । यसैगरी पाठा बाखा सबभन्दा बढी पाल्ने घरसंख्या ३ रहेको छ भने भैंसी १-२ वटासम्म पाल्नेको संख्या ३ रहेको पाइनुका साथै परेवा ६-९ वटासम्म पाल्नेको संख्या १ पाइन्छ । माथिको तथ्याङ्कले सबभन्दा बढी परेवा पालेको देखिन्छ । यसको कारणबारे जिज्ञासा राख्दा धानुकहरूको धार्मिक कार्यमा देवतालाई बली चढाउनु पर्ने र धामी झाँक्रीबाट उपचार गराउँदा भोग दिनुपर्ने तथा धानुकहरू बढी माछा, मासु प्रेमी भएकोले यी पशुपंक्षीहरू धेरै पालेको हो भन्ने उत्तर दिए  का थिए ।

अहिलेको स्थितिमा मानिसहरु कृषिपेशा लाई भन्दा व्यापार , वैदेशिक रोजगार आदीमा प्रेरित भएको पाईनुका साथै पशुपालन गर्न खुल्ला चरण क्षेत्र चाहिने हुदा यसको अभावले गर्दा पनि फरक पाईएको छ ।

### ६.२.७ कृषि तथा अन्य पेशाबाट हुने वार्षिक आयको स्थिति

आयको अध्ययन आफैमा जटिल कार्य हो । कतिपय मानिसहरूले आफ्नो आयको यथार्थ स्थिति बताउन नचाहने पनि हुन सक्दछ तर पनि धानुकहरूको वार्षिक आयको अनुपात लगाउने क्रममा उनीहरूले दिएको तथ्याङ्कलाई वर्षभरिमा गर्ने उत्पादन र यसबाट प्राप्त मुख्य विभिन्न आयस्रोतलाई आधार मानी तथ्याङ्कलाई सकेसम्म सत्यताको नजिक पुऱ्याउने प्रयास गरिएको छ । अध्ययन क्षेत्रका धानुकहरूको कृषि तथा अन्य पेशाबाट हुने वार्षिक आयको विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका न.२७ : कृषि तथा अन्य पेशाबाट हुने वार्षिक आयको विवरण**

| क.सं. | वार्षिक आय | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | रु. २०,००० भन्दा कम | १ | २० |
| २. | रु. २०,०००-३०,००० | १ | २० |
| ३. | रु. ३०,०००-४०,००० | - | ० |
| ४. | रु. ४०,००० भन्दा माथि | ३ | ६० |
| | जम्मा | ५ | १०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको तालिका नम्वर २७ का अनुसार सबभन्दा बढी वार्षिक आय रु. ४०,००० भन्दा बढी जम्मा ३ घर अर्थात (६०%) रहेको छ । रु. २०,००० भन्दा कम वार्षिक आय अर्थात १ घर परिवार देखिन्छ । जुन कूल नमूनाको (२०%) हुन आउँछ । त्यसैगरी रु. २०,०००-३०,००० सम्म वार्षिक आय भएको घरपरिवार देखिएन । वार्षिक आयमा फरक आउनुको कारण पहिला धानकहरुको सँथिति एकदम नाजक रहेका कारण श्रम र पूजीको उचित व्यवस्थापन नहुनाले गर्दा सँथिति खस्कदो देखिन्थ्यो भने अहिले वैदेशिक रोजगार , विभिन्न पेशामा संलगन ,व्यापारमा पनि आवद्ध रहेका हुनाले केहि मात्रामा सवल देखिएको छ ।

## ६.२.८ ऋणको अवस्था

यस क्षेत्रका धानुक जातिमध्ये धेरैजसोले ऋणको कारोबार गरेको पाइँदैन । केही धानुकहरूले घर खर्च, तरकारी खेती गर्न भैंसी पालन, व्यापार व्यवसाय गर्नका लागि ऋण लिएको देखिन्छ । यिनीहरूको ऋण सरकारी बैंक, सहकारी संस्था र आफन्तबाट पनि लिएको देखिन्छ । आर्थिक स्थिति मजवुत भएका आम्दानी गर्ने केही धानुकहरूले बचत भएको रकम अन्य धानुकहरूलाई ऋणको रूपमा दिने गरेको पाइन्छ । यहाँका धानुकहरूले लिएका तथा दिएका ऋणको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका न.२८ : ऋण दिएको तथा लिएको विवरण :**

| क.सं. | ऋणको विवरण | संख्या | प्रतिशत (%) |
|---|---|---|---|
| १. | ऋण दिएको | ११ | ६१.११ |
| २. | ऋण लिएको | ६ | ३३.३३ |
| ३. | ऋणको कारोवार नगर्ने | १ | ५.५५ |
| | जम्मा | १८ | १०० |

(अध्ययन क्षेत्र सर्वेक्षण, २०७३)

माथिको प्रस्तुत तालिका नम्वर २८ मा १८ जना उत्तरदातामध्ये ११ जना (६१.११%) उत्तरदाताले अरुलाई ऋण दिएका छन् भने ६ जना (३३.३३%) उत्तरदाताले अन्यत्रबाट ऋण लिएको देखिन्छ । १ जना (५.५५%) उत्तरदाताले ऋण सम्बन्धी कारोबार गरेका छैनन् । सर्वेक्षणको ऋण लिएका ६ जना उत्तरदाताले सरकारी बैंक, सरकारी संस्था तथा आफन्तबाट ऋण लिएको जानकारी दिएको पाइयो । उचित श्रम र पूजीको व्यवस्थापनको व्यवसथित तालमेलका अभाव भएका कारणले गर्दा विभिन्न धानुकहरुमा उतार–चढाव भएको पाईन्छ ।

## ६.२.९ वार्षिक खर्चको विवरण

मानिसको आम्दानीको स्रोतहरूले खर्चको क्षेत्रहरुलाई निर्धारण गर्ने गर्दछ । खर्चका क्षेत्रहरू कतिपय वाध्यात्मक पनि हुने गर्दछन् । सामाजिक मूल्य, मान्यता, आफ्नो आर्थिक उत्पादन परिवार संख्या जस्ता कुराहरूले समेत खर्चका क्षेत्रहरू निर्धारण गर्दछ । घरपरिवारको पालनपोषण, रोगव्याधि, शिक्षा, चाडपर्व, मनोरञ्जन आदि लगायतका क्षेत्रमा खर्च गर्नुपर्ने देखिन्छ । यहाँका मानिसहरूले खर्चका लागि छुट्याउने शीर्षकहरू निम्नानुसार रहेका छन् ।

**तालिका न.२९ : खर्चका क्षेत्रहरूको विवरण**

| क्र.सं. | क्षेत्रको विवरण | प्रतिशत (%) |
|---|---|---|
| ५. | खाना | ४० |
| ६. | चाडपर्व तथा मनोरञ्जन | २३ |
| ७. | लत्ताकपडा | १८ |
| ८. | शिक्षा | ८ |
| ९. | स्वास्थ्य | ५ |
| १०. | विविध | ६ |
| | जम्मा | १००.०० |

( अध्ययन क्षेत्र सर्वेक्षण, २०७३ )

यस अध्ययनका धानुक जातिहरूको मानिसहरूले सबभन्दा बढी ४० प्रतिशत खानामा खर्च गर्दछन् । खानापछिको ठूलो खर्चको हिस्साले उनीहरूको चाडपर्व मनोरञ्जन मनाउनेमा जान्छ । जुन उनीहरूको कूल आम्दानीको २३ प्रतिशत ओगटेको छ । त्यस्तै गरी लत्ता कपडामा १८ प्रतिशत, शिक्षामा ८ प्रतिशत, स्वास्थ्यमा ५ प्रतिशत र विविधमा ६ प्रतिशत खर्च गर्ने गरेको देखिन्छ । यहाँ प्रतिशत निकाल्ने सन्दर्भमा उत्तरदाताहरूले आफ्नो आम्दानीको निश्चित रूपैयाँको विवरण नदिएर अनुमानित प्रतिशतमा बताएको आधारमा माथिको तालिकामा प्रस्तुत गरिएको हो ।

माथिको तालिकाबाट प्रष्ट हुन्छ कि अध्ययन क्षेत्रमा धानुकहरू धेरै चाडपर्व मान्ने भएकोले आम्दानीको धेरै हिस्सा खाद्यान्नमा खर्च गर्ने गरेको देखिन्छ । शिक्षामा ८ प्रतिशत खर्च देखिएकोले धानुकहरूमा पहिलेको तुलनामा छोराछोरी पढाउने प्रवृत्ति बढिरहेको देखिन्छ , भने आर्थिक स्थिति सवल हुने वढि मात्रामा सवै क्षेत्रमा खर्च गर्ने गरेका पाईयो त्यसका साथै श्रम र पूजी अभावका कारण र निरिक्षरहरुमा आवश्यक परेमा मात्रा अरु वाट ऋण लिएर खर्च गरेको पाईएको छ ।

### ६.२.१० वैकल्पिक रोजगारीको स्थिति

यहाँ धानुक जातिमा कृषि पेशाबाहेक अन्य रोजगारीको स्थिति त्यति राम्रो देखिँदैन । तापनि हाल अन्य पेसामा धानुकहरु संलग्न हुन थालेको पाइन्छ । पढेलेखेको धानुकहरू पनि बेरोजगारीको चपेटामा परेका देखिन्छन् । ३ जना धानुक शिक्षण पेसामा लागेका छन , भने ३ जना हुलाकसेवामा कार्यरत छन् । २ जना धानुक झापा र हेटौँडामा सुब्बाना.सु, पदमा काम गरेको देखिन्छ । यसैगरी कतिपयले बिजुलीको काम गर्ने गरेको देखिन्छ । महिलाहरूमा केही महिलाहरूले सिलाईकटाईको काम गर्ने गरेको पाइयो भने ३ जना महिला दियालो व्यापारमा लागेको देखियो । अन्य महिलाहरू घरायसी कामकाजमा नै दिन बिताइरहेको पाइन्छ । वैकल्पिक रोजगारीमा केही धानुकहरूले ट्याक्टर चलाउने, सिकर्मीको काम गर्ने, घरेलु काम गर्ने गर्दछन् । कृषि पेसामा विद्यमान समस्याहरू तथा आधुनिकीकरणले ल्याएको परिर्वतनले गर्दा यहाँका युवा धानुहरूले रोजगारीका लागि आफ्नो ठाउँ छाडेर वैदेशिक रोजगारतिर जाने क्रममा वृद्धि भएको पाइयो ।

### ६.२.११ धानुक जातिहरुमा समसामायिक पक्षमा भएका परिवर्तनहरुः

वर्तमानको राजनीतिक चहलपहल राजनीतिक सन्दर्भ र कानुनको अनिवार्य शिक्षा प्रणालीले धानुक जातीको राज्यका सवै निकाय र सरोकारका विषयहरुमा सहभागिताको स्थिति समग्रमा सुधारन्मुख छ । नेपाल अधिराज्यको सविंधान २०४७ को परिधिमा रहेर आदीवासी जनजाती राष्ट्रिय उत्थान प्रतिस्ठान ऐन २०५८ ले आदीवासी जनजाती अर्न्तगत वाह्रौ नम्वर अन्तर्गत अतिसिमानतिकृत जनजाती वर्गमा राखेको छ । यी जाती विहान वेलुका छाक टार्न मुस्किलको अवस्था देखि धनाढ्य सम्म भएको देखिन्छ ।अन्य जातिहरु सगको हेलमेल र समिपमा रहेर आफ्ना समस्या र सामाजिक सास्कृतिक अवस्था लाई परिवर्तन तिर डोर्याईरहेको अवस्थामा देखिन्छ ।

बिगत १० बर्ष अगाडी अर्थात २०४६ साल अगाडी हजुरीया प्रथामा रुमलिएका धानक बस्ती आज भोलि अर्थात ०६२–०६३ जन आन्दोलनको परिवर्तन पश्चात नागरिक सरोकारका सस्थाहरु नागरिक वडा मञ्चको पहलमा सविंधान गोष्ठी ०६३ मा आवद्ध भई उनीहरुले थोरै मात्रामा भए पनि आफ्नै लागी वोल्ने आट र हिम्मत् गरिरहेको एउटा अवस्था छ । जसले गर्दा विगतमा निमुखा धानुक विभिन्न संघ सस्थाको समिपमा आई परम्परागत धर्म सस्कृतिमा परिवर्तन ल्याई खुकुलो धर्म सस्कृतिको ओकालत गरिरहेको देखिन्छ । विभिन्न पक्षहरुमा जस्तै सामाजिक ,सास्कृतिक ,आर्थिक ,शैक्षिक पक्ष विगतमा भन्दा वर्तमानमा अधिक मात्रामा परिवर्तन भईरहेको यस सोधपत्र वाट पृष्ठी हुन्छ । फल:स्वरुप यीनिहरुमा आएका विभिन्न पक्षका परिवर्तनहरुलाई वुदागत रुपमा हर्दा निम्न देखिन्छ :

### ६.२.१२.१.सामाजिक परिवर्तन :

विगतमा आफ्नै समुदाय भित्रै जस्तोसकै समस्याको निकास खोज्ने धानुकहरु आजभोली छर– छिमेक सहित छिमेकी गाउका अन्य व्यक्ति र समुदाय सहित अन्य सगको सम्पर्कमा आई गाउ भन्दा टाढा श्रम र रोजगारीमा जाने गरेको देखिन्छ । साथै रोजगारी वाट प्राप्त आर्थिकले उनीहरुको दैनिक र वार्षिक जीबिका गुणस्तरीय किसिमवाट चलाउनमा मद्दत पगेको ले आफ्नो जातिय समाजको घेरा भित्र मात्र सिमित नरहेर अन्य जात सग पनि सर्म्पकमा आएर आफ्नो परिवर्तन र उन्नति देख्न खोज्ने धानुकहरु अवसरको खोजीमा नियमित लागि परेको अवस्था छ । वर्तमानको सविंधान , माओवादी जनयद्ध,मधेस आन्दोलन, नागरिक चेतना, वर्तमानको अनिवार्य शिक्षा प्रणली र आदीवासी जनजातीको अति सिमार्नत्तकृत वर्गको सचिमा रहेको धानकलाई उनीहरुको परिवर्तनको लागि संगठित संस्थाहरु घर घरमै आएर उनीहरुलाई उत्प्रेरित गर्ने भएकोले आजभोली उनीहरु क्षमतावान् जनसक्ति पैदा हदै आईरहेको अवस्थामा लर्मकिरहेका छन् ।

### ६.२.१२.२ सास्कृतिक परिवर्तन :

वर्तमानको शिक्षा प्रणलीले गर्दा धानकहरुको आफ्नो वाल वच्चाहरुलाई शैक्षिक संस्थामा पठाउदा नियमित छात्रावृत्ति पाउने र वाल वच्चाहरु शैक्षिक संस्थामा उप सथिति हदा अन्य जातिको वाल वालिकाको सर सफाई रहन सहन लाई आत्मासात् गर्दै उनीहरु पनि सर–सफाई तथा नियमित सञ्चारका साधानहरु फेसवुक, रेडियो,टि.भि, ईन्टरनेट वाट महिला पुरुषहरु लुवाई खुवाई, वोलाई,देखि, हेरी, सुनी सोही अनुसार आफ्ना पारिवारीक सदस्यहरुमा पनि समाजमा रहेको चालचलनमा ढलकियोस भन्ने चाहाना अभिभावकहरुको रहेकाले छोरीहरु साइकल चढ्ने, परम्परागत लुगा फाटोको सट्टा आधुनिक पहिरहन प्रयोगमा ल्याएको देखिन्छ । साथै कछाड, धोती, लगी लगाउने धानकहरु आजभोली आधनिक पहिरहन लगाउन रुचाएको पाईन्छ। वैवाहिक संस्कारमा परिवर्तन आई १८– १९ वर्ष पछि विहेवारी गर्न थालेका छन्  भने परापूर्व कालमा हुने वैवाहिक खर्चमा समेत कमि आई आधुनिक वैवाहिक सम्वन्ध तिर लमकिरहेको देखिन्छ । केटाकेटीको आपसमा मनमिलेको खण्डमा कतिपय अवस्थामा विना दाईजो पनि वैवाहिक सम्वन्ध गासिएको देखिन्छ । वर्तमानको संविधान र नागरिक चेतनाको फल स्वरुप आर्थिक पक्षमा अभिवृद्धि र विकास भईरहेको देखिन्छ।

### ६.२.१२.३.आर्थिक परिवर्तन :

वर्तमानको आवश्यकता विगतको कमजोरीपनाको वावजुद धानुकहरु को आर्थिक सथिति अति राम्रो नभएता पनि प्रगति तर्फ लमकिरहेको छ । परम्परागत् चामल, दालमा श्रम दान गर्ने धानुकहरु आजभोली नगदमा श्रम गरिरहेका छन् ।कोहि भने वैदेशिक रोजगारमा पलायन भएको र आफ्नै भ–स्वामित्तव थोरै मात्र धानुकहरुको रहेको र पहिलेको भन्दा अहिले धानुकहरुको आर्थिक अवस्था निकै नै राम्रो रहेको पाईएको छ । यसको एउटै कारण नेपालको राजनितिक परिवर्तन हो । अर्कोतर्फ च्याउ झैं उम्रेका सघं सस्थांको जनचेतना मुलक कार्यकमहरुले गर्दा विभिन्न सरकारी गैंरसरकारी सस्थामा धेरै मात्रामा जनशक्ति कार्यरत रहेको पाईयो ।

### ६.२.१२.४. शैक्षिक परिवर्तन :

वर्तमानको अनिवार्य शिक्षा प्रणली र विना शिक्षा सघं सस्थामा आवद्ध हन नपाउने संथितिले गर्दा धानकहरु आजभोली ज्याला,मजदुरी गरेरै भएपनि आफ्ना सन्तानलाई शैक्षिक सस्थामा पठाएको एउटा संथिति छ भने विगतमा महिला शिक्षा वाट वञ्चित गराएका छोरी चेली लाई उत्साहपर्ण रुपमा उच्च शिक्षा तर्फ ध्यान दिएको पाईन्छ । कतिपय छोरीहरु त स्थानिय सहकारी सस्थामा आवद्ध भई आर्थिक संथिति र स्वरोजगार हुनको कारण देखासेखीले गर्दा अन्य धानुकहरु पनि आफ्ना छोरीचेली लाई पढाईको निमति उत्प्रेरित् गरिरहेको देखिन्छ । त्यसो त यस वस्तीमा धानुकको विगतको भन्दा शौंक्षिक संथिति सुधार उन्मुख तिर लमकिरहेको देखिन्छ । शैक्षिक संथितिमा परिवर्तन आउनको कारणहरु कनै पनि सघं सस्थांले विना योग्यता आफ्ना सदस्य नवनाउने तथा राजगारीका अवसरहरु गम्ने विभिन्न चेतनामुलक कार्यकमले शैक्षिक स्तरलाई सिरोधार्य गरेर् अन्यलाई प्राथमिकतामा राखेको कारण पहिलेको भन्दा वर्तमानमा शौंक्षिक अवस्थामा वृद्धि भएको पाईएको छ । ( स्थलगत अध्यायन : २०७३)

# अध्याय-सात

# सारांश तथा निष्कर्ष

## ७.१ सारांश

धानुक जाति तराई क्षेत्रका आदिवासी जनजाति मानिन्छन् । धानुक जाति नेपालको पूर्व झापादेखि पश्चिम महाकालीसम्म चुरे क्षेत्र र राजमार्ग दक्षिणी क्षेत्रमा बसोबास गरेका छन् । झापा, मोरङ, सुनसरी, सप्तरी, उदयपुर, सिरहा सर्लाही, महोत्तरी, धनुषा, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बैतडी, आदि जिल्लाहरूमा धानुक जातिको बसोबास रहेको पाइन्छ ।

यो अध्ययन  झापा जिल्ला गौरादह गा.वि.स.मा बसोबास गरेका धानुक जातिमा आधारित रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य धानुक जातिको सामाजिक, सांस्कृतिक,आर्थिक, शैक्षिक अवस्थाको जानकारी लिनु रहेको छ । यस अध्ययनको ढाँचामा अन्वेषणात्मक र वर्णात्मक दुवै विधिको प्रयोग गरिएको छ । यस गा.वि.स.को वडा नं. २ मा जम्मा धानुक जातिको घरपरिवार १८ मा अध्ययनको लागि ६५ घरपरिवारलाई लिइएको छ । यस अध्ययनको तथ्याङ्कको स्रोतमा प्राथमिक र द्वितीय स्रोत दुवैबाट प्राप्त भएका तथ्याङ्कलाई प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरूलाई संख्यात्मक र व्याख्यात्मक दुवैमा प्रस्तुत गरिएको छ ।

यस गा.वि.स. गौरादह को जम्मा जनसंख्या ४७३९३ रहेको छ । जसमा पुरुषको संख्या २४,१०८ (५०.८६%) र महिलाको संख्या २३,२८५ (४९.०७%) रहेको छ । यस गा.वि.स.मा धानुक जातिहरूको जम्मा जनसंख्या १८२ रहेको छ, जसमा पुरुष ९५ र महिला ८६ रहेका  छन् ।

जनसंख्याको दृष्टिकोणले छनोट परिवारमा पुरुष ४१.५३% र महिला ५८.४६% प्रतिशत रहेको देखिन्छ । जसअन्तर्गत ०-९ वर्ष सम्मको जनसंख्या १५ र १०-१९ वर्षसम्मको जनसंख्या १८, २०-२९ वर्षको जनसंख्या ६ र ६० वर्षभन्दा माथिको जनसंख्या ५ रहेको छ । परम्परागत रूपमा संयुक्त परिवारमा बस्न रुचाउने यहाँका

धानुकहरू अहिले एकल परिवारमा बस्न थालेको पाइन्छ । यस्तो परिवारको संख्या ६ (३३.३३%) रहेको छ भने संयुक्त परिवारको संख्या १२ (६६.६६%) प्रतिशत रहेको छ ।

यहाँका धानुकहरूको घरको किसिमलाई हेर्दा कच्ची घर भएका उत्तरदाता १५ (८३.८८%) र पक्की घर भएका उत्तरदाता ३ (१६.६६%) प्रतिशत रहेका छन् ।

यस गा.वि.स.का धानुक जातिको शैक्षिक अवस्था अन्य जातिको तुलनामा कमजोर नै पाइन्छ । तापनि आजभोली सबैले आफ्ना छोराछोरीलाई विद्यालय पठाउने गरेको देखिन्छ जसअनुसार उत्तरदाताको परिवारको शैक्षिक स्थिति हेर्दा १-५ कक्षा सम्म अध्ययन गर्ने संख्या सबभन्दा बढी १६ । आई . ए. ७ तथा बी.ए. ६जना सम्म रहेको देखिन्छ ।

अध्ययन क्षेत्र गौरादह गा.वि.स.मा बसोबास गरेका अत्यधिक धानुकहरूलाई परिवार नियोजनसम्बन्धी ज्ञान रहेको छ । परिवार नियोजन गरेका उत्तरदाताको संख्या ७२.२२ प्रतिशत र प्रयोग नगरेका उत्तरदाताको संख्या २७.७७ प्रतिशत रहेको देखिन्छ । यस क्षेत्रको स्वास्थ्य स्थितिको विचार गर्दा परम्परागत धामी उपचार पद्धतिलाई प्राथमिकता दिने उत्तरदाता ६१.११ प्रतिशत रहेको पाइन्छ । खानेपानीको लागि इनार, कुवा धारोको प्रयोग गरेको पाइन्छ तर धानुकहरूले शौचालय बनाएको देखिँदैन ।

यहाँका धानुक समाज पुरुष प्रधान भए पनि आजभोली केही मात्रामा छोराछोरीलाई पढाउने, विवाह गर्ने, जस्ता कुरामा महिलाहरूको निर्णायक भूमिका बढ्दै गएको पाइन्छ । यिनीहरूमा नातासम्बन्ध बलियो र सुमधुर रहेको देखिन्छ । यसैगरी यस क्षेत्रमा धानुकहरूको आफ्नै सामाजिक संगठन भए पनि आजभोली धानुक जातिसँग सम्बन्धित विभिन्न संघसंस्थाहरू खोलेको देखिन्छ । साथै, यहाँका धानुकहरूले राजनीतिक गतिविधिप्रति निक्कै रुचि राखेको पाइन्छ ।

धर्मअन्तर्गत यहाँका धानुक जातिले हिन्दू धर्म मान्दै आएका छन् । यिनीहरूको सामाजिक संस्कारमा जन्मसंस्कार, विवाह संस्कार, मृत्युसंस्कार आदि रहेका छन् । जन्मसंस्कारमा न्वारन, छठियार गर्ने चलन रहेको पाइन्छ । बच्चाको नाक, कान छेड्ने

र कपाल काट्ने चलन पनि रहेको देखिन्छ । यसका साथै मुख्यसंस्कारमा दागवत्ती दिने र गाड्ने चलन दुवै रहेको पाइयो । काजक्रिया बस्ने चलन पनि देखियो । यहाँका धानुक जातिमा १३ दिनमा चोखिने चलन छ । यहाँको धानुक समाजमा मागी विवाह प्रेम विवाह चलनचल्तीमा रहेको देखिन्छ । अन्तर्जातीय विवाहलाई पनि मान्यता दिएको पाइन्छ । विवाह गर्ने उमेर परम्परागत रूपमा सानै उमेरमा भए तापनि यो चलन यस क्षेत्रमा हटिसकेको पाइन्छ । साथै विधुवा विवाह, सट्टापट्टा विवाहको प्रचलन पनि यस क्षेत्रमा नभएको देखिन्छ ।

यिनीहरूले जनसंस्कार विवाहसंस्कार र मृत्युसंस्कारमा भोज खाने र आफन्तलाई बोलाउने गरेको देखिन्छ ।

यस क्षेत्रमा धानुकले परम्परागत भोटो, लगौटी चोल्या, गुन्यो लगाएको देखिँदैन । यसको सट्टा पुरुषहरूले पाइन्ट, कमिज शर्ट र महिलाले साडी ब्लाउज, कुर्ता सलवार लगाएको देखियो । गरगहनामा पनि परम्परागत गहना लगाउने प्रथा हट्न थालेको देखिन्छ । टप, सिक्री, तिलहरी जस्ता लगाउन थालिएको छ ।

यहाँका धानुकहरूमा प्रमुख चाडपर्वहरुमा दशै तिहार, जितिया, मागेसङ्क्रान्ति, भरजुतिया आदि लगायतका छन ्यस क्षेत्रमा धानुकहरूको भूस्वामित्व अन्तर्गत अधिकांश नमूना धानुक परिवारमा जमिनको स्वामित्व भएको देखिन्छ । आफ्नै जग्गा जमिनमा खेतीगर्ने उत्तरदाताको संख्या ७२.२२ प्रतिशत र अधियाँ लगाउने उत्तरदाताको संख्या २२.२२ प्रतिशत रहेको पाइन्छ । आफ्नो जग्गा भएकाले पनि खान नपुग्ने हुँदा अधियाँ गर्ने गरेको देखिन्छ । २२.२२ प्रतिशत परिवारहरू मध्यमवर्गमा भएको देखिन्छ । केवल थोरै परिवारहरूमात्र २० प्रतिशत सम्पन्न वर्गमा भएको देखिन्छ । यहाँका धानुकमा खर्चको प्रारूप हेर्दा शिक्षा र स्वास्थ्यका लागि कम खर्च १०.४३ प्रतिशत खर्च गरेको पाइन्छ । अध्ययन क्षेत्र गौरादह गा.वि.स.का धानुकहरू आजभोली कृषि पेशा बाहेक अन्य पेशाजस्तै बिजुलीको काम गर्ने, साइकल मर्मत गर्ने तथा शिक्षण पेशामा लागेका देखिन्छन् भने महिलाहरू प्रौढशिक्षा  दिने सिलाईबुनाई सिकाउने आदि कार्यमा संलग्न भएको देखियो । यसैगरी शैक्षिक विकास, आधुनिक

परम्परा, बढ्दो शहरीकरण तथा अन्य जातिको सम्पर्कले धानुक जातिको सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थामा परिवर्तन आएको देखिन्छ । बिगत १० बर्ष अगाडी अर्थात २०४६ साल अगाडी हजुरीया प्रथामा रुमलिएका धानक बस्ती आज भोलि अर्थात ०६२–०६३ जन आन्दोलनको परिवर्तन पश्चात नागरिक सरोकारका सस्थाहरु नागरिक वडा मञ्चको पहलमा सविंधान गोष्ठी ०६३ मा आवद्ध भई उनीहरुले थोरै मात्रामा भए पनि आफ्नै लागी वोल्ने आट र हिम्मत् गरिरहेको एउटा अवस्था छ । जसले गर्दा विगतमा निमुखा धानुक विभिन्न संघ सस्थाको समिपमा आई परम्परागत धर्म सस्कृतिमा परिवर्तन ल्याई खुकुलो धर्म सस्कृतिको ओकालत गरिरहेको देखिन्छ । विभिन्न पक्षहरुमा जस्तै सामाजिक ,सास्कृतिक ,आर्थिक ,शैक्षिक पक्ष विगतमा भन्दा वर्तमानमा अधिक मात्रामा परिवर्तन भईरहेको पाईन्छ ।

**७.२ निष्कर्ष** :

यस अध्ययनको मुख्य उद्देश्य गौरादह गा.वि.स. वडा नं. २ मा बसोबास गरेका धानुक जातिको सामाजिक सांस्कृतिक अवस्थाको बारेमा जानकारी हासिल गर्नु रहेकोले यस अनुसन्धानबाट निम्न निष्कर्षमा पुगिएको छ ।

- उत्पत्तिको दृष्टिले अझै रहस्यमय रहेका धानुक जाति परापूर्वकालदेखि नेपालको तराईक्षेत्रमा बसोबास गर्दै आएको आदिवासी जनजाति हो ।

- शैक्षिक क्षेत्रमा पछाडि परेको धानुक जातिमा अहिले केही मात्रामा भए पनि शैक्षिक चेतनाको विकास भएको कारण आफ्ना छोराछोरीलाई विद्यालय पठाउन थालेको पाइन्छ । विद्यालय शिक्षाबाट बञ्चित धानुकहरूले प्रौढशिक्षा बाट साधारण ज्ञान हासिल गरेको पाइन्छ । बीचैमा पढाई, छोड्ने प्रवृत्तिले आई.ए.वा सोभन्दा माथि अध्ययन गर्ने धानुकहरूको संख्या एकदमै कम रहेको देखिन्छ ।साथै, कतिपय छोरीहरु त स्थानिय सहकारी सस्थामा आवद्ध भई आर्थिक सँथिति र स्वरोजगार हुनको कारण देखासेखीले गर्दा अन्य धानुकहरु पनि आफ्ना छोरीचेली लाई पढाईको निमति उत्प्रेरित् गरिरहेको देखिन्छ ।

- परम्परा अनुसार कट्टर रहने हुदा विवाहमा मागी विवाह लाई प्राथामिकता दिने र वर्तमानको नया पिढिंको स्थितिमा प्रेमविवाह लाई पनि मान्यता दिएको पाइन्छ । राजनैतिक परिवर्तनले गर्दा हाल आएर अन्तर्जातीय विवाहलाई पनि मान्यता दिएको पाइन्छ ।

- सास्कृतिंक परम्पराहरुमा परिमार्जन हदै आएको पाईन्छ जस्तै जन्म, मृत्युसंस्कार, विवाह संस्कार सम्पन्न गर्दा ब्राह्मण क्षेत्रीको जस्तै गर्ने गरेको देखिन्छ भने यी सबै संस्कारमा आफ्नो पुरोहित ब्राह्मणलाई बोलाउने गरेको पाइन्छ । अन्य जात–जातिहरुको हेलमेल र सगंतले गर्दा आफ्ना रिती रिवाजमा परिवर्तन भईरहेको देखिन्छ ।

- सञ्चारको माध्यम द्धारा साथै विभिन्न चेतनामुलक कार्यक्रमको माध्यम द्धारा धानुकमा परम्परागत धामी, झाँक्रीमा विश्वास गर्ने प्रचलमा भने कमी आएको कारण विरामी हुँदा अस्पताल लैजाने प्रचलन बढेको देखिन्छ ।

- आर्थिक स्थितिमा सुधार आउनका साथै छर–छिमेकको समिपमा रहेको हुदा पुराना ढाँचाका घरहरू बनाउन छोडेर नयाँ ढाँचाका पक्की घरहरू बनाएको देखिन्छ ।

- धानुक जातिको आफ्नै प्रकारको सामाजिक संगठन भए पनि वर्तमान समयमा धानुक जातिसँग सम्बन्धित संघसंस्था खोलेको पाइन्छ । यी जातिरूपमा राजनैतिक जागरुकता पनि बढेको देखिन्छ । अहिले आएर महिलाहरु पनि जागरुप भएर आफ्नो हकहितका निर्मति सचेत भएर आफ्नो चिनारी खोजि गरको पाईन्छ ।

- परम्परागत भेषभूषा गरगहना लगाउन छोडेर चलन चलतिमा आएका आधुनिक भेषभूषा गरगहना लगाएको देखिन्छ । तर अहिले आएर आफ्नो सस्कृति र परम्परा ,भेषभूषा , भाषा आदी लाई पनि बिगतमा भन्दा अहिले पहिलाउदै आएको देखिन्छ ।

- बिभिन्न सञ्चारका माध्यम ,नागरिक जनचेतना अभियान , छर–छिमेकको देखासेखी, संगतले गर्दा यिनीहरूमा परम्परागत धार्मिक अन्धविश्वास भूतप्रेत, बोक्सीमा विश्वास गर्ने प्रचलनमा केही मात्रामा कमी आएको देखिन्छ ।

- धानुक महिलाहरूमा आएको शैक्षिक चेतनाको कारण महिला समूह गठन गर्ने तथा जाति उत्थानका लागि जागरुक हुनेतर्फ अगाडि बढेको देखिन्छ । र बिगतमा भन्दा अहिले आएर शिक्षाको पहुच ,जनजाति उत्थान केन्द्र , महिला स–शक्तिकरण अभियान , बिभिन्न दातृ सघं संगठनको सहयोले गर्दा महिलाहरु बिकाशिल गतिमा लमकिरहेको देखिन्छ ।

- परम्परागत पेशा कृषिका अलावा श्रमिक, नोकरी, व्यवसाय आदि पेशामा लागेको पाइन्छ । साथै विभिन्न सस्थाहरु को सहयोग द्धारा आधुनिक कृषि प्रणाली , विभिन्न सिपमुलक तालिममा सहभागि भई आफ्नै उधोग ,व्यवसाय सञ्चालन गरेको देखिन्छ ।

- दैनिक अवस्था निम्न रहेको हुदा धानुक जातिहरु विभिन्न सघं– सस्थां, सहकारी, वैंक, व्याजदर आदी वाट ऋणको व्यवस्था गरेको देखिन्छ ।

- वर्तमानको आवश्यकता विगतको कमजोरीपनाको वावजुद धानुकहरुको आर्थिक सथिति अति राम्रो नभएता पनि प्रगति तर्फ लमकिरहेको छ ।

- आफ्नै मौलिक परम्परा , संस्कृति ,रीति–रिवाज ,भाषा ,भेष–भूषा , चाडपर्व हरु आदी लाई जगेर्ना , संम्बद्धर्न गर्दै आईरहेको देखिन्छ ।

- बिगतमा धानुक जातिहरु आफ्नै समुदायमा मात्रा घुलमिल हने यी जातिहरु समाजका अन्य जातिहरु संग पनि घुलमिल र सगंत गर्न थालेको हुनाले यीनिहरुमा सामाजिकरणमा सुध्रिकरण आएको देखिन्छ । बिभिन्न सामुदायिक काममा पनि अग्रसर हुने,महिला तथा पुरुषहरु राजनीतिक सथितिमा सहभागि हुदै आईरहेको देखिन्छ ।

) जनजाति उत्थान् केन्द्र अभियानले जातिय पहिचान लाई संम्बर्द्धन ,असथित्वमा ल्याउने प्रकरण बढेको ले यी जाति पनि कला , सस्कृति , भाषा आदीलाई पहिचानमा ल्याउन लागि परिरहेको देखिन्छ ।

## स                    ची


अधिकारी, छवि (२०५५), **गोरखापत्र**                    ा ९८, २०५५ पौष २९, गोरखापत्र संस्थान, काठमाडौं ।

अधिकारी, रेशराज (२०६९), **नेपाली समाज र संस्कृति,** काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, दीक्षित नरेन्द्रमणि (२०३३), **अंग्रेजी, नेपाली साझा संक्षिप्त शब्दकोश,** काठमाडौँ,  साझा प्रकाशन ।

आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान (२०६८), जावलाखेल, **हाते बुलेटिन** ,जनजाति राष्ट्रिय प्रतिष्ठान ।

केन्द्रीय तथ्याङ्क विभाग(२०६८) झापा जिल्ला वस्तुगत विवरण , **नेपाल सरकार, राष्ट्रिय योजना आयोगको सचिवालय,** केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग(२०६८),रार्षट्रिय जनगणना ,काठमाडौं , केन्द्रीय तथ्याङ्क विभाग ।

केन्द्रीय तथ्याङ्क विभाग(२०६८), , स्टाटिकल पकेट वुक्स , काठमाडौं ,केन्द्रीय तथ्याङ्क विभाग ।

गुरुङ्ग, हर्क (२००१), **नेपालको जनगणनामा धर्म सम्बन्धी तथ्याङ्क, काठमाडौं, आदिवासी जनजाति महासंघ** ।

गौतम, राजेश र अशोक कुमार थापामगर (सन् १९९४), **ट्राइबल इथनोग्राफी अफ नेपाल,** न्यू दिल्ली ,बुक फेथ इन्डिया ।

**गोरखापत्र** (२०७१), **आफ्नै पनमा रमाएको धानुक जाति**, लेख (पुस ५ गते पेज 'ख') , गोरखापत्र ।

चौधरी, लेखनाथ (२०५५), **थारु जातिको सामाजिक, सांस्कृतिक अध्ययन**, काठमाडौँ : सरीता प्रकाशन ।

चौलागाई, शुक्रराज (२०६३), **पहिच ुख जनजातिबारे एक अध्ययन**, बाँके प्रकाशक सहयात्रा नेपाल ।

जोशी, हरिराम (२०३०), **नेपालको प्राचिन अभिलेख,**काठमाडौं,**नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान** ।

दास, प्रभाकरलाल (२०७०), **नेपालको ग्रामिण समाजशास्त्र,**काठमाडौं , आनन्द विक्रम बाबु सन्स, चौथो संस्करण ।

नेपाल दक्षिण एसिया केन्द्र (१९९८) ,काठमाडौं , **नेपाल मानविय विकास प्रतिवेदन**, नेपाल दक्षिण एसिया केन्द्र ।

राष्ट्रिय जनजाति विकास समिति (२०६७), काठमाडौँ , **नेपालका जनजातिहरु** , स्थानीय विकास मंत्रालय राष्ट्रिय जनजाति विकास समिति ।

**नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघ (२०६९)**, काठमाडौं , **आदिवासी सवाल**, नेपाल आदिवासी जनजाति विद्यार्थी महासंघ ।

**नेपालको धर्म महासम्मेलन** (२०६८), काठमाडौँ , सुन्दर शुसील प्रकाशन, प्रा.लि. ।

न्यौपाने, गोविन्द (२०६८), काठमाडौँ , **नेपालको जातिय प्रश्न, सामाजिक बनोट र साझेदारीको सम्झना,** सेन्टर फर डेभलपमेन्ट स्टडिज ।

न्यौपाने, गोविन्द (१९६९), काठमाडौँ , **सामाजिक विकासको विवेचना**, नेपालको सामाजिक विकासको सिंहावलोकन र विश्लेषण, सेन्टर फर डेभलपमेन्ट स्टडिज ।

पाण्डे, मधुसुदन (२०६०), **नेपालमा जनजातिहरु,** काठमाडौँ : पैरवी प्रकाशन, नेपाल ।

पाण्डे, रामकुमार (२०४२), **नेपाल परिचय मूलग्रन्थ**, ललितपुर : विद्या पुस्तक भण्डार ।

विष्ट, डोर बहादुर (२०३०), **सबै जातको फूलवारी,** काठमाडौँ : साझा प्रकाशन ।

.............. (१९७४), **"पिपुल अफ ने"** काठमाडौँ : रत्न पुस्तक भण्डार ।

भट्टचन, कृष्णबहादुर (२०६८ क), क **ापाली समाजमा लैङ्गिक विभेद**, धार्मिक परम्परा र सामाजिक संरचनाको तुलनात्मक चर्चा , साझा प्रकाशन ।

भट्टचन कृष्णबहादुर (२०६८ ख), **स्थानीय स्वायत्त शासन विधेयकमा आदिवासी एक आलोचनात्मक समीक्षा**, काठमाडौँ, जनजाति वर्ष १, अंक १-२, फागुन २०६७, असार २०६८, राष्ट्रिय जनजाति समिति ।

भण्डारी, ढुण्डिराज (२०४६), **नेपालको उद्भव तथा विकासको विश्लेषणात्मक इतिहास**, काठमाडौँ , प्रकाश प्रकाशन ।

भट्टचन, कृष्णबहादुर (२०६७), **नेपालका विभिन्न जनजातिहरु तीनको भाषा, धर्म र संस्कृति**, जनजाति (बर्ष २, अंक १, पूर्णाङ्क ३) ।

भट्टराई, ज्ञानेश्वर (२०७०), **बृहत ज्ञानकोश,** बागबजार, काठमाडौँ : आशिष पुस्तक भण्डार ।

मण्डल, मुक्तिनाथ (२०६८), **धानुक दर्पण, नेपाल धानुक समाज**, काठमाडौँ,आदीवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ।

मण्डल, मुक्तिनाथ (२०६९), **धानुक जाति एक संक्षिप्त परिचय**, जावलाखेल, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान ।

मुकारुङ्ग, बुलु (२०६९), **हाम्रो जाति हाम्रो थर,**काठमाडौं राष्ट्रिय पुस्तकालय ।

**राष्ट्रिय जनजाति विकास समिति**, अनामनगर, काठमाडौँ, अन्तर्राष्ट्रिय मञ्च (बर्ष २०, अंक ११, भाद्र) ।

**सुचना तथा संचार मन्त्रालय,** मेचीदेखी महाकाली सम्म(२०३१),काठमाडौं,सुचना तथा संचार मन्त्रालय ।

सुब्बा, चैतन्य (२०६८), **नेपालको सामाजिक संरचना र सांस्कृतिक सम्बर्द्धनको सवाल**, काठमाडौँ , जनजाति वर्ष ; १-२, फागुन, २०६८ असार २०६९, राष्ट्रिय जनजाति विकास र

शर्मा, सरस्वती (२०६९), **सोनामाई गाउँ विकास समितिका धानुक जाति एक अध्ययन**, कीर्तिपुर ,इतिहास केन्द्रिय विभाग ।

शर्मा, जनकलाल (२०६९) **हाम्रो समाज एक अध्ययन**, काठमाडौँ : साझा प्रकाशन ।

राष्ट्रिय मासिक,**हाम्रो सम्पदा**, (वर्ष ७, अंक ८, २०६८ पौष), राष्ट्रिय मासिक ।